CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ को सरकार

थुकी



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

बुकी

श्री ५ को सरकार
शि.शा. पुस्तकालय
२०२१०

(नेपाली साहित्यकार सम्पर्क समिति
बाग्लुङको मुखपत्र)

याम प्रथम

गुच्छा एक

ने. ७०१

आश्विन विजया दशमी

सम्पादक –बालकृष्ण 'नेभा'

सहसम्पादक–प्रेमप्रसाद 'छोटा'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

891.4909
BH

प्रकाशकः—
नेपाली साहित्यकार सम्पर्क समिति
धवलागिरि अञ्चल,
बागलुङ ।
२०२५

मू–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

०२५ वैशाख ८, नेपाली साहित्यकार सम्पर्क समिति, वाग्लुङको तत्वावधानमा भएको धवलागिरि अंचल स्तरीय साहित्य सेमिनारको साहित्य प्रतियोगितामा गद्य र पद्यमा पुरस्कृत साहित्यिक बन्धुहरू :

[पद्यतिर]

क. सं.	रचना	रचक	स्थान
१.	सृजना मगाःह्र जि छप्वा मत	–श्री हरिप्रसाद श्रेष्ठ	प्रथम ।
२.	एक कबुलियत मसान निवासीलाई	–श्री काजी 'रोशन'	द्वितीय ।
३.	घट्ट	–श्री रणबहादुर श्रेष्ठ	सान्त्वना पुरस्कार प्राप्त ।

[गद्यतिर]

१.	सार्कीदाइ	–श्री विष्णुप्रसाद शेरचन	प्रथम ।
२.	खुशी बेपत्ता भई	–सुश्री चमेली शाक्य	द्वितीय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली साहित्यकार सम्पर्क समिति

धवलागिरि अञ्चल, बाग्लुङ

कार्यकारिणी सदस्यहरूको नामावली

(१) अध्यक्ष :–श्री ॐकारप्रसाद गौचन
(२) उपाध्यक्ष :–श्री देवेन्द्रराज एम. ए.
(३) सचिव :–श्री अकलबहादुर श्रेष्ठ
(४) कोषाध्यक्ष :–श्री लालचन्द्र रा. म.
(५) सदस्य :–श्री वैकुण्ठप्रसाद विजुक्ष (एम. ए. अन्तिम वर्ष)
(६) " :–श्री शास्त्रदत्त पन्त (" ")
(७) " :–श्री मोहनबहादुर मल्ल
(८) " :–श्री बालकृष्ण "नेप्रा" (बी. ए.)
(९) " :–श्री गोविन्दलाल श्रेष्ठ
(१०) " :–श्री शिवकुमार प्रधान
(११) " :–श्री कृष्णप्रसाद "दुःखी"
(१२) " :–श्री प्रेमप्रसाद "छोटा"
(१३) " :–सुश्री गंगादेवी रा. म.
(१४) " :–सुश्री चमेलीकुमारी शाक्य
(१५) " :–श्री शत्रुघ्न श्रेष्ठ

कार्यालय सचिव :–प्रेमप्रसाद "छोटा"

दुखी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

...मा

	–एम. बी. बी. शाह	१
...ढंग	–गोविन्दप्रसाद सिंह	२
...ज्ञा ...छ्वा मत	–हरिप्रसाद श्रेष्ट	३
...ूलयत मसान निवासीलाई	–काजी रोशन	६
५. घट्ट	–रणबहादुर सिंह	९
६. जिब्रोको झंकार	–नरसिंहभक्त तुलाचन	१०
७. शुभ कामना	–लक्ष्मीराज शर्मा पौडेल	११
८. अनिश्चित प्रतीक्षा	–डी. वी शाह	१२
९. जीवन-यात्रा	–मथुरा ॐभारी	१३
१०. नेता तिमी कता ?	–जगतनारायण भारी	१४
११. हृदयको झंकार	–रामजीकुमार 'विकल'	१५
१२. कुकुर	–सूर्यप्रकाश बानिया	१६
१३. एउटा जीवन-गीत	–देवेन्द्रराज	१७
१४. बागलुङमा	–चित्तरञ्जन नेपाली	१८
१५. बागलुङ्ग महिमा	–धर्मरत्न यमि	१९
१६. म कस्तो हुँ ?	–स्व. सूर्यप्रसाद श्रेष्ठ	२०
१७. आऊ, बाँच्न र हाँस्न सिकौं	–शान्तिनारायण श्रेष्ठ	२१
१८. शून्य	–रा. ब. श्रेष्ठ	२३
१९. रक्सी र नीद अति प्रिय...	–दीपककुमार श्रेष्ठ	२५
२०. मुटु व्यथाको व्रण	–प्रेमप्रसाद 'छोटा'	२७
२१. रांकिएको जिन्दगीको...	–गणदेवी रा. भ	३०
२२. यहाँ उजाड कहाँ छ ?	–राममनोहर श्रेष्ठ	३२
२३. तस्वीर	–लालजंग राजभण्डारी	३४
२४. अल्झिएका इतिहास	–मुकुन्द शाक्य	३५
२५. जन्मभूमि स्वदेश नेपाल	–गजेन्द्रकुमार श्रेष्ठ	३७
२६. जीवनको यथार्थवाद	–कृष्णकुमार 'व्यथित'	३९
२७. कुमारी उजाड...	–कुमारी उजाड	४१
२८. एक नेपालीको आफ्नो कुरो	–ॐकारप्रसाद गौचन	४३
२९. विवेकको खोज	–पं. हयगृव पन्त	४५
२०. जिउँदो पागल	–"अबोध"	४७
३१. हिन्दुत्व भित्र	–"किञ्जल्क"	५०
३२. मानिसको छोरो	–टीकाबहादुर मल्ल	५१
३३. म मरेपछि	–वासुदेव शर्मा	५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली साहित्यकार सम्पर्क समिति

धवलागिरि अञ्चल, बाग्लुङ

कार्यकारिणी सदस्यहरूको नामावली

(१) अध्यक्ष :–श्री ॐकारप्रसाद गौचन
(२) उपाध्यक्ष :–श्री देवेन्द्रराज एम. ए.
(३) सचिव :–श्री अकलबहादुर श्रेष्ठ
(४) कोषाध्यक्ष :–श्री लालचन्द्र रा. भ.
(५) सदस्य :–श्री वैकुण्ठप्रसाद विजुक्षे (एम. ए. अन्तिम वर्ष)
(६) " :–श्री शास्त्रदत्त पन्त (" ")
(७) " :–श्री मोहनबहादुर मल्ल
(८) " :–श्री बालकृष्ण "नेभा" (बी. ए.)
(९) " :–श्री गोविन्दलाल श्रेष्ठ
(१०) " :–श्री शिवकुमार प्रधान
(११) " :–श्री कृष्णप्रसाद "दुःखी"
(१२) " :–श्री प्रेमप्रसाद "छोटा"
(१३) " :–सुश्री गंगादेवी रा. भ.
(१४) " :–सुश्री चमेलीकुमारी शाक्य
(१५) " :–श्री शत्रुघ्न श्रेष्ठ

कार्यालय सचिव :–प्रेमप्रसाद "छोटा"

दुखी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

...ूमा

	–एम. बी. बी. शाह	१
	–गोविन्दप्रसाद सिंह	२
...ढंग ...त्मा ...छ वा मत	–हरिप्रसाद श्रेष्ट	३
...ुालयत मसान निवासीलाई	–काजी रोशन	६
५. घट्ट	–रणवहादुर सिंह	९
६. जिब्रोको झंकार	–नरसिंहभक्त तुलाचन	१०
७. शुभ कामना	–लक्ष्मीराज शर्मा पौडेल	११
८. अनिश्चित प्रतीक्षा	–डी. वी शाह	१२
९. जीवन-यात्रा	–मथुरा ॐभारी	१३
१०. नेता तिमी कता ?	–जगतनारायण भारी	१४
११. हृदयको झंकार	–रामजीकुमार 'विकल'	१५
१२. कुकुर	–सूर्यप्रकाश वानिया	१६
१३. एउटा जीवन-गीत	–देवेन्द्रराज	१७
१४. वागलुङमा	–चित्तरञ्जन नेपाली	१८
१५. वागलुङ्ग महिमा	–धर्मरत्न यमि	१९
१६. म कस्तो हुँ ?	–स्व. सूर्यप्रसाद श्रेष्ठ	२०
१७. आऊ, वाँच्न र हाँस्न सिकौं	–शान्तिनारायण श्रेष्ठ	२१
१८. शून्य	–रा. ब. श्रेष्ठ	२३
१९. रक्सी र नीद अति प्रिय...	–दीपककुमार श्रेष्ठ	२५
२०. मुटु व्यथाको व्रण	–प्रेमप्रसाद 'छोटा'	२७
२१. राकिएको जिन्दगीको...	–गणदेवी रा. भ	३०
२२. यहाँ उजाड कहाँ छ ?	–राममनोहर श्रेष्ठ	३२
२३. तस्वीर	–लालजंग राजभण्डारी	३४
२४. अल्झिएका इतिहास	–मुकुन्द शाक्य	३५
२५. जन्मभूमि स्वदेश नेपाल	–गजेन्द्रकुमार श्रेष्ठ	३७
२६. जीवनको यथार्थवाद	–कृष्णकुमार 'व्यथित'	३९
२७. कुमारी उजाड...	–कुमारी उजाड	४१
२८. एक नेपालीको आफ्नो कुरो	–ॐकारप्रसाद गौचन	४३
२९. विवेकको खोज	–पं. हयगृव पन्त	४५
२०. जिउँदो पागल	–"अबोध"	४७
३१. हिन्दुत्व भित्र	–"किञ्जल्क"	५०
३२. मानिसको छोरो	–टीकाबहादुर मल्ल	५१
३३. म मरेपछि	–वासुदेव शर्मा	५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लघु कथा

१. धुंवाको घेराभित्र
२. फक्रेको फूल —कुल...
३. सुणी बेपत्ता भई —सुश्री ... शो... मा...
४. म किन भिडिन ? —शास्त्रदत्त पन्त
५. ? —कृष्णप्रसाद 'दुःखी' ७३
६. हाम्रो एकोहोरिएको जीवन —शत्रुघ्न श्रेष्ठ ७८
७. धोको —मुक्तिनरसिंह राजभण्डारी ८४
८. वाक्दान —दीपबहादुर खँडका ९१
९. तक्मा —गोविन्दलाल श्रेष्ठ ९७

प्रवन्ध

१. कोइरालो —टङ्कनाथ शर्मा १०२
२. कल्पना —मँगला श्रेष्ठ १०४

एकांकी

नालापानीमा वीर बलभद्र —वैकुण्ठप्रसाद विजुक्छे १३६

निवन्ध

१. कुखुराको भालेसित —वालकृष्ण 'नेभा' ११५
२. सार्कीदाइ —विष्णुप्रसाद शेरचन्द १२४
३. जीवन संग्राम —डा. भूपेन्द्र खडका १२७
४. बसंतप्रति —प्रकाश गौचन १३०
५. गरीवप्रति मेरो गुनासो —सूर्यनाथ सापकोटा १३४
६. जीवन रेखा -ईश्वरकुमार श्रेष्ठ १३७
७. प्रेम -हरिहर श्रेष्ठ १४०

जीवनी

प्रिन्स क्रोपाटकिन —अनु. हरिप्रसाद प्रधान १४५

आलोचना

१. शिरीषको फूल—एक अध्ययन —हरि वंदी १४८
२. हाम्रा दुइ कथाकारका... —ठाकुरप्रसाद पराजुली १५०

विविध

१. नेपाली साहित्यकार सम्पर्क समिति, बाग्लुङ्गबाट भएको अञ्चलव्यापी साहित्य प्रतियोगिताको परिणाम— ग
२. नेपाली साहित्यकार सम्पर्क समिति, बाग्लुङ्गका सदस्यहरूको नामावली घ
३. सम्पादकीय ङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

ठंग

भन्न कर लागेको

एक हिसाबले विचार गरी ल्याउदा मानव जातिको आजसम्मको इतिहासलाई पृथ्वीमा एउटै मान्छे बाँचेसम्म 'वाटर प्रूफ' 'फायर प्रूफ' मदुसभित्र बन्द गरेर ज्यूं का त्यूं राखी छोड्न मन लाग्छ भने अर्को हिसाबले विचार गर्दा मानव–जातिको इतिहासलाई बिल्कुलै पुछेर मेटिदिन पनि मन लाग्छ । इतिहासलाई भित्रका अनेक ववण्डर र कोलाहल छिचोलेर आजको युगमा आइपुग्दा इतिहासभरि नै यो युग सबभन्दा अशान्त, अस्त–व्यस्त र आतंकित युगको रूपमा देखा पर्दछ । दुइ–दुइ वटा विश्वयुद्धि भै सकेर पनि अझै तेस्रो विश्वयुद्ध हुने संभावना भएको यो युग हो ।

"यो देवता मरी सकेको युग हो ।"–निश्मे

"यहाँ मानवले मानवलाई मानव ठान्दैन ।"–देवकोटा

"यहाँ मान्छेको बस्तीमा मान्छे पाईंदैन ।"–तुलसी दिवस

निराशा र विवशतारूपी सर्पले उसलाई संधैं डसी रहेछन्, ठुंगी रहेछन् । कष्ट, पीडा र आपत्तिका अरिङ्गालहरूले उसको टाउको, छाती र पेटमा टोकी–टोकी उसलाई विह्वल पारेका छन् । पीडा र क्षोभले रन्थनिएको मान्छे ! –आत्महत्या गर्न के बेर ? शान्तिका लागि छट्पटिएको मान्छेले मृत्यु स्वीकार्न के बेर ? तर होइन–मृत्युमा शान्ति छैन, किन कि मृत्युमा भएको शान्ति–शान्ति नै होइन । मृत्यु सुनसान र चकमन्न छ । त्यो एउटा यस्तो शून्य हो, जहाँ कसैको पनि अस्तित्व छैन । त्यहाँको शून्यभित्रको शान्ति उपनिषद्को मोक्ष होइन बुद्धको निर्वाण होइन ।

आजका साहित्यिकहरूले आफू बाँचेको युगको मर्मलाई बुझ्नुपरेको छ । टी. एस्. इलियटका बाँझो भूमिका निस्पन्द खोक्रा मान्छेहरूलाई ऐतिहासिक चेतना पिलाएर बाँच्न सिकाउनुपरेको छ, यिनीहरूलाई आत्महत्या नगर्न भन्न परेको छ–बडो सशक्त, तीव्र औ बुलन्द आवाजले; पच्चिय सय वर्षपहिले भगवान् बुद्धले संसार दुःखमय छ भन्दै–'दुःखं अरिय सच्चं' भनेर गएको

वुकी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा बोध गराउनुपरेको छ; ...
अर्जनलाई 'मामनुस्मर युध्य च' भने ... कु...
पनि सामना गर भन्नुपरेको छ ।

"......हामी सबैले मिली भोक गरीबी, अज्ञान, बेइमानी, असम्मान जस्ता शत्रुहरूलाई जित्नैपरेको छ ।"

–श्री ५ महेन्द्र,

२०२१, पौष ३०–

यी कुराहरू हेर्दा हामीलाई भन्न कर लाग्छ–मान्छेले यहाँ आफ्नो जीवनमा मधुर अथवा कटु–जे देखेको छ जे अनुभव गरेको छ, तथा जे जति विचार एवं महसूस गरेको छ–त्यसको सूक्ष्म अभिलेख नै साहित्य हो। यसरी हामी साहित्यलाई 'भाषाको माध्यमद्वारा जीवनको अभिव्यक्त भन्न सक्छौ–हडशन ठीकै यो कुरा भन्छन् । मानव जीवनको यही सत्यलाई, जीवनको यही यथार्थतालाई मानव मात्रको अगाडि सारेर त्यस (यथार्थता) लाई मानव–हृदयमा प्रभावशाली पार्नु, त्यस (सत्य द्वारा त्यस (मानव) मा पशुत्वको अंश–अहं भाव–निकालेर सच्चा मनुष्यत्व र विश्वबन्धुत्वको भाव प्रतिष्ठित गर्दै र त्यस (मानव) लाई मोहित पार्दै संसारका अन्य कुनै पदार्थले दिन नसक्ने आनन्दको अनुभूति दिनसक्नु नै वास्तवमा सत् साहित्य हो–भन्नमा शायद अत्युक्ति हुनेछैन ।

साहित्यको यही महान् उद्देश्यको अनुरूप हाम्रा यस अञ्चलका नवोदित कवि लेखकहरूले यस "बुकी" को माध्यमद्वारा देनको रूपमा अलिकति मात्र भए पनि केही दिन सके हामी गौरवान्वित हुनेछौं ।

हिमालयको चिसो स्याँठ चल्ने बुक्यानै सही–अरू विभिन्न प्रकारका फूलहरू सहित बुक्यानमा सस्तै बुकी फुलेका हुन्छन् । हामीसित अरू थोक केही छैन, तर नजीकै धवलागिरि छ, अनौठा भावना दिने अग्ला–अग्ला पहाडहरू छन्, बुक्यानहरू छन्, लेकहरू, वन वूताहरू खोला–नालाहरू, छहराहरू र चराहरू सस्तै छन्–यी नै चीज हाम्रा भावनाका श्रोत हुन् ।

दोहरिएको नसम्झियोस्, "बुकी"–यो सहरमा फुल्ने फूल होइन । यो फुल्ने फूल हो–बाटो घाटो नभएको विकट र दुर्गम अञ्चलमा–सभ्य समाज देखि लुकेर, छिपेर । हुनसक्छ यसमा तपाईंहरू शहरमा फुल्ने फूलमा जस्तो सौन्दर्य पाउन सक्नु होओइन, अनि हुनसक्छ वासना पनि । तर प्रत्येक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...हपूर्ण दृष्टि पाउन सक्छ, त्यसरी ... ले पनि तपाईंहरूबाट त्यस्तै स्नेह-...शा छ ।

...ठकहरूका सामु नेपाली साहित्यकार सम्पर्क समिति, ... मार्फत् ... थम वार बुक्यानका फलको एक गुच्छा–'बुकी' को रूपमा उपहार चढाएका छौं । बुक्यानको साधारण "बुकी !" प्रथम प्रयास !! पाठकहरूको तीव्र सहानुभूति नपाए "बुकी' शायद के हुन्छ के......!

अन्ततः बुकीको मूलभूत उद्देश्य हो– अञ्चल स्तरीय साहित्यमा युगानुकूल गति दिनु अो त्यसको सक्दो प्रतिनिधित्व गर्नु । यस दुरूह र कठिन कार्यमा प्रिय पाठकहरू संग हामी सहयोगको भीख माग्दछौं र माग्दै जानेछौं । यस पत्रिकाको प्रकाशनार्थ मिरमिरे साहित्यिक युवा समितिका अध्यक्ष श्री काजी रोशनजीले गर्नुभएको तत्परतालाई हामी धन्यवाद दिन्छौं । शिवमस्तु

धन्यवाद !

—सम्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं

नेपालबाट प्रकाशित पुस्तकहरू

१। नेपाल उपत्यकाको मध्यकालीन इतिहास	—सूर्यविक्रम ज्ञवाली	८।
२। चीन र त्यससित नेपालको सम्बन्ध	—निरंजन शर्मा	६।
३। विज्ञानका कुरा	—डिल्लीराज शर्मा	२।७५
४। प्रेम, विवाह औ विज्ञान	—सरोजकुमार शाक्य	६।२५
५। बँदेल पालन	—गङ्गाविक्रम सिजापति	४।६०
६। नेपालमा फलफूल बगैंचा	—सत्यलाल रंजितकार	२।६५
७। केही कविता	—वासु शशी	१।५०
८। इन्द्रेनी	—मधुकरी कर्माचार्य	१।००
९। छायाँ	—भवानी भिक्षु	५।२०
१०। प्रकाश	—ऐ	५।४०
११। परिष्कार	—ऐ	६।७५
१२। कोपिला	—सिद्धिचरण श्रेष्ठ	३।८५
१३। यौटा यस्तो फूल चाहिन्छ	—वासु शशी	११।४५
१४। उर्वशी	—सिद्धिचरण श्रेष्ठ	४।२५
१५। राजेश्वरी	—माधवप्रसाद घिमिरे	४।२५
१६। आँखीझ्याल	—पोषण पाण्डे	२।५०
१७। देवता	—कृष्णवम मल्ल	१।४०
१८। मैयाँ साहेब	—भवानी भिक्षु	९।००
१९। गुनकेशरी	—ऐ	९।००
२०। खँरिनीघाट	—शंकर कोइराला	१।७५
२१। गोरा	—अनु: ऋद्धिबहादुर मल्ल	१३।००
२२। देवदास	—अनु: सावित्री सिलवाल	२।२५
२३। डुङ्गा पल्टयो	—अनु: ऋद्धिबहादुर मल्ल	६।७५

[बुकी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

…ग	—अनुः फणीन्द्रप्रसाद	४।५०
…ाकन	—बद्रीनाथ भट्टराई	२।२५
…ठ ग…	—केशवराज पिंडाली	२।२५
…ानी	—अनुः देवेन्द्रराज अर्जेल	५।००
…। चूयां	—ऐ	५।००
२९। ओथेलो	—अनुः पुष्करशम्शेर ज. ब. रा	३।६७
३०। चार एकांकी	—बालकृष्ण सम	१।१५
३१। भर्तृहरि निर्वेद	—अनुः लेखनाथ पौड्याल	२।४०
३२। बान्ह्रौं रात	—अनुः उद्दीपसिंह थापा	३।५०
३३। जनताको शत्रु	—अनुः आनन्ददेव भट्ट	४।२५
३४। अभिज्ञान शाकुन्तल	—अनुः लेखनाथ पौड्याल	६।५०
३५। आधुनिक नेपाली साहित्यको झलक	—रत्नध्वज जोशी	१०।
३६। रघुवंश	—अनुः कोमलनाथ अधिकारी	१०।५०
३७। किरातार्जुनीय	—अनुः गोविन्द शर्मा 'विमल'	२।२५
३८। नैषधीय चरित	—अनुः कोमलनाथ अधिकारी	१७।२५
३९। साहित्य प्रदीप	—सोमनाथ शर्मा	१२।००
४०। राघवालङ्कार	—कुलचन्द्र गौतम	९।००
४१। नेपाली शब्दकोष	—बालचन्द्र शर्मा	५०।
४२। लिम्बु—नेपाली अँग्रेजी शब्दकोष	—ईमानसिंह चेमजोङ	१०।
४३। पारेघर्तीको पुरुषार्थ	—अनुः सूर्यविक्रम ज्ञवाली	३।७५
४४। जीवन स्मृति	—अनुः माधवलाल कर्माचार्य	५।७५
४५। कथं कथा	—गोविन्दबहादुर मल्ल 'गोठाले'	५।
४६। प्रतिसंस्कृता सिद्धान्तकौमुदी	—सोमनाथ शर्मा	२९।५०
४७। तन्त्रशास्त्र	—धनशम्शेर ज. ब. रा.	२।७५
४८। पार्लियामेण्ट र सल्लाहकार सभा	—ढुण्डिराज शर्मा	१०।००
४९। नेपाली जन साहित्य	—काजीमान कन्दङवा	२।००
५०। जोसमनी सन्त साहित्य र परंपरा	—जनकलाल शर्मा	१२।५०
५१। किराती दन्त्यकथा	—ईमानसिंह चेमजोङ	२।००
५२। न्याय—प्रकाश	—हेरम्बराज	१।४०
५३। स्पेनको संझना	—लैनसिंह बाङ्देल	३।००

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमा

नेपालबाट प्रकाशित पुस्तकहरू

१।	नेपाल उपत्यकाको मध्यकालीन इतिहास	—सूर्यविक्रम ज्ञवाली	८।
२।	चीन र त्यससित नेपालको सम्बन्ध	—निरंजन शर्मा	६।
३।	विज्ञानका कुरा	—डिल्लीराज शर्मा	२।७५
४।	प्रेम, विवाह ओ विज्ञान	—सरोजकुमार शादव	६।२५
५।	बँदेल पालन	—गङ्गाविक्रम सिजापति	४।६०
६।	नेपालमा फलफूल बगँचा	—सत्यलाल रंजितकार	२।६५
७।	केही कविता	—वासु शशी	१।५०
८।	इन्द्रेनी	—मधुकरी कर्माचार्य	१।००
९।	छायाँ	—भवानी भिक्षु	५।२०
१०।	प्रकाश	—ऐ	५।४०
११।	परिष्कार	—ऐ	६।७५
१२।	कोपिला	—सिद्धिचरण श्रेष्ठ	३।८५
१३।	यौटा यस्तो फूल चाहिन्छ	—वासु शशी	११।४५
१४।	उर्वशी	—सिद्धिचरण श्रेष्ठ	४।२५
१५।	राजेश्वरी	—माधवप्रसाद घिमिरे	४।२५
१६।	आँखीझ्याल	—पोषण पाण्डे	२।५०
१७।	देवता	—कृष्णबम मल्ल	१।४०
१८।	मैयाँ साहेब	—भवानी भिक्षु	९।००
१९।	गुनकेशरी	—ऐ	९।००
२०।	खैरिनीघाट	—शंकर कोइराला	१।७५
२१।	गोरा	—अनु: ऋद्धिबहादुर मल्ल	१३।००
२२।	देवदास	—अनु: सावित्री सिलवाल	२।२५
२३।	डुङ्गा पल्टयो	—अनु: ऋद्धिबहादुर मल्ल	६।७५

[बुकी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

	–अनु: फणीन्द्रप्रसाद	४।५०
...कन	–बद्रीनाथ भट्टराई	२।२५
... ठ ग...	–केशवराज पिंडाली	२।२५
...ानी	–अनु: देवेन्द्रराज अर्जेल	५।००
...। चूयां	–ऐ	५।००
२९। ओथेलो	–अनु: पुष्करशम्शेर ज. ब. रा	३।६७
३०। चार एकांकी	–बालकृष्ण सम	१।१५
३१। भर्तृहरि निर्वेद	–अनु: लेखनाथ पौड्याल	२।४०
३२। बाल्हौं रात	–अनु: उद्दीपसिंह थापा	३।५०
३३। जनताको शत्रु	–अनु: आनन्ददेव भट्ट	४।२५
३४। अभिज्ञान शाकुन्तल	–अनु: लेखनाथ पौड्याल	६।५०
३५। आधुनिक नेपाली साहित्यको झलक	–रत्नध्वज जोशी	१०।
३६। रघुवंश	–अनु: कोमलनाथ अधिकारी	१०।५०
३७। किरातार्जुनीय	–अनु: गोविन्द शर्मा 'विमल'	२।२५
३८। नैषधीय चरित	–अनु: कोमलनाथ अधिकारी	१७।२५
३९। साहित्य प्रदीप	–सोमनाथ शर्मा	१२।००
४०। राघवालङ्कार	–कुलचन्द्र गौतम	९।००
४१। नेपाली शब्दकोष	–बालचन्द्र शर्मा	५०।
४२। लिम्बु—नेपाली अँग्रेजी शब्दकोष	–ईमानसिंह चेमजोङ	१०।
४३। पारेघर्तीको पुरुषार्थ	–अनु: सूर्यविक्रम ज्ञवाली	३।७५
४४। जीवन स्मृति	–अनु: माधवलाल कर्माचार्य	५।७५
४५। कथं कथा	–गोविन्दबहादुर मल्ल 'गोठाले'	५।
४६। प्रतिसंस्कृता सिद्धान्तकौमुदी	–सोमनाथ शर्मा	२९।५०
४७। तन्त्रशास्त्र	–धनशम्शेर ज. ब. रा.	२।७५
४८। पार्लियामेण्ट र सल्लाहकार सभा	–ढुण्डिराज शर्मा	१०।००
४९। नेपाली जन साहित्य	–काजीमान कन्दङवा	२।००
५०। जोसमनी सन्त साहित्य र परंपरा	–जनकलाल शर्मा	१२।५०
५१। किराती दन्त्यकथा	–ईमानसिंह चेमजोङ	२।००
५२। न्याय–प्रकाश	–हेरम्बराज	१।४०
५३। स्पेनको संज्ञना	–लैनसिंह बाङ्देल	३।००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५४। तलमाथि

५५। मेरो कविताको आराधन

५६। तीन नाटक

५७। तबला बोध —प्रा०

५८। शेष प्रश्न —अनु: ऋद्धिबहादुर मल्ल

५९। समर्पण र प्राप्ति —तोयनिधि पौडेल १३।१०

६०। भूगोल शिक्षण विधि —यदुनन्दन के. सी. ३।१५

६१। श्रावर्त —भवानी भिक्षु ७।१०

६२। स्याउको रुख —अनु: लैनसिंह बाङ्देल २।६५

६३। मत्स्य विज्ञान —गंगाविक्रम सिजापति तथा रोहितबहादुर थापा ६।७०

६४। नाट्रे डचामको कुम्भे —अनु: ऋद्धिबहादुर मल्ल १०।७५

६५। तीन नीति —अनु: विश्वनाथ शर्मा ४।

६६। नेपाली रचना शिल्प —तुलसीप्रसाद ढुङ्ग्याल ६।१५

६७। फार्म इरिगेशन एण्ड वाटर मेनेज्मेन्ट —हुतराम वैद्य २१।२५

६८। परमाणु र मानव समाज —झिल्लीराज उप्रेती ३।६०

बुकी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

अव्यक्त पीडा

–एम. बी. बी. शाह

सल्केको भीत्र तापले-
जिउँदै जलायो के के,
पर्दा पछाडि खामोस्-
दिलमा छ मेरो के के । सल्के०

मुस्लो धुवाँले बन्द छ मुख यो,
आशा छँदै पनि दिल भो खरानी,
पत्थर समाज सामु-
पर्वाह आँसुको के । सल्के०

जिन्दगी पनि भार भै अब,
फेर्छु स्वासमा दुःखकै कहानी
खानी सरी लुकेको,
दिलमा छ मर्म के के । सल्के०

('उसैको लागि' ... बाट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

वाचा

– गोविन्दप्रसाद सिंह
अञ्चलाधीश
धवलागिरि अञ्चल

धवलागिरिको धवल शिखरमा
ज्योति जगमग जाग्यो
पर्दा तमको झट्ट हटाई
आशा नवीन उदायो ॥१॥

"बन नेपाली, मन नेपाल"
वाणी अमर सुनायो;
"सह्माल नेपाल" मन्त्र फुकेर
राष्ट्रिय जोश जगायो ॥२॥

कुना कुनामा देशभरिमा
मन्त्र यही अब पाठ पढौं
देशभक्ति दिलमा भर्दै
वाचा 'बुकी' मा आज गरौं ॥३॥

–❀–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

सृजन। ठंभंगाःम्ह जि छ्प्वाः मत

हरिप्रसाद श्रेष्ठ
बाग्लुंग

(नेपाली साहित्यकार सम्पर्क समिति, बाग्लुङ्गमा भएको अञ्चलव्यापी तृतीय साहित्य सेमिनारमा प्रथम पुरस्कार प्राप्त –संपादक)

पुजा जक याःसां गागु
किगः, स्वां, सिनं दयाः नं
छाय् च्याकुगु ज्वो थ्व मत ?
मती थ्व खं बारंबार लुयावइ
थन सूर्यया जः मवःगु मखु
थ्व नीगूगु सदी
थ्व विज्ञानया युगे
बिजुलि मत झः झः धाःथाय्
थ्व मत छाय् च्याकुगु जुइ ?
धापू छगू दु
"सूर्यःयात मत केनेगु"
रहस्य दं थुकी अवश्य
थन अन्धकार सुलाच्वंगु दै
तिमिला थिसा नं
हाकुगु सुपाँचं त्वपुगु जुइ
निशायो राज जुई
थन सामन्त व शोषक दं
थन अन्याय व अत्याचार
सुला च्वंगु दै
व निरपराधी तयत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri.Funding: MIDF

सिह्म मनूया
ध्वलं, गिद्धं व खिचां
लुत्तु लुयाः नइपीं दयाः
थन मत च्याकगु जुइ
जि छु च्यायलाइ
का थन मखुयें जुई त्यनका
थन अज्ञान व मूकतयगु छ्यलय्
दबुली सरी
प्याखं ल्हुय् मखनिन
न्ह्यपु नय् मखनिन
बोदिसंयें ही त्वने मखनिन
का थ्वंत स्याना छ्व धकाः मखा जुइ
जि मत च्यायवं
काकाचा, की इत्यादि वया स्याय्त स्वइ
केवल गंगु इताः जफ जूसां
च्याय् मलायवं सिना वनि धाय्
जि व मत खः
थःगु आकृति क्यने मलाह्य
थःगु शक्ति ब्वय् मगाःह्य
हुं शशि थें
अथेनं छ्वेका वय् जि सुइगुं पपु
सुइगुं ल्हाः तुति हे
हानं चाः चाः हयू वइ
जितः स्याय्त
नेगेतिव व पोजेतिव ल्वाकेवं
फ्यूज वं थें जि मखु
सी त्यंगु मि थी थें नं जि मखु
जि सीत चिकं सुकेमाः
अथवा
इताः फुकेमाः
थन अन्धकार हय्त

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

...त्कार यायत
...अथवा
...ठंगः ...मः
बिजुली नन्याना मनां कयमाः
इगिदिगी संके फंमखु सुनानं
जित: स्यायत ला छु ?
स्यायतक नं फं मखुत
भक्त ध्रुवयायें भक्ति धाय् वा
शक्ति हे
ध्रुवलोक जि हय् मानी
एटम बम व हाइड्रोजन बम
ह्लयाक्व हे तःछ्यासां
मानो वाग्मती व विष्णुमती थें
हि खुसि बाः वःसां
थन अन्यायीतयत
शोषक तयत
तय् हे मखु
सुला सुला च्वंपि
छह्म छह्म वतले
हुं ब्रह्मपासं चिना हयमानी
व अपराधीतयत
देशे (विश्वय्)
ब्वय् हयमानो
जि मत च्याना
हुं ध्रुव नगु थो थें
युगां युग
थन तुयुजः हयमानी
जि अगें सी मखुनी
चिक नं फुचाःगु इताः
जि नकतिनो च्याना च्वना
जि बांलाक च्याय् मगानी
जि दन वन च्याय् मानी
सृजना मगाःह्म जि छ्य्वाः मत
मानो धर्ती छ्वःयें
जि हुरु हुरु च्याय् मानी…च्याय् मानी

—*—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

एक कबुलियत मसान निवासीला...

–काजी रोशन

(ने. सा. सं समिति बाग्लुङ्गमा भएको धवलागिरि अञ्चलव्यापी तृतीय साहित्य सेमिनारमा द्वितीय पुरस्कार प्राप्त–संपादक)

छाम्न आऊ!
मेरा स्पर्शहरू
मरेका छन् कि? जल्दो चिरागले-
भुट्भुटिएका छन्
हात लगाऊ मेरो छातीमा
अनि गन प्रत्येक सेकेण्डमा
कति पटक ढुक्ढुकिदोरहेछ ।
मभित्र एउटा ज्यूदो मान्छे छ;
ढोकामा टांस्सिएका–
विज्ञापनहरू हेर्न–
एउटा भोको लहर बांचेको छ।
प्रत्येक बिहानीको
कु कु ली कां!- ले
मेरो जीवनलाई हांक दिन्छ,
ब्यूंझाई दिन्छ,
यहां मलाई लड्नु छंन-
मरेकाहरूसंग।
अस्थिसंग ।
अनि बालुवासंग
तर–

[बुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...सँग
...यो चीलसंग,
...लो डाङ्ग्रेलाई
ठुंगा ठुंगी
आफ्नो युगानुयुगको
भुंडी भर्छ
एउटा बिरालो जसले–
मूसाको हुललाई एक एक गरी
सखाप पार्छ ।
आऊ ए डाङ्ग्रे र मूसा हो!
अनि ए निर्बलियाहरू हो!
अब जमात बसौं–
आफ्नै गुंडमा
आफ्नै वर्ग लिएर।
श्यालले कुखुरा लगेको-
प्रत्येक दृश्यले
मेरो हृदयबाट धारा छुट्छ ।
मैले सुनेको छु–
समुद्रमा ठूलो माछाले
सानो माछालाई खाएको कहानी
तर त्यो के आश्चर्य भयो,
किन कि–
यहां दिउँसै उज्यालोमा
सानोलाई ठूलाले निल्छ।
अब यी रक्त पिएर बांच्नेहरूलाई
सखाप पारौं;
किनभने, कमिलाले
एक एक गरी एक धार्नी चिनी
समाप्त गरेको मैले देखेको छु,
एक एक माहुरीको हूलले
जम्मा गरेको

वृकी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri.Funding: MIDF

मह मल

साँच्चै म नयाँ

निहुरिरहने,

म यो मेरो स्वयम्वरको दिन हो

अब म जागृतिको टूना जगाई

मृत लाश जगाउँछु

नयाँ नीलो सन्देश बोकेर

मोको तृष्णा मेटाउँछु

यो मेरो कबुलियत हो–

तो मान्छेलाई

श्मशानमा बस्ने निवासीलाई ।

जीवन सबै कलाहरूमा श्रेष्ठ हो: जो राम्रो ढङ्गसँग जिउन जान्दछ, त्यही ठूलो कलाकार हो ।

–महात्मा गान्धी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by Sarayu Trust Funding: MIDF

घट्ट

–रणबहादुर सिंह 'अकेला'

(ने. सा. सं. समिति, बाग्लुङ्गबाट भएको अञ्चलव्यापी तृतीय साहित्य सेमिनारमा सान्त्वना पुरस्कार प्राप्त – सम्पादक)

ढुंगा बोल्यो कसरी ?
–जिउँदो मानिसको फेला पर्दा ।

घट्टसट्ट लटपट्ट,
उठ्ने संधै झटपट्ट,
खाने फेरि मकै भट्ट,
पर्ने सबै चाटचुट्ट चट्ट,
कराई रहने गत न पत,
घुमीघुमी काम गर्ने चौपट्ट,–

ढुंगा बोल्यो कसरी ?
–जिउँदो मानिसको फेला पर्दा ।

–ω–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिभ्रोको झंकार

नरसिंहभक्त तुलाचन 'अथक'

(क. म. स्कूलको सौजन्यतावाट प्राप्त-संपादक)

आँसुको घुट्को
पिएर के गर्छौ ?
ए मुख !
चिताउँदैमा
आउँदैन सुख ।
यदि तिम्रो
बत्तीस दन्ते
घेराभित्र
बसेको जिभ्रोमा
झंकार छैन ······ भने ।

दर्दका तात्पर्य
बताएर के गर्ने ?
ए मुख !
केही कुरा भनिदैमा
चित्त बुझ्दछ र यो युग
जबकि तिम्रो,
फट्कारबाट
निस्केको शब्दमा
अळंकार छैन ······ भने ।।

बागलुङ

।◎।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

शुभकामना

-लक्ष्मीराज शर्मा पौडेल

'बुकी' नामक यो दिव्य–रचना– पत्र पुष्पिका ।
फुल्यो बागलुङको काव्योद्यानमा भई चन्द्रिका ।।

जसको सुज्ञान कान्तिले नाशी अज्ञानको तम ।
दिनेछ शुभ मस्तिष्क सबै मनुजमा अब ।।

टोपी यो शिरमा राखी सबैले पत्र पुष्पिका ।
देखाई बन्धुलाई हामी बिलाऔं ज्ञानदीपिका ।।

बागलुङ

§§§

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

अनिश्चित प्रतीक्षा

–डी० बी० शाह

(क. म. स्कूलको सौजन्यताबाट प्राप्त–सम्पादक)

त्यो आकाशको रमँलो बेला, चम्किरहेका तारा
देखिदन चन्द्रलाई कतै, भयो कि म जस्तै हतास ॥

पूर्णेको रातमा त के औंशीमा पनि देख्यें चन्द्रलाई,
एक टुक्रा बादलले के गऱ्यो कसँले जस्तो मलाई ॥

देखिदन साफ चन्द्र त के भो आखिर त आकाशै बीचमा
पास छैनन् उनी मात्र न हो आखिर छिन् त मुटु बीचमै ॥

त्यसैले–

हट्ला त्यो बादल अवश्य, चन्द्रमा फेरि उदाउला,
पर्खी बसौंला उनीलाई जबसम्म यो जिन्दगी रहला ॥

बागलुङ

–ऋ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization ... Funding: MIDF

जीवन - यात्रा

–मथुरा ॐ भारी

तिमी मेरी मनको मोती हौ ।
मेरी आँखाको ज्योति हौ ।

पूर्णिमाको रात परे
चन्द्र साक्षी राखुँला
भाले बास्ने जोजन परे
सूर्य साक्षी राखुँला,

अनि भनूँला- तिमी मेरी प्रेम-सागर हौ
तिमी मेरी जीवनको छाया हौ
मेरी जीवनसंगिनी साथी हौ ।

औंशीको रात परे
ताराहरू हेरुँला
मनको दियो बाली बाली
दिलको वह पोखुँला,

तिमी हरदम मेरी साथी
स्वप्न गगनमा पनि जीवन साथी

आऊ प्रिये ! शुरू होस्
हाम्रो – जीवन - यात्रा ।

–❦–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेता तिमी कता ?

जगत्नारायण भारी

(वि. म. पुस्तकालय, वागलुंगको सौजन्यबाट प्राप्त—संपादक)

ए नेता तिमी कता ?

जनता भन्छ- यता, यता
आफं भन्छौ - उता - उता
ए नेता !
तिमी कता ?

×

यता, यता भन्दा भन्दै
जान्छौ किन उता-उता
ए नेता ! तिमी कता ?

×

ए नेता! तिमी कता ?
किन भयो तिमी वेपत्ता ?
उता - उता गयौ नेता,
लोभी नेता भयो वेपत्ता
ए नेता ? तिमी कता ?

×

जनताको त्यो हो नेता
हुन्न लोभमा जो बेपत्ता
ए नेता ! आऊ यता!

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

हृदयको झंकार

—रामजीकुमार 'विकल'

आउ प्रिये ! एकपल्ट गला मिलाऔं,
भुलिदेउ न — 'भोलि के होला ?
ताज–महल होइन, हृदय महलको—
म तिमीलाई आफ्नो नूर बनाउंला ।

हेर यी दुई प्यासी हात छन्
होइनन् बेली चमेलीका माला ।
तिमी आए यहां, फूल होइन -
प्रत्येक पाइलामा म नै हुंला ।।

मलाई ताजको नूर होइन,
मलाई हृदयको प्यार चाहिएको छ ।
हांस्ने हांसिरहुन् मलाई यहां-
मेरो दिल रसाउने आंसु चाहिएको छ ।।

मलाई मिलन होइन -'भंवरा र फूलको जस्तो,'
मलाई वियोग चाहिएको छ -'पुतली र बत्तीको जस्तो'
छुट्टै बस्ने चाहना छैन मेरो,–'स्वर्ग कस्तो कस्तो ?'
मेरो निम्ति स्वर्ग-'यो धरतीमन्दा कहीं कहीं सस्तो ।'

बागलुंग

-:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public [...] Gangotri.Funding: MIDF

कुकुर

काम गरेर पनि भोकै बस्नुपर्ने
निर्दोष भएर पनि दोषी हुनुपर्ने
अति गरे पनि सहनुपर्ने
फुटेको कर्म र हारेको जुनी लिएको
तुच्छ जनावर कुकुर हो ।
तर,
गम्भीर दृष्टिले हेरे याद हुन्छ
कि, कुकुर कुकुर होइन,
कर्मवीर हो ।
हेर,
एक पिडो कलोको भरमा
चौबिसै घण्टा पहरा दिने
भोक भुलेर भुकी-भुकी
कर्तव्यमा डटिरहने
कुकुर कुकुर होइन,
कर्मवीर हो ।
उसको तीव्र भुकाइको अगाडि
डाकु डराई जान्छ
चोरको चतुर्याई व्यर्थ हुन्छ
यस्तो बिना वेतनको चौकीदार-
कुकुर-कुकुर होइन,
कर्मवीर हो ।
बरु,
त्यस्तो कर्तव्यपरायण सेवक–
कुकुरको
मूल्याङ्कन गर्न नसक्ने
उल्टै दूर–दूर भन्ने कृतघ्न
मानव मानव होइन,
कुकुर हो ।

पुला भृकुटी टोल

[बुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

एउटा जीवन–गीत

—देवन्द्रराज

के को अट्टहास ? घरी घरी
किन दोहोऱ्याउछौ स्वर्णिम युगको कथा ?
किन आजै ?
प्रेम कथामा बुवँ जिउँदै मर्छन्,
मानो भीम पत्नीको श्राप
त्यसँले प्रेमको थालनी, मृत्यु बसाउन शुरू, गर्छ यहाँ,

यहाँ शीतमा पनि प्रचण्ड गर्मीले मान्छे मारेको—
मारेको समाचार गर्छ प्रकाशित गोरखापत्रले
प्रत्येक दिन जिउँदा—उठूं कि बसूं लाग्छ

बरु एउटा मीठो स्वप्नामा आफूलाई बिर्साउँ लाग्छ,
कति पीडाको उच्छ्वासले बफाएर,
खसीको रौं—तातो पानीले एक एक खोइलाए झैं,
आफूलाई किन खोइलाउं ? लाग्छ;
किन, किन भोक र तिर्खालाई हराउन
आफैलाई नै बिर्साइ दिउँ लाग्छ ।
उस्तै हतासले हार्दै आफूलाई झुण्ड्याएको यो चित्र
ऊ त्यो पीर खप्न नसकी विष पिएको लाश,
भोकको बिरुद्ध लडेका यी शहीदहरू,
यिनको यहाँ सालिक होइन,
यहाँ प्रतिवेदन तयार गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बागलुङ्मा

—चित्तरञ्जन नेपाली

(क. म. स्कूलको सौजन्यबाट—संपादक)

धवलागिरिको धवलता,
गण्डकीको पवित्रता,
जंगली फूलको कोमलता—
व्याप्त,
यस सानु बजार—बागलुङ्मा
आएथें—
एक ठूलो आकांक्षा लिएर,
अग्ला अग्ला डांडा नाघी,
कहालिदो भिरालो ओर्ल्हीं,
हल्लिने पूलमाथि हल्लिदै,
आएथें—
नौलो कुरा हेर्ने आशा लिएर ।
तर... ...
तर, मेरो आशाको विपरीत,
मैले यहां केही पाइन
कुनै कुरा विरानु लागेन
यहां मैले—
कुनै पनि आफूबाट अलग पाइन ।
यसैले,—
जांदैछु, फर्कंदैछु—
एक गन्हुगो छाती लिएर,
संझनाको गहिरो चोट लिएर ।

२०२० बागलुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

बागलुङ महिमा

—धर्मरत्न यमि

(विद्या मन्दिर पुस्तकालय बागलुङको सौजन्यताबाट प्राप्त–संपादक)

हिमाल पग्ली पहाड फोडी बगेको काली छ,
जसको माथि बागलुङ बजार प्रभावशाली छ ।
+
अनेक खानी त्यसै नखनी रोएको सुनिन्छ,
पानीको लागि पंधेर्नीहरू—सुस्केरा हालिन्छ !
+
वीरको भूमि, कविको घर, पश्चिम नेपाल,
त्यसमा पनि क्या राम्रो हेर बागलुङ बजार ।
+
जन र धन मिलेर तन स्कूल बनेछ,
त्यस्तै नै किन बनेन धारा ?–यो एक प्रश्न छ । *
+
जातले ठूला हांकले बडा भएर खानेले,
फट्याईं, झेल्याईं गरेर हिड्ने जान्ने र सुन्नेले ।
+
जाली र स्वांठे भुसतिघ्रे पाखे सबैलाई मेटाई,
देखा लौ पक्का फेरि पनि काम, सबैलाई उठाई ।
+

(२०१२ बागलुङ)

– ६ –

* जन धनबाट अब यहाँ कलधारा छ—संपादक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri.Funding: MIDF

म कस्ता

स्व० सूयप्र

(विद्या मन्दिर पुस्तकालयको सौजन्यबाट प्राप्त–सम्पादक)

म सत्यरूपी नर हुँ,
पञ्चतत्वले बनेको देह मेरो किन नहओस् ?
खुकुरी, गोलीको प्रहारले यो किन नडगोस ?
तर म खंदिलो छु, म अभय हुं ।

+

म साहसरूपी नर हुँ,
पहाड बीच कमिला सरी किन नहोस् ?
मलाई दग्ध गराउन पनि किन नसकोस् ?
तर म खंदिलो छु, म धन हुं ।

+

म धैर्यरूपी नर हुँ,
गाब वीचमा पात जस्तो किन नहओस् ?
अनाज–बारी बीच छिद्र रूप किन नदेखियोस् ?
तापनि खंदिलो छु, म औंशी हुं ।

+

म रूखरूपी नर हुँ,
बिना अन्न–जल संसार शून्य किन नहोस् ?
तेजविहीन रवि उज्ज्वल कसरी गरोस् ?
तापनि म तेजिलो छु, म मणी हुं ।

+

म कालरूपी नर हुँ,
वैरीहरूको बीच भुसुनासरी किन नदेखियोस् ?
तिनका गर्जनाले संसार किन नथर्कियोस् ?
तापनि म भष्म गर्ने हुं, म यम हुं ।

–६–

बागलुंग बजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

न र हाँस्न सिकौं

शान्तिनारायण श्रेष्ठ

आऊ हामी हांस्न सिकौं,
नहांस्ने त कोही छैन यहां -
फूल पनि त हांस्छ—यौवन फक्राएर
क्षितज पनि त हांस्छ-तारा चम्काएर
अनि हिमाल हांस्छ—प्रभातमा
बाग हांस्छ-वसन्तागमनमा
मानिस त झन् -
हांसोमाथि -अट्टहास गर्ने नहुन्
एक्लै अर्काको हांसो देखेर
जन्मसिध्द अधिकार सँझेर
... ... खित्का बर्षाउँदछन् ।
किनकि, दोहरिन्छ यहां—
द्रौपदीको हांसो
दुर्योधनको बेइज्जतीमा
किनकि, यहां सबै युधिष्ठिर छैनन्
त्यसैले, त यहाँ—
हांसोको पनि सीमा छैनन्
हांस्न रास्रगी जान्नु पर्दछ ।
त्यसैले भन्छु ... ...
आऊ हामी हांस्न सिकौं,
अन्यथा, महाभारत दोहरिन्छ यहां
हांस्न नजान्नाले ।
अणुबमको बिस्फोटन हुन्छ यहां
बाँच्न नजान्नाले ।
किनकि –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Publi... eGangotri.Funding: MIDF

हांस्न जान्नु छ
बांच्न जान्नु छ यहां
हांस्नु नपरोस् फतं यहां –
भ्यागुताको मुख जस्तो गरी;
फतं बांच्न नपरोस् यहां–
चमेराको जुनीसरी ।

कुस्मा

–※–

दुःख सिद्धान्तको साथी हो,
यो विना मान्छेले आफ्नो इमान्दारी
र बेइमानी चिन्न सक्तैन ।

–फिल्डिङ्ग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

शून्य

रा. व. श्रेष्ठ,

जीवन नै के हो र केवल मृत्यु सिवाय ?
सृजना नै के मात्र यहाँ खालि एउटा संहार सिवाय ।
मानिस जन्मन्छन् यहाँ
मर्नलाई,
मृत्युकै डरले छटपटिन्छन्, अनि–अनि--
... ...गर्छन् यहाँ ।
यहाँ तन्त्र चल्छ कसैको–
मान्छेले मान्छे कुल्चन्छन्,
पश्चात्–
एकपछि अर्को वाद आउँछ यहाँ–
आफ्नो हत्या आफै गरेर
रगतको फागु खेल्न ।
यो आगोको कोइला–
करोडौं वर्षपछि
मरु– चट्टान बन्यो
प्रकृतिको वरदानमा
धरतीको सृजना भयो
सृजनाको पनि अन्त छ एक दिन
त्यसबेला–
यो उद्यान,
यो विज्ञान,
अनि परिश्रम !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public D[…] by eGangotri.Funding: MIDF

के को प्रयोग !
कसको बचावट ?
सब बेकार छन्
यहाँ केही रहँदैन
माटो – माटो हुन्न
ढुंगा–ढुंगा रहन्न
अन्तमा पनि
शुरूआत रहने छ यहाँ–
उही शून्य ! केवल शून्य!!
बाटुलो शून्य!!!

बागलुङ ।

–≠–

व्यावहारिक जीवनमा "सज्जनता" हमेशा पुरस्कृत हुँदैन, न "दुष्टता" नै हमेशा दण्डित हुन्छ ।

—शेक्सपिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization: eGangotri. Funding: MIDF

...क्सी र नीद अति प्रिय छन् मलाई

दिपककुमार श्रेष्ठ
(वर्ष १४)

अति प्रिय छन् मलाई–रक्सी र नीद
पिउंछु–रमरमे रक्सी
अनि, बेहोस भई लड्छु–बिर्सी सारा संसार
मीठो विस्मृति दिन्छ–रक्सीले
पीडा, व्यथा पर साछं नीदले
शोक ! तर,
यति मीठो विस्मृतिको मुक्त काख छोडी
आंखा मैले यहाँ खोल्नै पर्छ।
जब ब्युझाउँछे मलाई मेरी सेती–
भन्छे तिनी, 'छन् भोकै केटाकेटी'
छैन चामल, दाल पनि
खाए बिहान, बेलुकी छैन
खाली रक्सी र नीद चाहने म,
आंखा मिच्दै भन्छु म–'मसंग पैसा छैन।'
दुनियाँ अप्रिय छैन मलाई
छैन अप्रिय जीवन पनि
तर –
खाई, आफै मात्र बाँच्ने
भाईलाई भाइ नसम्झने–
दुनियाँ जरुर अप्रिय छ
यसैले–चाहन्छु म मृदु विस्मृति
रक्सी खाइ, नीद बोलाई।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर –
पीडा र व्यथाले बोझिएको
जिन्दगी जरुर अप्रिय छ
यसैले –
फलफलाउँदा बिरुवा जस्ता यी मेरा छोराछोरी
मानो साँच्चिकै लक्ष्मी जस्तै–यी मेरी पत्नी सेती
फरुँ ! मेरा यी लाला बालाप्रति –
भनुन् अरूले चाहे जे सुकै
मलाई रक्स्याहा, अल्छी, सुताहा लम्फू
मेरो मौन भाषा मैसंगै छ –
रक्सी र नीदै मन पर्छ ।

सजीव अनुभवहरूको कलात्मक प्रकाशन साहित्य हो ।

शरत्चन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

मुटु व्यथाको व्रण

प्रेमप्रसाद 'छोटा'

मलाई मेरो प्यास
मेट्न देऊ,
मलाई मेरो आफ्नै ढंगले
सोच्न देऊ,
मेरो अट्टहास पोल्ने घाउमा
शीतल छर्को देऊ,
मेरो मर्म बुझ्री देऊ
सच्चा सेवकको मकुण्डो ओढेर

मेरा छाती भित्रको मुटुमा
लुछाचुंडी गर्ने
धेरै मठ्याहाहरु छन्, त्यहाँ
मेरो हृदयभित्रको रक्त संचारमा
संचार क्रिया रोकी दिने
रक्त किटाणुहरू–
अगण्य छन् यहाँ,

म नराम्री होइन,
छ्याक्ती छैन, कोत्री छैन,
काली, कल्चौरो पनि छैन,
मना सत्रवटा लोग्ने बनाउने
रुपवतीको अलौकिक गुण पनि छैन
मेरो स्वयम्बर भंसकेको छ
एक सुयोग्य बरसित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri.Funding: MIDF

म; बीस छाडी
एवकाइसमा लागोसकेको छु ।
मलाई वासनाको प्यास बढेको छ
अझै मेरो गर्भ तुहिएको छैन ।

मैले बुद्ध नजन्माएको होइन
सीता नहुर्काएकी होइन,
मैले देवकोटा नजन्माएको होइन,
भृकुटी नहुर्काएको होइन, अनि–
मेरा छेउ छाउका
छर छिमेकीहरूलाई नरिझाएको होइन,

मैले वेद बुझ्नु छ
अनि,
आध्यात्मिकताको मूल मन्त्र जपी
दक्षिण फर्केर –
मैले विज्ञान बुझ्नु छ–
भौतिकतालाई अंगाली
पश्चिम फर्केर ।

अबसम्म आत्माले
आत्मा चिन्दैन
आत्माभित्र
द्वन्द मच्चिएको हुन्छ
जल छुर्केर पनि
नपर्सेको बोफाको अवस्था देखेर
तर, म, रगतमा कहिल्यै
डुब्नु परेन
र, पनि आंसु कहिल्यै
बग्न टुटेन

म बाँच्न चाहन्छु
युग युगान्तरसम्म
म हेर्न चाहन्छु–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

धारा प्रवाह गीतमा
कालीदास प्रभावमा परे जस्तै
पर्ने छन्,
अनि,
मेरा लेकाली
लाला बालाहरूले
मेरा उत्तानो परी
उठेको छाती र
ओढार परी–
घोप्टेको छातीलाई
सम्याउने छन्–
मैदान पारेर !

मलाई मेरो आफ्नै
नूतन सोच्न वेऊ,
मेरो प्यास मेटी वेऊ,
"तमसो मा ज्योतिर्गमय" को
बिगुल फुकेर
मेरो वासना तृप्त गरी देऊ
"वसुधैव कुटुम्बकम्" को
बीज रोपेर ।

०ॐ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public D... by eGangotri Funding: MIDF

राँकिएको जिन्दगीको तरङ्गभि...

गणदेवी रा. भ.

सूर्यास्त झैं मेरो जीवन
प्रातः र सन्ध्याको आफ्नो
रूपलाई भुलेर
त्यसै…………त्यसै………बिलाउन खोज्छ
तर पनि म रोक्न सक्दिन
जानेलाई–
यो महान् भुमरीको संग्राममा
एक्लै अल्मिएर निभ्न लागेको
बत्ती म !
असिनाका ठूला ठूला ढिक्काले
चुटिएका–
मेरा स्पन्दनहरू
अनि, त्यसपछि गुञ्जिरहेको
प्यास र भोकसंग सामना गर्दै
हिँडिरहेको म एक्लै

+ + +

प्राण जीवनकै भर बनेर
उषाकालीन कोपिला
त्यसै ओइलाउँदै
यो अन्तिम जीवनको संकेत–
हिक्………हिक्
क्षितिजमुनिको भिरालोमा
बिलाए झैं लाग्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...नि
...केकी छैन
...न, बोल्न सक्तिन, किन कि–
कोही मेरो प्रश्वासमा वाधक बन्छ,
तर – श्रंकृत भै
अत्तासमा श्राएको आवाजको
संकेत थियो त्यो–
"मृत्युको इशारा"
मसंग कसैको कानेखुसीले
म श्रसंज्ञ भएँ
अपरिचित – मान्छे
अपरिचित – ठाउँ
संसार नै थर्काउने गरी
कोलाहल गरी चिल्लाएं म–
कसैको जबरजस्तीमा
अंठिएर
अचेतन धरतीमा
म ज्यूंदो मान्छेलाई
मृत लाशको रेखाङ्कनले कोरी
त्यो श्मसान घाटको शून्य नभमा
सुक्दै नसुकेका ती रास दाउराले
ल्याएको तातो रांकोमा रांकिएर
म प्रत्येक दिन बिलाएको हुन्छु
क्षण, क्षणमा हराएको हुन्छु ।

–६–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

यहाँ उजाड कहाँ छ ?

—राममनोहर श्रेष्ठ

वसन्त चुलिएको
रूखको अँध्यारोमा
लुकेर-
कोइली झैं
अतीतको विरह पोखेर
कता कताबाट
विद्रोहको अणुबम
हृदय चहारेर पड्काउने
यहाँ उजाड कहाँ छ ?

याहा छ मलाई
कहालीलाग्दो रातमा
सिर्फ जन्माइएका
आमाका कयन् आशाहरू
त्यसै ओइलाएका,
त्यसै बिलाएका,
अनि –
दिउँसै
जटायुको पखेटा
निर्ममताकासाथ
रावणद्वारा काटिएको-
सुनेको छु यहाँ
उपहास—
द्रौपदीको- सारीसितै
हाँसिरहेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

आउँछ
पेन्डोराले खोलेको
सन्दूसको यहाँ
नीद नलाग्ने
गर्मीको रातमा
तर पनि,
मेरो सपनाको दुनियाँमा
वेहोसको दुनियाँमा,
अनि-
वेफुर्सदको दुनियाँमा
पयाउरोको 'हुइयाँ' सित
जीवनको गीत कल्पेर
राती एक्लै आँखा देख्ने–
लाटोकोसेरो–
त्यसै त्यसै
दिनको उज्यालोमा
निस्कन डराएको देख्दा–
व्यर्थ व्यथाको
सास फेरेर पनि
जीवनको परिभाषा
खोज्दै
लुकी लुकी बचेको
उजाडलाई
जिज्ञासाको
एक्स-रे प्लेटमा
फोटो खिचेर
हेर्न मनलाग्छ
अनि बिर्सन मनलाग्छ
यहाँ उजाड कहाँ छ ?
यहाँ निराश कहाँ छ?

–❀–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public D... eGangotri.Funding: MIDF

तस्बीर

लालजंग राजभण्ड...

तिम्रो तस्बीर !
मेरो यौवनको छालले देखिरहेछ
कस्तो न कस्तो–
एकतारं मलाई हेरी शर्माए झैं
लोभिदो दृष्टिले नजर लगाए झैं ।
साँच्चैं तिमी फिल्मकी हिरोइन झैं
उषाकालीन मधुर धुन लिएर
छटपटिइ पागलसरी भैं
आत्मीय इशारामा
बोले–बोले झैं लाग्छ ।
अनि–वल्टाइ पल्टाइ हेर्छु–
खालि तिम्रो तस्वीर;
तिम्रो हिस्सी परेको अनुहार
एक पटक हाँसी दिए मात्रं
यहाँ स्वर्ण रेखा झल्कने छ–
मेरो जीवन– कणमा ।

यो तस्वीर– मेरो साथी,
जीवन–मार्ग लिएर
धैयंले साथ दिएको मान्छे म,
मसंग तिम्रो तस्वीर बोलेर
आत्मिए कुरा पोखेको हुन्छ
थिचिएका भावनाहरूलाई
औंल्याएको हुन्छ ।
अनि यसैबाट पाउँछु म,
जीवन मार्गमा हिड्ने प्रेरणा–
हरदम ताजा गराउंदै हृदयमा
तिम्रो प्यार र संम्झना

बागलुंग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

अल्झिएका इतिहास

मुकुन्द शाक्य

मेरो धोका छ यहाँ
यो उजाड मरुभूमिमा
एक फूल फुलाउन सकूँ;
मलाई तिम्रो इजाजत चाहिएको छ यहाँ
हाम्रो लघु इतिहास कोर्न सकूँ;
गर्जेको बादलको स्वरले हैन,
ठक्करले बलेको झिल्काले हैन,
नेगेटिभ र पोजेटिभले बलेको बत्तीले
अनि·········अनि—
मिलनको बेला निस्केका
तिम्रो मायालु स्वरले,

मलाई साहस चाहिएको छ यहाँ ।
खालि बलेको आगो ताप्न हैन
ताप्ने आगो बलाउन सकूँ;
मरुभूमिमा गरमिएका
यी बटुवाहरूलाई
शीतलता बिन सकूँ म;

तिम्रो इजाजत चाहिएको छ यहाँ
हाम्रो इतिहास कोर्न सकूँ
चाहिएको छ मलाई यहाँ
तिमीबाट प्रेरणा !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public D... eGangotri Funding: MIDF

हाम्रा भावना
इतिहासको पन्नाभि
देख्न सकूं;
मेरो धोको छ यहाँ
हामी दुइजनाको
इतिहास कोर्न सकूं ।

बागलुङ्ग, रत्नमार्ग

–≠–

पाप एक करुणाजनक वस्तु हो,
मानवीय विवशताको द्योतक ।

–प्रेमचन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

जन्मभूमि स्वदेश नेपाल
विश्वव्यापी बनाऔं

राजेन्द्रकुमार श्रेष्ठ

(वि. म. पुस्तकालयको सौजन्यवाट प्राप्त–संपादक)

आऊ जन्मभूमि स्ववेशलाई
विश्वव्यापी गराऔं ।

शोषक–शोषितको भेद मेटाइ
अत्याचार निर्मुल पारी,
आपसको छेउ–छाउ हटाइ
देशद्रोहीलाई बढ्न नदिऔं
जन्मभूमि स्वदेश नेपाल
विश्वव्यापी गराऔं ।

वेकारी समस्या हल गर्दै,
मातृभूमि यो नेपालको
पथिक भई सब कदम बढाइ
उन्नति पथमा बढ्दै जाऔं;
आऊ, जन्मभूमि स्ववेशलाई
विश्वव्यापी गराऔं ।

अशिक्षाको जरो उखेली,
सुख र शान्तिको बाटो अपनाइ,
गरीब, नंगा दाजु भाइलाई
साथ लिई बढ्दै जाऔं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public D... ...by eGangotri Funding: MIDF

औं

विश्वव्यापी ब

भ्रमर झैं बनी विश्व चाहारौं
यो हाम्रो नेपाललाई विश्वगणनामा ल्याऔं
मातृभूमिको आँसु पुछौं,
यही हो हाम्रो जीवन सार;
आऊ, जन्मभूमि स्वदेशलाई
विश्वव्यापी बनाऔं ।

क. विद्या चरित्र बल बिना दानवी गुण हो ।

ख. त्याग र सेवाहीन प्रेम स्वार्थ हो ।

ग. स्वदेशमा खेप्न परेका विपत्ति विदेशमा भोगेका समस्त सुख भन्दा असल छन् ।

चन्द्रशेखर शास्त्री
("भृकुटी" बाट)

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

जीवनको यथार्थवाद

कृष्णकुमार 'व्यथित'

म कुनै भावनामा,
कसैको खोजीमा–
तल्लिन भइरहेको थिएँ ।

त्यत्तिकैमा

कता हो, कताबाट आगोको ज्वाला निस्क्यो
कुन्निको पर्दा दन दन गरी बल्यो

अनि—

पूर्ण मुस्कानको साथ
एक हातमा बलेको र
अर्को हातमा निभेको दीयो लिएर
आयो एक व्यक्ति उभिन त्यहाँ ।

अनि–भन्न लाग्यो उसले–
"तैंले धरतीमा जन्म लिइस्
तर पिली पिली गर्दै रुन होइन
तैंले अपूर्व मानव–जीवन प्राप्त गरिस्
खितीतीती हाँस्न मात्र होइन
बरु मर्नु छ तैंले बाँच्नको लागि ।
तेरो ईश्वरको सबभन्दा ठूलो वरदान—
तंमा भएको त्यो ज्ञान अनि प्रबल शक्ति

त्यसको उपयोग के ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Do... Gangotri Funding: MIDF

"उपयोग ?"

धरतीलाई स्वर्ग बना, ...
अंधेरी कालो रातमा उज्ज्वल दीप ...

खुट्टा तेरो समाल्नेलाई
मिच, मार अनि फाल

''अनि-

तेरो मानवता फुल्नेछ फल्नेछ
तेरो आत्मा संधैंको लागि हाँस्नेछ ।"

एक छिनपछि भयो अदृश्य त्यो मूर्ति

तब-

म टोल्हाएँ—

उसलाई कहिले देखेको जस्तो लाग्दथ्यो
अनि कहिले चिनेको-चिनेको जस्तो ।

एक छिन -

म घोरिएं, घोरिएं,

अनि—

पूर्व स्मृतिको पर्दा खुल्यो;
जानें त्यो रहेछ–जीवनको यथार्थवाद

अब जानें–त्यो वेदनशील प्राणी
मानव रहेछ
दानव रहेनछ ।

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

उजाड--ऊ जन्मेको रात !

-कुमारी उजाड़

कुमारी उजाड, ऊ जन्मेको
मंगलवार–
एक कहालीलाग्दो रात !
थुप्री राखेको अन्धकार कोठामा
समयको क्षण क्षणले फकाएको–
मान्छेलाई,
फकिएर एक दिन उसकी आमाले
ख्यालै ख्यालमा जन्म दिइछ
कुमारी 'उजाड'लाई
टिका क्ष्यालमुनिको करेसामा
कस्तो अन्धकार निस्तब्धताको रात
यस्तै अन्धकारमा–
१२ घण्टाभित्रको अंध्यारो कालमा–
कमाण्डर म्याकवेथले मारेको थियो–
डङ्कन्लाई--
रगतका धारा छताछुल्ल हुनेगरी;
यस्तै रातमा किन जन्मिएकी उजाड ?
सधैं सधैं उजाडिन
पन्ध्र दिनको मोकोमा
काँचो आँप र नून खुर्सानी मात्र खाएर, —
समाजबाट दूर भएकी
उसकी आमा
रछानको भात टिपेर
पाटी, पौवा, सत्तल चहार्दै
उभिएकी उसकी आमा;
पृथ्वीकै एउटा बोझ बनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Do... eGangotri.Funding: MIDF

लर्खरिंदै हिंडिरहेकी यत...
उसकी आमा;
अनि-
यस्तै मान्छे–मान्छेबाट बहिष्कृत भएकी
उसकी आमाले
एकदिन फालेकी थिई चिसो छिंडोमा-
पापीको पापको पोको -- 'कुमारी उजाडलाई'
एउटा सानो चक्कु पनि नपाएर
उसकी आमाले—
बाँचेकी उजाड-
यहाँ बाँच्न पाएकी ।
हो यो कुकुर रोएको रात;
शून्य सागरमा जन्मन खोजेकी ।
कुमारी उजाड–उसकी आमाको हर्ष होइन
धोका हो, पाप–कुंडल हो ।
यसैले उसकी आमाले सम्झेकी छैन
यो छोरीले केही गर्छे भनेर

यसरी नै जन्मेकी उजाड
यहाँ सधैं उजाडिएर
अन्धकारभित्र हराउन खोजेर पनि
रित्तो पेट लिएर हिंडेकी छ–
आज यताउता;
प्यासै प्यासले हुत्तिएकी–
कुमारी उजाड
पछारीएकी छे ।
शुद्ध कुवाको बळौटेमा
एउटा सानो चक्कु नपाएर
उसकी आमाले—
बाँचेकी उजाड—
यहाँ बाच्न पाएकी........

बागलुङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक नेपालीको आफ्नो कुरो

—ॐकारप्रसाद गौचन

बाख्राले बच्चालाई सुम्सुम्याएको र
पाठीले दूध चुसेको देखेको छु;
न्याउलीले न्याउल, न्याउल गरी
विरह पोखेको सुनेको छु;
यस्सो माथि हेर्दा टोपी खस्ने टाट्टे पहरोमा
लठ्ठो बाँधी झुण्डिएर गैं
छिनो र घनले टुकटुक गर्दै बनाएको
शहर बाटोमा हिंडेको छु;
कहिल्यै नथाक्ने—
हिम्मत गर भन्दै
सुलुलुलु गर्दै अनि सुसेलेर अति दिंदै
बगिरहेका खोलाको भाषा मैले बुझेको छु ।
मानिस बाँच्नलाई हो मर्नलाई होइन भन्दै
पृथ्वीको सृष्टिदेखि पृथ्वी रहेसम्म
छाती फुकाएर, स्वच्छ हावा बहाउँदै,
खडा भएर अडिग हुँदै
निर्देशन दिइरहेका हिमाललाई चिनेको छु ।
ठूल ठूला भूईंचाला आएर
जमिन भासिएको—
भासिएको स्याङ्भित्र
सडे गलेका, घोप्रिएका टूल ठूला रूखहरू
पुरिएका अनि
झरेका पात पर्स्यौंलाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public D... eGangotri.Funding: MIDF

हावाले उडाएर
सुनेको छु, देखेको छु
वसन्तको प्रतीक्षामा
सीमलले भुवा छोडेको,
प्रकृतिले घुम्टो फाढेको र
आँकुरालाई स्वागत गरेको पनि देखेको छु ।

× × ×

विश्व छक्क पर्ला मेरो संसार देखेर,
किनभने–
यहाँ ढुंगा बोल्छ,
माटोले ढुंगा चेप्छ,
ढुंगाले माटो चेप्छ
अनि,
निःशंक भएर
अघि बढ्छ, अघि बढ्छ
सुखसंग बाँच्छ, बाँच्छ ।

-❀-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

विवेकको खोज

-पं. हयग्रीव पन्त

हे बुद्धि ! तिमीमा म प्रश्न गरछु अलमल परेको हुँदा,
फेला पारिन त्यो विवेक विचरो धरती र आकाश छुँदा ।
हेरें सप्त पदार्थ भित्र छ भनी छामें कुना कानीमा,
थल्मा छैन कि त्यो भनेर कति बार गोता लिएँ पानीमा ।।

+

त्यो आकाश यहां उडेर अथवा वस्ला कुनै ठाउँमा,
भेटुंला कि भनेर देश नगरी घुमदा पनि गाउँमा ।
भेटेथ्यें अथवा उहां छ भनने पाइन आधार कहीं,
वस्ने हो कि अमीरका घर महां या घुम्छ जाहीं तहीं ।।

+

या दौडेर गयो झिली मिली हुँदै वैज्ञानीकका साथमा,
या घुम्दैछ कतै समस्त जगमा आध्यामिकका माथमा,
या त्यो भोग विलास मादक महां चुर्लुम्म भै मस्त छ,
या ज्ञानेन्द्रिय आदि मन सहितमा त्यो लुप्त भै बस्तछ ।।

+

एकै रूप महां रहन्छ अथवा नाना थरि रूप छ,
त्यो वाचामृत दिन्छ वा सकलमा यद्वा सँधै चूप छ ।
या सन्तोष महां छ पूर्ण रूपले या त्यो सदा दीन छ,
या विश्व भरमा गएर अहिले निश्चिन्त भै लीन छ ।।

+

प्राणी मात्र महां रहन्छ अथवा मानिसमा वस्दछ,
मानिसमा पनि त्यो विचार शीलमा कर्त्तव्यमा फस्दछ ।
वेद व्यास र बालिमकी प्रभृतिका आदर्श जो जो थिए,
तिन्ले साथ लिई गए कि अथवा कस्लाई, सुम्पी दिए ।।

+

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाडो घाम सहेर मिल्दछ यदि
या त्यो मौनी बनेर बस्दछ भने त्यँ मौ
सारा इन्द्रियहरू सज्जित हुने यो देह तयार
त्यो एउटा बिचरो नपाई घरबास कुन देशमा घुम्दछ ॥

+

यद्वा भौतिक कालमा लुकी छिपी राकेटमा बस्दछ,
कि शास्त्रीय कला अभिज्ञ कविका मस्तिष्कमा पस्दछ ।
राजा–रैयतमा, धनी–गरीबमा कस्मा बसेको छ, त्यो
या फर्मिष्ट महा रहन्छ अथवा त्यो खोज गर्ने छ को ? ॥

+

सारा मानिसमा छ त्यो यदि भने निस्कन्छ कैले कहाँ,
या दोषज्ञ बिशेषमा छ उ भने मिल्दैन जहाँ तहाँ ।
हे बुध्दि ! तिमी मात्रमा छ उ भने गर्दौंन त्यो बाहिर, ।
त्यस्कै खातिरमा बित्यो जनम यो पाइन त्यो आखिर ।

+

शिक्षा मात्र महाँ बहन्छ उ भने बढ्दो छ शिक्षा पनि,
सफा सुग्घरमा भए किन अझै निस्कन छाया मुनि ।
त्यो आचार–विचारबाट सहसा छळङ्ग देखिन्छ कि ?
नित्यानित्य महाँ छ मुग्ध ननने प्रामाणिकै हुन्छ कि ?

+

साधन केही नदेखीं मन्द मतिको छु एक मात्रै ममा
अडनै मान्दछ त्यो कठिन यदि भने यो पञ्च तत्वज्ञमा ।
जीवन व्यर्थ बिताई यो चहकिलो प्रत्यक्ष संसारमा,
के सारांश लिई कहाँ कति गए पञ्चत्व संसारमा ॥

+

मौका यो अब फेरि मिल्न छ कठिन चासो छ यै एकको,
खोजी गर्न यहाँ अझै अघि सरी बाहिर निस्कन्छ को ?
भ्रान्ति देखि डराइ दूर हुन गो खोज्दै उ शान्ति–पथ
ळो बुध्दि तिमी हांक मार्ग नभुली त्यो खोज गर्ने रथ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिउँदो-पागल

–"अबोध"

म के बोल्दछु,
मलाई थाहा छ
तर थाहा भएको होइन–
दुनियाँलाई–
जुन ध्रुव सत्य छ–
हिजो के भएथ्यो ?
भोलि के हुनेछ ? र
थाहा हुने सबै भन्छन्–मलाई
म जिउँदो पागल रे !
हो त नि, ठीकै भन्छन्–
म हुँ एक "जिउँदो पागल"

+

ताना बाना विभिन्न छ
एक सुरमा गइरहेछ
आफ्नै सुरमा बहिरहेछ
सम्झन्छन्–पागल
म पागल रे !
हो म पागल हुँ–
सत्यताको बलिदान गर्न नचाहने,
आत्मा बेच्न नचाहने म,
रातको अन्धकारको पर्दालाई
सत्य–ज्योतिले पर्दाफास गरी
दुनियाको सामने
उभिन चाहने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public ... eGangotri.Funding: MIDF

म हुं एक 'जिउ
स्वार्थ लिप्सामा टाँस्सिन
सामन्त र शोषक बन्ने;
नेतागिरीको मुकुण्डो लगाइ,
देश सेवकको पगडी बाँधी
देशघातको छुरा चलाउने
दयाका अवतार– दानी कहलाइ,
प्राण पिपासु अनि लालची बनेका
स्वयम्-सेवकको रूप ओढेर
आफ्नो स्वार्थ पूर्तिका लागि
हप्की दप्की गरिरहेका;
अनि–
भोक प्यासले सताइएका--
काम र माम नपाएर पिलिसएका–
स्त्री, बाल, बच्चाका संम्झनामा
भारी बोकी पसिना तरर चुहाइ रहेकालाई
ठग्ने प्रवृति लिएकाको—
उदाङ्ग सत्य प्रदर्शन गर्ने–
म—
म नै पागल; हो त नि म नै हुं "जिउँदो पागल ।
सम्झन्छौं म दुनियाँ पागल
तर रहेछु—आफै पागल
एक–"जिउँदो–पागल"

+

हावाको सन्सनाहटमा
म बोलिरहन्छु;
बादलको एक चडकनमा
म चिच्याउँछु;
बर्षात्को झेलमा
म छलाङ्ग मार्दछु;
सूर्यको किरणको प्रखर तेजमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...ई हाँस्दछु;
...लको धवलता देखदा
चाँदीको पहरा देखन पुगेको हुन्छु,
चाँद हेर्दा चाँदीको टुक्रा देखदछु—
यसरी
पापमय तमको सट्टा सुन्दर सपना देख्ने म
आज भएको छु—"जिउँदो पागल।"
"मृग तृष्णा" गजब छ–यो पनि,
अहम्‌ले प्रेरित यी बुभुक्षुकहरू
प्यासी पानीको दौडमा गए झैं
दुनियाँ–कालो चस्माभित्र
रंगिएको रंगीन दुनियाँमा
गइरहेछ, बढिरहेछ
जसको एक अहम्‌मा
लाखौं लाला–बालाको आहुति बल्दछ,
हरेक नारीको पोते फुटिई
यहाँ सिंदुर पुछिन्छन्,
कति युवतीको यौवन सेलाउँछन्
जसको स्पर्श नपाएर;
प्रत्येक माता पिता रुन्छन्–
छोराको स्नेह बिना तिल्मिलाएर।
यसैलाई भन्दछन् एक कवि–
रंगीन दुनियाँ!
बोले बन्दछु–म पागल
हो त नि साँच्चै
मै नै–'पागल'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दुत्व मि[illegible]

हुन्छन् गाई पितृ अतिथि द्यौ देवता विप्रपूज्य
हुन्छन् पूजा व्रत जप कथा नित्य नैमित्त कृत्य
हुन्छन् वेदाध्ययन र पुराणादि सश्रब्द सेव्य
हुन्छन् निर्धाहरू प्रति दया स्नेह हिन्दुत्व मित्र ।।१।।

हुन्छन् वर्णाश्रम विधि तथा आत्म तत्वार्थ बोध
हुन्छन् यज्ञ प्रवचन र सत्संग शास्त्रीय शोध
हुन्छन् योगासन यम समाधि स्मृति ज्ञान मन्त्र
आस्था निष्ठा गुरु चरणमा हुन्छ हिन्दुत्व मित्र ।।२।।

हुन्छन् पूज्या पिपल तुलसी धन्य न्यग्रोध वृक्ष
हुन्छन् लाजा कुश तिल र जौ पञ्च गव्य प्रयोज्य
हुन्छन् यज्ञोपनयन शिखा सूत्र टीका पवित्र
हुन्छन् देवालय मठ सदावर्त हिन्दुत्व मित्र ।।३।।

हावा आगो नभ जल धरा पाञ्च भौतिक्य सृष्टि
हुन्छन् कर्म्मानुकूल फल निष्पत्ति सम्प्राप्ति भुक्ति
धर्मी पापी नरक तल स्वर्लोक माथि पवित्र
हुन्छन् निश्रेयस पद पुनर्जन्म हिन्दुत्व मित्र ।।४।।

कृष्णा गङ्गा प्रभृति सरिता सर्वथा सेवनीय
बद्री केदार र पशुपति क्षेत्र छन् दर्शनीय
सङ्लो चीसो सलिल झरना तालफूवा पवित्र
हुन्छन् सारा असल उपलब्धित्व हिन्दुत्व मित्र ।।५।।

"सेवा धर्म्मः परम गहनो" मुख्य उद्देश्य बन्छ
मित्रै देखि प्रति पहलुमा विश्व बन्धुत्व फुर्छ
झल्किन्छन् श्री अणु अणु पिछे स्पष्ट आस्तिक्य चित्र
श्रेयः प्रेयः अपरिमित आनन्द हिन्दुत्व मित्र ।।६।।

--०--

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

मानिसको छोरो

—टीकाबहादुर मल्ल

आदिम कालम जानेथ्यो धुरू धुरू रुनलाई
गुफा कन्दरा जंगलको बिच काल क्षणलाई

१

विवस संझन्थ्यो प्रकृतिको प्रकोपलाई देखेर
देखदैनथ्यो उपाए केही अन्धकारले छेकेर
तब उ संझन्थ्यो दुनिया यो कस्तो निराला
जाने कहाँ बाटो छैन जहाँ मिल्दथ्यो सहारा

२

फल मूल बोक्राले जठराग्नि शान्त पारेर
झर्ना नदि तलाउको सोचछ पानीलाई पिएर
कतै आनन्दले लेटे हिंश्रक जानवर सामु गर्जन्थ्यो
निंद बेनिंद मिलेन चैन हृदय पलपल थर्कन्थ्यो

३

लाखौं वर्ष बिते क्रमशः युग परिवर्तन खाएर
रूप दुनियाँले बदल्यो मानो प्रकृति बिबस पारेर
नजिक नजिक भैसक्या छ चन्द्र मंगल लोक पनि
किन्तु मुटु थर्किन्छ बरबस उस्तै निःसहरा बनि

४

आज पनि त प्रकृति प्रकोपिन्छ मानिसको सातो खानलाई
कतै परमाणु विष्फोटनले कतै बिषमता लात खाई
खूँखार जानवरी ताकत नाची रहेछ उस्तै मानवता चित पारी
विकसितयुग विशौं–शताब्दि हेरीरहेछ उफ! विवस आंखाफारी

–❀–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म मरेप…

हरीयो बांसको छारो चाहीँदैन कसै गरी
स्वदेशी पाटको धोक्रो भित्र राख्नु बिटो सरी
घिसार्नु चार जानाले बांधी सिक्री फलामको
सबै हांसुन तमासा यो देखेर नर लोकको ।

छि ! छि ! थुक् थुक् गरी गाली दिउन सब्ले मलाइ नै
वर्साउन लाशमा मेरो ढुंगा मुढा बहुत नै
छाडुन त्यो स्थलमा पर्याःकी अधिक प्राणि हउन जाँह
स्याल र ब्वांसो गिध्दले लुछा चूंड गरुन ताँह ।

यति गरे पछि मेरो मृत देह सखाप गरी
खालान कुकुर आदिले आत्म तिन्का भरी भरी
आशीरवाद अवश्य नै दिने छन् ती क्षुधितले
नरहोस् शेष क्यै मेरो नछुउन भूत प्रेतले ।

बोझा हुन्छु म धर्तिको नखन्नु पूर्न खाडल
पुरे लहं ! हुने छु म विष फैल्याउने मल
श्रध्दाञ्जलि सबै दिउन असाजिनै ह्वस् भनि
सिस्नु कांडो, फलोस फूलोस राखेको ठाउँमा पनि ।

कति प्राणि मरेका छन् तिर्खाई भोक प्यासले
कति दीन दुखि लत्रे धनिका धन त्रासले
नगर्नु काज कृया त्यो लोकाचार बुझाउने
आफ्नै भाई रुवाएर अर्कोको पेट भराउने ।

यदि छन् प्रेमिका मेरी रहुन सुख सयलले
नलिउन क्यै म माथिको व्यर्थ विस्माद तिनले
सबा आश्मा सुखी राखी छरी सिउद सिन्दुर
सजाएर तिनी हिडुंन देश वीकास खातिर ।

शोषण, जाली, फटाहा र स्वार्थी कपटी ई सब गुण
मेरै हुन ढांटन छल्न मलाई सक्छ को मन
मैले चाहिन ज्यूंदोमा देशको उन्नत रति
तुच्छ त्यो स्वर्गासनमा वस्दीन म मरे पछि

हाल बागलुङ

[पुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धुंवाको घेराभित्र

—श्रवणलाल शाक्य

मालेको फुकली कां..ले दिन डाकिसकेको थियो। पूर्वको द्वार खोलेर सूर्य १२।१२ घण्टाको लामो अँधेरी रातमा अलमलिरहेका बटुवाहरू र आफ्नो प्रियतमा पृथ्वीलाई हेर्न आत्तिएर माथि माथि सर्कंदै आउन थाले। कतै कतै फुङ्ग उडेको हुस्सु अझ पाइन्थ्यो। उत्तरका ती सेता चाँदीको पहाड कहिले आकाश छुम्ला भने झैं गरेर चुलिदै गएको हो कि भने झैं देखिन्थ्यो। हिमालयका फेदीतिर कांठ कांठमा भएभरका बादल-हरू ओत बसेका थिए।

भरखरै ओछ्यानबाट उठेर झ्यालबाट यी विभिन्न दृश्यहरू हेर्दै मैले पाकेटको चुरोट झिकेर सल्काएं। चुरोटको धुंवा संगसंगै मेरो मन पनि प्रकाशिदै माथि माथि धेरै नै माथि पुग्यो। मलाई लाग्यो—धुंवा संगसंगै मलाई पछ्याउँदै मेरी छाया आइरहेकी छे। म झन् झन् माथि अकाशिएँ उनी मेरो पछि पछि लागेर आइ नै रहेकी थिइन्। हामी दुवैलाई एक भय-ङ्कर निष्ठूर आंधीले कहिले माथि र कहिले तल गर्दै कहां—कहां कता कता लग्यो औ मेरी छायालाई कता पुऱ्यायो मलाई थाहा भएन। म आत्तिएँ,छटपटाएँ-मेरी छायासंगको विछोडमा।

मेरो पालो–खोला नाला, वन, पखेरू आदिसंग म सोध्दै गएँ। रोएँ म-वर्षादमा परेको पानी झैं करुण अश्रुधारा बहाएर सुनाएं मैले–विछोडको गीत, एकलासे वनमा रूखको टुप्पामा बसी न्याउलो रोए झैं हावामा पात उडे झैं कहिले माथि कहिले तल गर्दै अन्धकारमा अलमलरहेकी मेरी छाया-को खोजमा पूर्णिमाको जून जस्तो भएर म उड्दै रहें। उकालो भनिन मैले ओह्लालो पनि भनिन अनि भनिन पुष माघको जाडो र जेष्ठ–आषाढको घूप पनि। पागल झैं हिडें म-मेरी छायाको निम्ति। भुख, दुःख,भोक, प्यास र रातको निद्राले मलाई अलिकति पनि छुन सकेनन्—मेरो प्रियतमा संगको विछोडको दुःखद बाटोमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जति-जति समय बित्दै जान्थ्यो,
संग सुख र स्नेहले बितेका दिनहरूको संझना
एक्कासि त्यो दिनको याद मेरो नजर सामुन्ने
ऋतुले पीडित पृथ्वीसाथै प्रकृतिका ती पातरहित वृक्ष, घा
र फूलरहित विरुवाहरूले शिशिरको पुरानो आवरण छोडेर वसन्त
आवरण पहिरेका, हरियो वन ब्लपलाउंदो घांस, त्यसमाथिको सेता मोतीदाने शीतहरू-उषाको स्वर्णिम किरणले र मगमगाउंदो वासनाले रङ-मगिएको कहीं सेता कहीं राता--पहेंला, कहीं गुलाफी फूलहरूले सिंगारिएको बगैंचामा भमराले फूललाई चुम्दै एकपछि अर्को गर्दै जिस्किदै उडे झैं मेरी छायासित त्यही बागमा लुकामारी खेलिरहेको ।

एकदिन मेरी छायाले फूल टिपेर ममाथि प्रेम प्रहार गरेको अझै मलाई याद छ ।

त्यस दिन, जब उनी र म देवीको मन्दिरबाट फर्कदै थियौं, बाटोमा उसलाई मैले एक प्रेम विछोडको कथा सुनाउँदै आउँदै थिएँ, उनी मेरो कथामा अं...अं...गर्दै सही थाप्दै हिंड्दै थिइन् । त्यो दिन घर आइ पुगेको थाहै भएन । त्यो दिनको सम्झना पनि ताजा छ–मेरो हृदयमा ।

बाटोमा हामी आउंदै गरेका बखत हलुवा बेदको रूखमा दुइ जुरेलीका भाले र पोथीले सुरिलो गीत गाउँदै गरेको वेला–निष्ठूर व्याधाको प्रहारले मृत्युलोकमा पुगेको जुरेलीप्रती कति सहानुभूति प्रकट गरेकी थिइन् तिनले । जुरेलीको मृत आत्मालाई सान्त्वना दिन तिनका मुखबाट निस्केको आवाज च्च...च्च...च्च...पनि मैले बिर्सेको छैन हरे ! कति कोमल हृदय भएकी थिइन् मेरी छाया !

संधैं संधैं परेवाका भाले पोथी झैं एक छिन पनि अलग नबसी म सितैं साथ साथ दिन बिताइरहेकी तिनी, एक दिनको कुरा हो–मेरी छाया-सित अलग भएर कार्यवश मलाई ५।६ कोश टाढाको बाटो जानु पर्दा र कार्यको अपूर्णताले त्यो दिन त्यहीं बस्नु पर्दा यता मेरी छाया पानी बिनाको माछा मरुभूमिमा छट्पटिए झैं छटपटिएर रातभरि रोएकी थिइन् । मेरो हृदयकी दीप तिनी, कति प्रेमले बोलाउँथिन् मलाई । उनी खिस्स हाँस्दा औंसीको रातलाई पूर्णिमाको जूनले उज्यालो प्रकाश दिए झैं उनको हांसोले मेरो पीडित तथा दुःखित हृदय आनन्दले आलोकित हुन्थ्यो ।

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

..., सुलुक्क परेको तिनको नाक, गुलाबी-
...यूदो, हाँस्दा मोतीदाने देखिने तिनका दाँत
...थिइन् तिनी ।

...दिनको कुरा हो– विषम ज्वरले बेहोस थिएँ म । उनी मेरो छेवैमा ...को रहिछिन् । आफ्नो सुलुक्क परेको निधारमा चिट् चिट् पसिना झिक्दै छट्पटाएकी तिनले घरी घरी मलाई "कस्तो छ अंले ! कस्तो छ अंले ?" भनेर निकालेकी तिनको रोदन मिश्रित मधुर स्वर मेरो हृदय रूपी टेपरिकर्डमा अझै गुञ्जिनै रहेछ । मेरो सुख–दु:खमा साथ दिने तिनको प्रतिपल संझना भैरहन्छ मलाई । यस्तै किसिमले एकपछि अर्को गर्दै आइरहने मेरी छायासंग बितेका घटनाहरूको यादले म अत्यधिक विह्वल भएको छु ।

भनुँ भने कण्ठ अवरुध्द हुन्छ, लेखुं भने कलम रोकिन्छ, नभनेर त्यसै बसुँ भनेपनि ती सुखद दिनका कुरा विछोडका दु:खद दिनमा सोडामा आइसिक मिलाउँदा उम्लेका गाज झैं उर्ली उर्ली आउँछन्, ज्वालामुखीको विष्फोटले निस्केका लाभा झैं निस्कन्छन् । तब कहीं एकान्तमा गएर भक्कानो छुटाएर रुन मन लाग्छ मलाई–मेरी छायाको सम्झनामा ।

यी मधुर तर बिझाउने विछोडका घटनाहरू र प्रात: स्मरणीय सुखद घटनाहरूको असंतुलित तराजुमा जोखिदै कहिले तल र कहिले माथि उड्दै थिएं म । चुरोट सल्कदै ठूटो भएछ । चुरोटको आगोले एक्कासी मेरो हात पोलेपछि बल्ल म कल्पनारूपी विमानबाट एकदम तल खसें । हेरें–चारैतिर उही ढिस्को, उही चउर, झ्यालनेर बसिरहेको म, मेरो तलतिर पनि वरिपरि चरिरहेका तीनै गाई भैंसीहरू………!

–३७–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फक्रेको फूल

–कुलप्रसाद श्रेष्ठ

स्नेही रमा !

तिमी पूर्णिमाको चन्द्रमा । म तिम्रो प्रेयषी चखेवा र तिम्रो काखको सिरानी गराई एक रात म तिम्रो मुखारविन्द मेरा दुवै आँखाको अविरल पान गरी तिमीप्रति रहेको मेरो मनको धोको पोखुंला भन्ने मेरो आन्तरिक अभिलाषा छ । त्यो सुखद मौकाको लागि मैले धेरै प्रयास गरें । भगवान् संग प्रार्थना गरें । रातको बीचमा कति पटक म तिम्रो घर पछाडि गएर घुमें । परन्तु तिमीलाई बोलाउने वा संकेत गर्ने हिम्मत मैले एक चोटि पनि गर्न सकिन । किनभने मलाई डर यसैले लाग्दथ्यो, यदि त्यस अवस्थामा तिम्रा अरू कुनै परिवार या घर छिमेकीले थाहा पाए भने मैले कसरी समाजको अगाडि शीर ठाडो गर्ने ? त्यो अवस्था मेरो लागि म कलंकित सम्झन्छु, नैतिक पतन भएको महसूस गर्दछु ।

हो, मलाई यो पनि विश्वास छ । सच्चा प्रेमी र प्रेमिकाको भेटघाट जो कोहीको अगाडि जहिले पनि निर्भीकताका साथ हुनुपर्दछ । त्यो नै मानवताको विकशित अवस्था हो । तर सामाजिक वन्धनको कारण बुझेर पनि नतमस्तक हुनु पर्दो रहेछ । आजको सामाजिक वन्धन नैसर्गिक नियमको पनि वार बनिरहेछ ।

मलाई यो पनि थाहा छ । मेरो एकहोरो प्रेम भएको मात्र होइन, तिम्रो पनि ममाथि उत्तिकै हार्दिक प्रेम छ । तिम्रो रूप लावण्यले मेरो आँखालाई जतिको आह्लादित पार्दछ, मेरो स्वरूपमा तिम्रो हृदय पनि उत्तिकै प्रमुदित हुन्छ होला । म तिम्रो मुखाकृति हेरी प्यास मेटाउन पंधेरातिर चहार्न गएँ भने तिमी पनि पानी लिन जान पछि परेका हुँदैनौ । तिम्रा पछिल्तिर बाँटेका दुइ चूल्ठा र सारीको टुप्पाले जति मलाई प्रभावित पार्दछ; मेरो पोशाकले पनि तिमीलाई उतिकै प्रफुल्लित पार्छ होला । गंगा नुहाउन अथवा कुनै उत्सव समारोह इत्यादिमा संग संगै जाने संयोग परेको वखत मेरो नयनले धेरै समय तिम्रो शरीरमा लक्ष गरिरहेको हुन्छ । हुन त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युवतीहरूको अङ्ग प्रत्यङ्ग एकै नासका हुन्छन् ... हिंडाई र तिम्रो शरीरका अङ्ग प्रत्यङ्गमा देखि- ... मेरो शरीर प्रेमपूर्ण उमङ्गले सररर रसाइरहेको हुन्छ । संयोगवश तिम्रो हात स्पर्श गर्ने मौका मिलेको क्षण मेरा शरीरमा अमृत संचार भएको जस्तो अनुभव हुनेछ । यति मात्र होइन, कहिले काँही यस्तो कल्पना मेरो मस्तिष्कमा कल्पिरहेको हुन्छ कि तिमी र म यस्तो एकान्त ठाउँमा बसी जीवन व्यतीत गर्न पाइयोस् जहाँ अरू कोही मानिस नहोस् !

रमा ! मेरो आत्माको प्रबल अभिलाषा यही छ, तिमी र मैले हाम्रो प्रेम सम्बद्ध जीवन घनिष्टतासाथ बिताउन पाऔं सामाजिक अथवा अरू कुनै कारणवश यस्तो सौभाग्यपूर्ण मौका हामीलाई मिलोस् या नमिलोस् । मैले आफ्नो आत्मा तिम्रो आत्मामा समर्पण गरिसकेको छु । जबसम्म तिमी र म जीवित रहने छौं, मेरो यस लक्षमा परिवर्तन आउने छैन ।

× × × तिम्रो प्रेमी,

कैलास

प्रिय दाजु कैलाश,

तिम्रो प्रेमले मलाई राम्रै असर पारेको छ । जस्तो ममाथि तिम्रो अगाध प्रेम छ, उस्तै तिमीमाथि पनि मेरो वास्तविक माया छ । तिम्रो दृश्यले मेरो आँखा कहिले पनि अघाउन्न । तिम्रो मुख मण्डल देख्न नपाएको दिन बेकार गएको जस्तो मलाई लाग्छ । तिम्रो वचनले मेरो कानमा संजीवनीको काम दिइरहेको हुन्छ । तिम्रो स्पर्श पाएको त्यो क्षण–म आफू- लाई बिर्सने छु । तिम्रो र मेरो यो अवस्था हुनु हाम्रो निर्मल प्रेमको असर हो । यसमा सन्देह छैन । ममाथि तिम्रो सच्चा प्रेम नभएको भए मलाई यस्तो अनुभव हुने थिएन । यसैले मैले पनि आफ्नो आत्मा तिमी- लाई अर्पण गरिसकेको छु ।

तर म चाहेर पनि तिम्रोसाथ लाग्न सकेकी छैन । यसमा मेरो बा, आमा, दाज्यू, भाउज्यूको विचार प्रतिकूल छ । तिमी र मेरो सम्बन्ध हुनुमाभन्दा उनीहरू म अविवाहिता रहेमा सन्तुष्ट हुन्छन् । तिम्रो एक पुत्र र एउटी पुत्री भैसकेकोले समाज पनि मेरो आलोचक हुनेछन् । परन्तु, जे भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि आफ्नो आत्मीय लक्ष सफलिभूत पार्न
नभए के लाग्छ ? मेरो पनि त्यही प्रतिज्ञा, जब
तबसम्म तिम्रै प्रेममा झुण्डिरहने छु ।

तिम्रै प्रेममा झुण्डी

रमा

× × ×

"आमा, कैलाश दाज्यू कति भद्र स्वभावको मानिस हो । सबैसित सौहार्द्रपूर्ण सम्पर्क राख्न सकेको छ । आफ्नो घरको व्यवस्थामा पनि सरल तरीकाबाट मिलाएको छ । उनीमाथि आमा बाबु कति संतुष्ट ! भाइ बहिनीहरूलाई पनि इलममा लगाउनु पर्नेलाई इलममा लगाएको छ, पढाउनु पर्नेलाई पढाइ राखेको पनि छ । परन्तु विचरो ! स्त्रीरहित भएर रहनु परेकोले ठूलो पीर सहिरहनु परेको छ उनलाई । मलाई साह्रै माया लाग्छ उनीमाथि ।

"रमा, तिमीलाई किन माया नलागोस् । कहिले साख्खै हुन पाए हुन्थ्यो भन्ने पनि होला । झट्केलो–झट्केलो हेर्नु पर्दैन विचार नगरी त्यसै माया गर्‍यो भयो ।"

"आमा, कुनै उच्च खानदानको विद्वान् केटासंग मेरी छोरीको विवाह होस् भन्ने हजुरको इच्छा होला । त्यति मात्र किन, राजाकैं छोरासंग मेरो प्रेम बसेर उनकै साथमा रहन पाउने इच्छा राखुंला तर के करले प्रेम बस्छ ? कैलाशसंग नै मेरो आत्मा भिज्यो । अब उनी विना मेरो जिन्दगी रमाउन्न । मेरो आत्मा उनको आत्मालाई अर्पण भैसकेको छ । कैलाश संग म किन प्रभावित भएकी छु, त्यसको खास श्रोत म पाउन्न । कसैको कोहीसंग सच्चा प्रेम बस्छ भने प्रारब्धकै तारतम्य होला । आमा ! बरु यसोसम्म होला, म अविवाहिता भएर नै यो जिन्दगी बिताउँ ।"

"रमा, समाजमा उपेक्षित भै झट्केला बेहोर्ने झंझटमा जिन्दगी फसाउनु भन्दा त्यो धेरै उत्तम । हामीबाट अनुभव भैसकेको छ । झट्केलासहित जिन्दगी बिताउन कति मुश्किल हुन्छ । दुइ जना भएर एकान्त बस्न पाए सबैभन्दा आनन्द होला भन्ने तिम्रो जस्तो उमेरमा तिमीलाई हुनु पर्ने हो । हुन्छ, तर छोरा छोरीसहितको जिन्दगी कति कठोर हुन्छ, त्यो जिन्दगी बिताउँदा थाहा हुन्छ । इच्छा भएर पनि न देशको सेवा गर्न सकिन्छ, न भक्ति मार्गमा नै मन लगाउन पाइन्छ । परन्तु जे भए पनि झट्केला नभएको भए मैले विरोध गर्ने थिइन ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

... अनुभव नै प्रकट भैरहेछ । तर, मेरो ... जसको आत्मा कमजोर छ, ऊ अविवाहिता भए ...नन, हिम्मतले दाम्पत्य जीवनमा ठूल ठूला कार्य गर्न ... संघर्षमय जीवन नै उज्ज्वल जीवन भएकोले समस्यादेखि डर ...न्नु, मेरो विचारमा कायरता हो । मैले आमालाई अघि नै बताइ सकेकी छु, आत्मीय प्रेम फेर्न सकिन्न । सच्चा प्रेमीको अगाडि झट्केलो रोडा हुन सक्तैन, प्रेमी वहुला नै भए पनि श्रध्दा रहिरहन्छ भने कैलाश दाजु त ! झन् के भनूं ?"

"छोरीका अविभावकले आफ्नो मन्तव्य व्यक्त गर्न सक्तछ मजबूरी गराउन सक्तैन । कारण शक्ति लगाएर गरेको काम स्थायी हुँदैन । राम भन्न मात्र सकिन्छ, काँध थाप्न सकिन्न । अतः तिम्रो त्यस्तो इच्छा छ भने दुःख वा सुख पाउने तिमी नै हो–जस्तो तिम्रो इच्छा ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुशी बेपत्ता भई

–सुश्री चमेली शाक्य

सुशी कहाँ गई, कहाँ ! बेपत्ता भई । आज १५ दिन जति भैसक्यो । उनको अत्तो पत्तो लागेको छैन । दुलाहा घरबाट र माईत घरबाट ५ दिन सम्म मान्छे पठाई खोज्न लगाइएको हो र स्वयं सुशीको आफ्नै दाज्यू दिलुले पनि गाउँ-घरमा धुँई धुँईती खोजेको हो, तर पाउन सकेन । सुशी नपाइने गरी बेपत्ता भई ।

× × ×

एक महीना पहिले सुशी र रणे कति आनन्दसाथ दिन बिताउने गर्दथे । त्यसबेला उनीहरू ज्यादै सुखी थिए । तर दिन सँधै एकै रहंदैन । यहाँ दिनपछि रात र रातपछि दिन आउँछ । बिहान सुनौला प्रभातले उज्यालो दिनको सङ्केत गर्दछ भने त्यस्तै सन्ध्याको मधुर लाली किरणले अन्धकारको । यहाँ परिवर्तन आइरहन्छ; किनभने यो प्रकृतिको अटल नियम हो । सुशी र रणेको बीच रचिएको प्रेमको बन्धन धेरै दिन रहन सकेन । उनीहरू विवश छन् । दिलले चाहेर पनि लाचार भई त्याग्नु परेको छ– तिनीहरूले आफ्नो प्रेमलाई । रणबहादुर– रणेको पूरा नाउँ हो । आज ऊ सुशीसंग विछुडिएर पल्टन जाँदैछ–गरुङ्गो हृदय लिएर–मनमा नजानिंदो व्यथा लिएर–सुशीको निर्मल प्रेमलाई नचाहेर पनि चटक्क छोडेर ।

एक दुइ कदम गर्दै रणेको गाउँ रणेदेखि टाढा हुँदै जाँदैछ । गाउँ प्रतिको माया मोह र सम्झना विस्तार विस्तारै बढ्दै गै उसको हृदय भरिन्छ । सुशीको भोलाभाला पन, स्वच्छ प्रेम अनि सुशीको प्रतिमूर्ति ऊ आफ्नो हृदय सागरमा पीडेको पाउँछ । ऊ झण्डै डेढ दुइ कोश पर पुगिसक्यो । यस बीचमा पर्ने ती रमाइला प्राकृतिक दृश्यहरू पनि प्रतिपल उसलाई ऊदेखि टाढा हुँदै गएको प्रतीत हुँदै गइरहेको छ, तर यी रमाइला दृश्यहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...न हुन्छ। वनको बीचमा माथि पहरादेखि ...पी बगिरहेको झरना आफ्नै सुरमा छ । यसको ...उसमाथि मोहनी लाउन सकेको छैन । वनको नीरव ...ह शान्तिले रणेको दिलले शान्ति पाउन सकेको छैन। कल्कलाउँदो ...रा, रूख–पातहरूले गाएको मीठो गीत पनि उसलाई नियास्रो र विरानो पार्ने साधन बनिरहेछ । जङ्गलको बीचमा तेर्सिएको नागबेली गोरेटो साँच्चैको साँप झैं लाग्दछ । उसको दिल भित्रभित्रै अथाह वेदनाले भरिएको छ । वनमा कराउने न्याउली र झ्याउँकिरीको स्वरले झन् वेदना थपिरहेको छ । आजको बदलिएको नियास्रो दिनमा ऊ बाटो हिँड्दै आफ्ना अतीतका सुखद दिनहरू सम्झन्छ ।

× × ×

त्यही दिनको कुरा हो—

रणे आफ्नो गाउँ छोडी अर्को गाउँ भएर गैसक्यो, तर विचरी सुशी अथाह वियोग वेदना सहन नसकी त्यहीं ढुङ्गामा घोप्टो परेर रूँदै बसीरहे । एकै छिनपछि उसले आफूलाई एकदम एकलो पाई। उसको कलिलो प्रेमको अङ्कुरमा घाम पानी पर्न पाएन । वेदनाले हृदय पोलिन थाल्यो । वियोग व्यथाले भरिएको दिल पानी झैं छचल्किन लाग्यो । लामा लामा पीडाका उछ्वासहरू भित्रैदेखि निस्कन थाले । 'आँखा नै हृदयको झ्याल हो ।' सुशीको वेदनायुक्त दिल उसको आँखा, चेहरामा प्रष्ट झल्किन्थ्यो । भित्र रहेको पीडा र वेदनाहरू ऊ कहाँ गई शान्त गरोस् ? जति थिए तिनीभित्र दनदन्ती बलिरहेका थिए । रणेले झैं उसले पनि बितेका घटनालाई सम्झी। अहिले उनको लागि विगत ४ महीनासम्म रणेसंग बिताएको ती सुखद दिन खालि अहिले सम्झनुको विषाद मात्र भएको छ । वनघाँस, दाउरा पात गएर रणेको अनुपस्थितिको विषादलाई अहिले शान्त पार्न चाहन्थी । त्यसैले ऊ डोकोमा ग्राग्रो राखी पानी भर्न कुवा गई। बाटोभरि र कुवामा पनि तातो आँसुका ढिक्का खसाल्दै ।

बाटोमा उसले आफ्नी छिमेकी भाउज्यूलाई भेटी । ऊ केही बोलिन। भाउज्यूले थाहा पाई हाली कि आज रणे गएको दिन हो। बसेको ठाउँमा उसको दिन छैल । उनलाई खान मन पनि लागेन । त्यसैले आज उनी भाग पनि बसिन । संपूर्ण रात उसले रणेकै सम्झनामा बिताई । भोलि-पल्ट जहाँ पनि उसकै कुरा गाई गुई चल्न थाल्यो। गाउँ घरमा बूढा बूढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि उसकै कुरो गर्थे ! पँधेरामा –
–त्यही कुरा । जंगलमा गोठाला केटाकेटी र
र सुशीकै चर्चा । खेतमा, बारीमा खेताला खेतालीहरू
गर्दथे । गाउँ घरमा उनी र रणेको बारेमा धुइरो कुरा सुनिन
उनको दाज्यूले मात्र नसुन्ने भन्ने त कुरै भएन । सुशीकै भाउज्यूले सब कुरा भनी दिई । आमा बाबु नभएकी, दाज्यू दिलुकै आडभरमा बसेकी झन् यस्तो नराम्रो कुरा सुन्नु परेपछि दाज्यू भाउज्यू नहो उनीहरूको दृष्टिमा झन् ऊ आंखाकी कसिङ्गर बनी । सुशीले जतिकै काम गरेकी भए पनि थोरै र नराम्रो भयो । उसले गरेको काममा भाउज्यू दोष मात्र लगाउन लागी । बातै पिच्छे कटु वचन र छेड हान्न लागिन् । उसलाई यो घरमा अब बस्न मुस्किल भयो । एकातिर आफ्नो फक्रन लागेको फूलमा घाम पानी नपाएर ओइलिन गएको दिल, अर्कोतिर घरमा बसी खानु भएन ।

आफ्नी बहिनीको यस्तो चालदेखि दिलुले पनि उसको छिट्टै घर-बार गरी दिने विचार गऱ्यो । यस्तैमा सुशीलाई पाउने आशामा चन्द्रवीर, दुइ जना नानीको बाबु भैसकेको रांडोले माग्न आयो । दिलुले पनि धनको लोभले यस्तैलाई सुशी दिई पठाउने निधो गऱ्यो ।

भोलि त उसको विवाह हुने पक्का भयो । दुवैतर्फ विवाहको लागि तयार भैरहेको थियो । गाउँ घरका केटीहरू दुलही हेर्ने निहुँले उसलाई हेर्न आउन लागेका थिए । तर उसलाई भने आफ्नो भावी जीवन बिताउनु पर्ने दुलाहा नै मन परेको थिएन । उसको मनमा रणेप्रति प्रीतिको लहर आउन छोडेको थिएन । रणेको प्रेम ताजा नै थियो । यस अवस्थामा चन्द्रवीरलाई आफ्नो पतिको रूपमा ग्रहण गर्नु उसको लागि वज्रपात हुनु जस्तो थियो । रणेकहाँ जाउँ–परदेश कहाँ हो कहाँ…?, कसरी रणेलाई पत्ता लगाएर भेट्टाउने ?–उसलाई थाहा छैन । गएर बीचैमा गुण्डागिरीको जालमा पर्ने हो कि ? के विश्वास ! नजाउँ त भोलि आफ्नो बाबु भन्न सुहाउनेसंग विवाह हुने । त्यसैले उसले अरू केही उपाय देखिन–त्यो घर-बाट भागेर जानु सिवाय । त्यसकारण त्यसै राती सुशी भागी । ऊ कहाँ गई ? थाहा भएन । अत्तो पत्तो लागेन । ऊ बेपत्ता भई ।

–❁–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म किन भिडिन ?

भूमि सुधार लागु हुनुभन्दा अगाडि
(२०१७ सालमा लेखिएको रचना–सम्पादक)

–शास्त्रदत्त पन्त

नील गगन टाटे पाटे टाटे पाटे भएको छ । चारैतिर क्षितिज अटमस्ट भएको छ । मानो आज उसले मोही र पयाःले आँटो खूब खाएको छ मुटु फुल्ने गरी । धेरै दिनदेखि बासी बिदा परेको छैन । एकै क्षण विरविरे पानी परे पनि घण्टौं घण्टा दर्कि नै रहेको हुन्छ । प्रायः धेरै किसानको निमित्त मेघ हर्षको कुरा भए पनि कसै कसैको लागि दुःखको वैरो हुन्छ । झम झम झरीसंग वेदनाका स्मरणहरू पनि तह तह गरी झरी रहन्छन् । अभागीहरूलाई फुर्सदको दिन पनि चौपट्ट दुःखका दिन हुन्छन् । उनीहरूलाई त एक क्षण पनि फुर्सद हुनु हुँदैन, कामै गरिरहनु पर्दछ । नत्र उनीहरूका दिमागमा बितेका दुःखद दिनका घटनाहरू एक एक गरी पाप्रा पाप्रा बनेर उक्लन थाल्दछन् । पाप्रा उक्कंदा उक्कँदा घाउ यति गहिरिन्छ कि त्यहाँभन्दा बढी वेदना अरू हुनै सक्तैन ।

धेरै अगाडि यता उता छिचरिएका हालान्, तर यहाँ एउटा अभागी छ । पानी ओढेर शहर बसाइएको काठमाडौंको गहिरो खाल्टोभित्र यति खाँदिएका घर छन् कि यहाँका घरले सासै फेर्न पनि हावा तँछाड मछाड गरेर लुकामारी गर्दछन् । एक तला माथिकाले त अलि सास फेर्दछन्, तर छिँडीमा त बतासै हुँदैन । किनभने छिँडीको तला यति होचो हुन्छ कि यहाँ बतास पस्नै मान्दैन । यसैले मान्दैन कि ऊ पसेपछि बाहिर निस्कनै जान्दैन । किनभने यहाँ पस्ने ठुला–ठुली केही हुँदैन र सानो ढोका हुन्छ, बस् । बतास यसैले पनि पस्नै मान्दैन कि उसले त्यहाँ बाटै देख्दैन, किनभने छिँडीको कोठामा कहिल्यै उज्यालो पुग्दैन । हजारौं हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किलोवाट बिजुली । तर नलागेको का
जल्दैन । वरु छिंडीका कुनामा वेढंगका नालो
दिशा, पिशाब गर्दा ढोकासम्म पुग्दछन्, सिग सिगो
सम्म चिसो पसेको हुन्छ । वरिपरि किनारमा सेतो बाखर जमेको
झ्याउ लाएको हुन्छ र च्याउ उम्रिरहेको हुन्छ। अनि छिंडीको सतह ग
भन्दा तलतिर हुन्छ । कहिले काहीं त मानिस लगायत कुकुरसमेत गल्ली गल्लीका दिशा पिशाब बोकेर भल आउँछ भित्रै, अभागीहरूलाई खोज्दै संगै बस्न ।

मल मूत्र, गन्दा र च्याउ ह्वास्स गह्नाउँदछ–कालो छिंडीभित्र, तर मान्छेको जात अनौठो छ । बानी पर्नु पर्दछ । विस्तारै ह्वास्स गह्नाउने पनि मन्न बसाउने हुन्छ नै ।

यस्तै एउटा असनको अंध्यारो छिंडीभित्र एउटा अधवैंशे लम्पसार परेको छ । निदान गरेर हेर्दा हर मुनि ढुसी परेको एउटा सुकुल छ । शरिमूनि भन्न सकिदैंन उसकै हात हो कि शायद सुकुल तलबाट दुइटा ईंटा जोडेको छ । हरमाथि धुजा धुजा भएको खैरो रंगको मैलो रग छ चिसो चिसो । काम गरेर खाएको ऊ अब ओछ्यानमा छ । "तं पनि मान्छे होस् ?" उसका कानमा घन्क्यो । यस वेला भ्रम त होइन, शायद विभ्रमै भयो कि । "अ" उसले सम्झ्यो "रेक्सावाट माल उतार्दा वियरका सिसी ढाकेका खोल चेतिएर उदाङ्ग भएका थिए अनि उसका तत्कालीन मालिकले भनेका थिए "तं पनि मानिस होस् ।" हो म तातो रिसमा आएर जागेको पनि थिएँ 'हो हजुर म रक्सी नखाने मान्छे हैन ।"

ऊ झसंग झस्क्यो । मुख ढाकेको रगलाई हातले हुत्यायो । दुइटा हातको भरले विस्तारै उठ्यो अनि इँडाल्नालाई ढुंडेसी लाएको बुङ्गा ईंटको भित्तामा अड्यायो । ऊ खूब घोरियो, क्वारक्वारती अन्धकारलाई हेरिरह्यो । उसका परेला धेरै बेरसम्म नचली रहे रहे । अनि लामो सास तानेर मुन्टो हल्लाउँदै भन्यो "हो, म सांच्चै नै मानिस हैन। उसले ठीक भनेको हो, हो म सांच्चै नै मानिस हैन । "ऊ घुप्लुक पऱ्यो, दुइ हातमाथि पुर्पुरो राख्यो र घोप्टी रह्यो । उसका दिमागमा कुरा वैरिए । कुरा आफू आफूमा टकरिए, बाहिर निस्कनै पाएनन् । कुरा यति धेरै भए कि उसको नाजुक शरीरले थाम्न सकेन । ऊ निस्तेज भयो । होसरहित भयो । एकै

बुकी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...गका एक एक कुरा आँसु बनेर निस्के ...हालेर आफ्नै हात हे-यो–आँखा नजीक पारेर। ...धारा लागे । किन हो कुन्नि, उसले आफुलाई फूर्तिलो ...। उसले के के सोच्यो कुन्नि ? खूब रिसले चू-यो । कसै कसैको ...ला घोटुं जस्तो गरेर जुर्मुरायो । "म पनि मान्छे हुं ? हो उसले ठीक भनेको हो, म मान्छे हैन । म मान्छे भएको भए सबैलाई मान्छे बनाउने थिएँ" उसले के के सपना देखिसकेको छ । उसको दिमागमा के के कुरा नाचिरहेछ, उसले संग्राम नै देखिरहेछ, उसलाई अत्याचारको विरुध्द विद्रोहको मूल फुटाउन मन लाग्यो ऊ जुरूक उठ्यो, सरासर ढोकामा पुग्यो । उसको दिमाग रन्क्यो, उसलाई फन्न घमायो । तिघ्रा लुला भए, ऊ पल्टिया, मूर्छा प-यो ।

घाम अस्ताई सकेको थियो, बाहिर झुलमुल भैसकेको थियो, मूर्छा भएका अधबैंसेको कानमा कता कता बोले जस्तो आवाज आयो, एकतार-संग हल्लाईरहेको । ऊ विस्तारै होशमा आयो, र आफूलाई पायो दुइ बच्चाहरूका बीच । उसका शिरपट्टि लुरे झांटे सात वर्षकी केटी औ पयरपट्टि करीब ६ वर्षको केटो, निन्याउरो भएर क्वारक्वारती उसको चेहरामा हेरिरहेका । उसले बाल बालिकाको मुखमा सरसर्ती देख्यो, घन्रेर आफ्नो ओछ्यानमा गएर पल्टयो–यथावत् झैं केही बोलेन, केही भनेन ।

केही महीना अगाडिसम्म त मट्टितेलको सानो टुकी बल्थ्यो–त्यस काठामा, एउटा कुनामा आगो बल्थ्यो, टक्र्याक टुक्रुक भांडा बज्थे । तर यता कैयौं महीना विते, यस्तो केही भएको छैन । के गर्दा उसका हातले भेट्टायो एक मुठी भट्ट र चनाका भुटेका गेडा–कागजमा अनि त्यसमाथि एउटा पातलो पाउरोटी-- उसको खाने खुराक यही थियो । हरेक दिन यही पाउदथ्यो ऊ आफ्नो तकिया मुन्तिर । सँधै सुस्त सुस्त टोक्थ्यो तर आज उसलाई टोक्न मन पनि लागेन उसले खाने कुरालाई जस्ताको तस्तै छाड्यो । अनि ऊ पल्टिरहयो ।

धेरै रात विति सक्यो, उसलाई नींद लागेको थिएन । उसले सोचेर सकेकै थिएन । निस्तब्ध चूक घोप्टिएको जस्तो अँध्यारोमा उसले आफूलाई एक्लै पायो । उसले सोच्यो–हो म पनि मान्छे हुँ ? म मानिस भएको भए त म भिडी हाल्थें नि, अन्यायसित लडी हाल्थ्यें नि, मलाई कसले चुसेन ? म जस्ता अभागी कति चाउरिए, कति दाउरिए, कति घोती न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टोपीका भए कति–कति–कति ? किन मैले म... विरुध्द नारा लगाइन ? मेरो रगतका थोपा थोपा... समाज, राज्य ? मैले सबैलाई मान्छे मात्र देखें तर आफूलाई म... देखें । किन म भिडिन, लडिन र लडेर मरिन बरु ? शायद समा... भयले होला, अत्याचारको त्रासले होला, शायद मैंले सबसित मुलाकात राख्न चाहेकोले होला । हो त नि हामी जस्तैले त चाकडी गर्नु पछ, नत्र भने जिउने त कुरै पर जाओस्, टेक्नै पनि त गाऱ्हो पर्दथ्यो नि" उसलाई अगि पछिभन्दा झन् लामो खोकीले उसका तरंगलाई बिथोली दियो, जसरी तालको पानीलाई हावाले बिथोल्छ । उसले खोकी सकेर त्यहीं कतै थुकी दियो । दायाँ कोल्टे फर्क्यो अनि सोच्दै गयो "बाउको एउटा शिर ओट्ने छाप्रो त थियो । कतैबाट निथु्क् गरेर ल्याएको बचाएर त खान हुन्थ्यो नि; दैलामुनि खुर्सानी लगाउने एउटा सुर्कीन थियो, कहिले कहीं गाँस अड्के एउटा घोगो टिपेर जिब्रो ठाँटो त गराइन्थ्यो । उस्...के गर्ने ? बाह्रै महीना उसैकहाँ काम गर, हलो जतेर खाएको दुइ तीन सय देखायो । वर्षि नै डब्ल्याएको डब्ल्याएकै गर्न थाल्यो बरु यसरी फँस्नु भन्दा त्यही सुर्की घर बन्धकी दिए त डब्ल्याउने कुरा हट्ला भन्ठानेर बन्धकी गरी दिएं । फटाहाले राजीनामै गराएछ, एक तर्फी गराएर पास पनि गराएछ । म लाटोलाई के थाहा ? म त झन् उल्टै केही वर्षमा निखनुंला भनेर उसैकहाँ थारो भैंसी, डोको, हलो मागें । दुइ दुइ वर्ष पालें तालें; कति राम्रो मोटाएको थियो ! भरे भोलि भएको वेला भीरबाट खसेर मऱ्यो" उसले घुंक घुंक् गऱ्यो, लामो सास तान्यो एक मुठी आँसुले श्रद्धाञ्जली दियो । फेरि उत्तानो पऱ्यो "घर बारी त लियो लियो, भैंसीको पोका नतिरेसम्म नोकर बस्न पऱ्यो, उसैकहाँ । एउटा हैन, दुइटै, पांच पांच वर्ष बस्दा पनि सकिएन । दुइटै–ऊ पनि म पनि, कठै ! बरु तिम्ले शान्ति पायौ हैन ? खानु केही छैन, कामै काम मात्र, विचरी स्वास्नीमान्छे ! प्रकृतिले नै कति कोमल बनाएको हुन्छ, कठोर कामसित लडिरहन सकोस् । विचरीलाई खपटेले समात्यो । एक वर्षसम्म घिङ घिङ त्यसै झुण्डियो सास् ।

विचरीले औषधी मूलो त परै जावस्, स्याहारसम्म पनि पाइन के गर्ने मैले नचाहेको होइन, मलाई माया नलागेको होइन, मैले माया नगरेको हैन, उसले पनि मलाई कति माया गर्थी, कति

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...ुवस्ता हुँदैआएको छ, अलि तागत नभएर ...न्थी । एक दिन विचरी जति काम भए पनि ...ु दिनभरि मुख हेरा हेर गरौं, मनको विरह पोखौं, ...ाई अल्लि फूर्ति आएको छ भनेर भनी, म पनि बसें कठै ! सधैंको ...ागि छाडेर जान मन लागेको रहेछ र पो त आफ्नो मुटु चुंडेर आफैले फाल्न पऱ्यो एक्लै, कठै ! मेरी माया !......" उसले घुंधुं घुंघुं गऱ्यो खुब निचरियो फेरि बायाँ फर्क्यो । के गरोस् शरीरमा हाड मात्र छन् । जता फर्के पनि बिझाई मात्र रहन्छ झन् झन् घोप्टिई रहन्छन् । एक क्षण ऊ अवाक् भयो, मुटुमा भक्कानो फुटेर आयो, घाँटीमा गाँठो पऱ्यो । मनका तरङ्ग त्यसैले अल्झिए कता···कता ! त्यो भयावह दृश्य उसले देख्न सकेन, आँखा चिम्म गऱ्यो । हेर्दिन भनेर जति टम्म परेला कस्यो उसले उति नै स्पष्ट गरी देख्न थाल्यो । भएन भनेर आँखा खोल्छे अँध्यारोमा केही देख्दैन उही दृश्य । उसले हेरि नै रहयो--टवाल्ल ! उसको कानमा एकाएक आवाज आयो--"हिजो पनि उसकी आँबै मरी भनेर गाई भैंसी भोकं, थुनको दूध थुनमै रह्यो, आज पनि त्यही गधा शोक। चलाक छ, "हिउँ आएको निहुँ पाएको" उसका कान रन्न ताते । "मैले केही जवाफ दिइन । के जवाफ दिने ? के कुरा बुझाउने ? त्यस दुष्टलाई; धिक्कार छ । गरीबलाई प्यार गर्ने अधिकार छैन, सत्य कुरा बोल्ने अधिकार छैन, उचित काम गर्ने अधिकार छैन । तर यो प्यार ! यो प्यार ! यो प्यार पनि कस्तो ? जम्मै प्यार धनी-धनीकहाँ थुप्रिए हुन्थ्यो । ठूला ठूला कहाँ वैरिए हुन्थ्यो । यो झन् गरीब कहाँ नै बस्न किन खोज्छन् ? अझ धेरैधेरै म जस्तै अभागी कहाँ बस्छ । शायद धनी, सेठ, सामन्तकहाँ यसलाई ठाउँ हुँदैन हाला ? त्यहाँ मीष्टान्न र ऐश्वर्यले भरिपूर्ण हुन्छ होला । त्यहाँको प्यार नौला नौला वस्तुसंग बाँडिएर पातलिन्छ होला । तर, तर म के गर्ने ? म जस्ता अभागीको माया राख्ने ठाउँ नै त्यही हो । प्रकृतिले यति धेरै दिएको माया, हावा र पानी पनि गरीबलाई भोग गर्ने अधिकार छैन । यस्तै छ दुनियाँ !"

"मरणासन्न हुँदा पनि आफू जन्मेको थलो कति प्यारो हुदोरहेछ ! छाड्न कति गाह्रो हुने हो । मेरा त हैनन् नि आफू, मेरा हातले पालेका वस्तु छाड्नै कति गाह्रो ? पाडा, बाच्छा पाठा–आफ्नै छोरा छोरीभन्दा केही फरक थिएनन् । अझै त्यही बस्नसम्म पाइन्छ कि भनेर उजुर गरें, चिल्लाएँ, कराएँ, बिन्तिभाउ गरें, तर कसैले सुनेन । मूर्दालाई कात्रो भेटी चढाइन । चाहे यो कहाँबाट पाउने र ? तँ जस्ता फजुलमा कराउने धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएका छन् । तँ त फटाहा होस् बुझिस्
बनाई दिए न्यायले न्यायको ठेकेदारले । म जस्तै
चित्त बुझाएँ । कसो–कसो ! मुखबाट चुहीं हालेछ–
भएन, घाम कहिल्यै झुल्केन, सत्य कहिल्यै जन्मेन ।" यति के भन्
म त इजलासको बेइज्जती पो गर्ने भएँ, न्यायाधीशको बेइज्जती गर्ने भएँ,
उल्टै गाली बेइज्जतीका कति धारा लागे दया गरेर कम दण्ड गरेको पनि तीन दिनको कालकोठरीको बास । अब त मैले धेरैलाई चिनीसकें, दुनियाँलाई छर्लङ्ग देखिसकें । तर, तर…अझै मैले समाजलाई किन प्यार गर्दछु । अझै मलाई किन मान्छे देखेर माया लाग्छ शायद अझै मलाई समाजसित आशा छ, अझै मलाई समाजले माया गर्ला भन्ने मैले सोचेको छु, अझै म बाँच्न चाहेर होला ।"

अलि तातो खोजे जस्तो गरेर दुइटा हात कुक्रुक पारेर ऊ घोप्टो पर्‍यो। आँखा टर्रा भएका छन्, नींद भने पटक्क परेको छैन । उसले आफूलाई अलि फूर्तिलो भएको अनुभव गरेको छ ।

अनि ऊ "त्यस वेला म किन भिडिन, किन सामन्तको विरोध गरिन किन मानवत्वको खोज गरिन ? संसारमा जन्मेपछि सबैले खान पाउनु पर्दछ, जन्मेपछि सबैले बस्न पाउनु पर्दछ । खानको लागि सबैले काम गर्नु पर्दछ । आखिर सम्पतिको पोका बोकेर त कोही जन्मेको छैन ! दुनियाँ नै म जस्तै नाङ्गै जन्मेको त हो ! म जस्तै नाङ्गै मर्ने पनि त हो । प्रकृतिले आफूले बनाएको चीजमा ममा र यी सामन्तहरूमा केही फरक पारेको छैन । यो अन्याय प्रकृतिले गरेको होइन । यो त यी मान्छेले गरेका हुन्, मान्छेले । हामी तमाम मानिस मरेर मुठीभर शोषहरूलाई चुस्न दिइरहेका छौं । यो त मेरो भूल हो । म जस्ता धेरैको भूल हो । किन म भिडिन ? किन संघर्ष गरिन ? किन अन्याय अत्याचारको जरो उखेलिन ?"

उसले शिर उठायो अनि एक पटक आफ्नै हातमाथि बजार्‍यो–"तर, कसरी संघर्ष गर्ने ? मेरो विचार रेडियोले बोल्दैन, कसैको कलमले कोर्दैन, कसैको प्रेसले छाप्दैन । सत्य कुरा प्रकाशमा आए उसैलाई दण्ड मिल्छ, उसको भविष्य अँध्यारो हुन्छ । यसको बदला कसैको गुणगान गरे त तक्मा मिल्छ, पैसा मिल्छ, आराम–आनन्द मिल्छ-कति कति । अं म ठाउँ ठाउँमा गएर भाषण गरुँ ? तर म पागल मात्र हुन्छु, कोही सुन्दैनन् । फेरि म त्यति प्रभावकारी बनाएर अभिव्यक्त गर्न पो कहाँ सक्तछु र ? मैले

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...न, तर कसले दियो मलाई पढ्न ? मैले
... मैले पढ्ने रूपैयाँ कहाँ पाउने ? यहाँ त विद्या
...मात्र विद्या किन्छन् । हामी अभागीले हैन । लेख्ने
...सेखे पनि व्यवहारमा हामीलाई अध्ययन गर्ने अधिकार छैन ।
...वर्ष नपुग्दै बाबुले अक्षर चिनाएका त्यसैको भर हो अनि श्रुति मात्र··· ।"

ऊ झस्क्यो, दुनियाँको अनावश्यक कुरा सोचिरहेकोमा आफैलाई मन मनै गाली गर्न थाल्यो । नींद आई दिए हुँदो हां जस्तो लाग्यो । जबर-जस्ती ऊ निदाउन खोज्यो आँखा टम्म जोऱ्यो, तर नींदै आएन । संम्झ्यो आफ्नै इतिहास–"गरेर खानु पर्ने तर निमेक पाइन–त्यो थलोमा; के गर्ने ? दुइ मुठी माया बोकेर यहाँ आएँ । मोटर हवाईजहाज धेरै मानिस आउने जाने ठाउँ, सानो–गुन्टो यताउति बोकेर पनि, कसैको माल यताउति सारी दिए पनि एक दुइ पेट रुख्खा खान त पुगि हाल्ने । कसैले पत्याए रेक्सै हाँके पनि भयो, काम त अलि अलि नपाइने हैन, बरु यहाँ आए पछि हो– एक पेट सञ्च खाएको । यो गरीब बस्ने ठाउँ त हैन । यहाँ गरीबले न्यानो दिन वर्षभरिमा एउटो पनि बिताउन्न होला । कुकुर्किंदा कुक्र्किंदै जिन्दगी बित्दछ । त्यसैले यहाँ पनि खै त्यस्तै हो, यो दुनियाँ सामन्तै सामन्तको हो । पत्रिका बेच्छु भनेर गएं, पहिले नै पैसा चाहियो । म पाले हुन त अयाग्य अवश्य थिइन, तर कसैले दिएन, किनभने मेरो भनी दिने कोही थिएनन् । अभागी आखिर अभागी नै हां ।"

"अभागी, अँ म अभागी हुँ, बिचरीलाई जस्तै मलाई पनि खपटेले समात्यो । तीन तीन महीना भैसक्यो म थला परेको–मनलागेर होइन । तर मलाई बाँच्नु छ , अहंको दुनियालाई प्यारले बाँधेर देखाइ दिनु छ ।" –ऊ अझ गुटमुटियो, लामो लामा सास तान्न थाल्यो । उसलाई स्याँ स्याँ दम बढ्यो– मानौं ऊ उकालोमा दौड जितेर आएको छ । उसले मनमा अरू केलाउँदै ल्यायो–"अशक्त अवस्थामा परेपछि अस्तपतालमा गएँ । तीन महीना अगाडि न हो ! दिनभरि कुरें, दश पल्ट सोधें–सकी नसकी । कसैले केही जवाफ दिएनन् । एउटै जवाफ पाएं, अन्त्यमा–'आज टायम सिद्धियो, भोलि आउनु । एक मनले नसोचेको होइन–ऊ औषधी नगरीकन मरी त मलाई केको औषधी गर्नु पऱ्यो ! म पनि मर्छु बरु फाल हालेर मर्छु कहीं; तर मलाई रोक्यो, कसैले रोक्यो, कसैको मायाले रोक्यो, कसैको नासोले रोक्यो । मलाई सकेसम्म बाँच्न मन लागेको छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"भोलि पल्ट पनि गएँ । बल्ल बेल
मात्र के लागेको थिएँ, त्यही बस त्यही बस भ
कागतमा लेखेर दिए, नर्सले एउटा सूई लगाई दि
भन्ने भयले यसो सुईतिर आँखामात्र घुमाएको थिएँ, कति नर
लगाइन्, संझन पनि सक्तिन । म उनीतिर फर्केर सास फेर्दा मेरा रो
कीरा उनलाई सल्कन्छ रे ? मलाई यस्तो कुरा के थाहा ? मलाई टी. बी. (सुके रोग)नै भएको छ भन्ने कुरा के थाहा ? अस्पताल हो, जस्तो कुरा पनि त सहनु पर्दछ, कसरी बच्ने भन्ने त पढेकै होला नि, औषधी त उनीहरू कै हातमा छ ।"

ऊ अब वडबडाउन थाल्यो–"बाँच्नको लागि मैले कति पटक कति डाक्टरसंग चिरौरी गरें–कमसेकम अस्पतालमा भर्ना गरी दिनोस् भनेर । तर कसले सुन्ने ? पछि फर्केर सीट खालि छैन सम्म भन्थे–एक जना डाक्टरले । के गर्ने धाउन पनि सक्न छाडें । पल्टीरहेछु- धरती माताको काखमा । हो, मलाई कसले भर्ना गरोस् ? न मैले कुनै मन्त्री महोदयको सिफारिस ल्याउन सक्छु, नत मेरो नाल नाता न कुनै उच्च ओहोदाको पदमा छ । म जस्ता कुहुनै पर्दछ । कुहें, ठीकै छ ।"

अब त विहानी हुन थालेछ क्यारे उसले अलि जाडो भएको अनुभव गर्न थाल्यो । ठंडी जति जति बढ्छ, उसको खोकी उति उति बढ्दै आउंछ । ऊ खुब खोकीरहेछ पेट हप्याक हप्याक हुने गरेर । खोक्दा खोक्दै उसको एक प्राण मर्दछ । अनि अलिकति कफसित रगत पाक्दछ । खोकीले मात्र हैन, विगत दिनका घटनाले ऊ अरू सहश्र आँसु बहाउन थाल्दछ ।

ऊ धुंक धुंक रोयो–"विचरीले छाडेका मेरा दुइटा आशाका पाका छन्– सात वर्षे छोरा र छोरी । मलाई पालिरहेका छन् मागी मागी एक मुठी चना र एक मुठी पानी खुवाएका छन् । कठै ! विचरा यी नावालकमा वरु मानवत्व छ । धन्य ! यहांको मानिसको दया ! दिनभरि माग्दा सुका चराना जम्मा गर्दा रहेछन् । म मान्दिन, यो मानवत्वको लागि हैन, हैन, मालिक वन्न दुइ पैसा फ्यांकी दिन्छन्–परैबाट । मानवत्व भए त माग्नै दिन हुन्न । त्यस्ता जति भेटिन्छन्, हुलिया खोजी हाल्नु पर्दछ । अनाथा-लयमा राखी दिइ हाल्नु पर्दछ–ताकि उनीहरू आफ्नो भावी जीवन पाल्ने सक्ने पनि हुन सकुन्, दुइ चार अक्षर पनि पढ्न सकुन् ।"

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्न थाल्यो–"मैले रेक्सै हाँकेर वा भारी ...लाई राम्ररी पढाउन चाहेको थिएँ । त्यसैका ...उन छिडीं कुरेको हुँ । तर आज, विचरा दिनभरि मागेर ... जे जे पाउँछन् त्यही खान्छन्, सत्तल, फूटपाथ र सिनेमा हलका ...का सिमेन्टीका भूईंमा सुत्छन्, कति पो बांची हाल्ने छन् र यी पनि !" लामो सास फेरी भन्यो उसले, "बाँचे पो के बुद्धि हुन्छ र यिनीहरूको ? मागेर खाने बानी बसिसकेपछि, उनीहरू त्यसैमा रमाउँछन्–प्राण रहेसम्म ।"

"म पनि मान्छे हुं ? मान्छे भए त भिड्थें लड्थे–यो अन्यायको लागि । म संघर्ष गर्थें, मर्थें वा मार्थें सामन्तलाई अनि तार्थें हजारौं म जस्तालाई, हजारौं हजार दीन हीनलाई–पीप पूरीबाट । वास्तवमा खराबीलाई लुकाउनु भूल हो । यो त लाजलाई सांचेर राखे जस्तो मात्र हो । अभागीका बुद्धि पछि हुन्छन् । घन्टीका पनि बसे, बुद्धि पनि पसे, अब के गर्ने ? बाँच्न पाए बाच्न सक्थें अझै चालिस–पचास वर्षा ।"

सोंच्दा सोंच्दै रातै बितेछ ! पूर्वतिर मिरमिरे उज्यालो भयो । घाम पनि उदाए । उसको भतभती छाती पोल्न थाल्यो । बडो औडाहा भयो–उसलाई । त्यसैले उसले घस्रँदै सँघारबाट मुखसम्म बाहिर निकाल्यो । छट्पट्, छट्पट् भई नै रह्यो । 'वा' भन्दै छोरी उठी अनि उठ्यो छोरा पनि थुर, थुर, काँम्दै–उत्सुक भएर, तर खिन्न मुद्रामा उभिए उनीहरू, उसले एक नाससंग छोरा छोरीको मुखमा हेरी रह्यो । अनि सुस्त सुस्त भन्यो, "छोरी, छोरा, सकेसम्म धेरै बाँच्न जोर गर्नू । जसरी भए पनि पढ्ने प्रयास गर्नू अनि, अनि...हामी जस्ता गरीबलाई दुःख दिनेहरूलाई खतम पार्न अन्यायको विरुध्द लडनू । के गर्ने ? म मिल्न सकिन, तर तिमीहरू ..तिमीहरू........."

उसले वाक्य पूरा गर्न पाएन, हिक्का चली हाल्यो, उसका आँखा माथि तिर फर्किन थाले तथा फुस्रिन थाले । यति भनेर उसले यस दुनियाँको अन्तिम सास फेऱ्यो । बूढांका कुराकानी ती बच्चा बच्चीहरूले बुझे वा बुझेनन् भन्न सकिन्न । तिनीहरू दुवै बालक "बा ! बा !" भनेर चिल्लाउन थाले; तर सुन्ने कोही थिएन । दिनभरि ती रोइ नै रहे, त्यस वेलासम्म कति पुलिस त्यो बाटो हिंडे अनि कति मानिस त्यो बाटो हिंडे, सबैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

देख, हेरे, गए–त्यति हा । त्यतातिर कसले ... सकेपछि जब गन्हाउन थाल्यो, घर पतिले थाह ... कहाँ रिपोर्ट गरेछ । पुलिसद्वारा सरजमीन भयो ... लाशको पोर्ष्ट मार्टम गरियो त्यस वेला पोष्ट मार्टम गर्दा ... फूर्ति हेरी नसक्नु थियो । उसले पेट, मुटु कलेजो चिर्‍यो ... भनि खूब केल्याएर हेर्‍यो । त्यसको घण्टौंपछि पुलिसले बल्ल चलानी पूर्जि पाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

?

-कृष्णप्रसाद 'दुःखी'

"निर्मल पनि मलाई प्रेम गर्छ"–रीता भन्दै गैरहेकी थिई "चारैतिर प्रेम ! प्रेम !! केको प्रेम हो यस्तो ?"

एक छिन शान्त रहेपछि रीताले नै भनी– "होइन तपाईंहरूले मलाई के देखेर यसो गर्नु हुन्छ हँ ? म राम्री पनि त त्यति छैन नि । लौ भै हालेछ । मैले पनि तपाईंसंग प्रेम गरेछु । तर तपाईंले मेरो जिम्मा पनि त लिन सक्नु पर्छ नि । सक्नु हुन्छ ? लौ भन्नोस् त ?"

"पहिले मोल त सुनुं ।" विनोदले भन्यो ।

"मोल, १० हजार, २० हजार, अं, यसभन्दा पनि धेरै पैसादेखिन् भने त म एकछिन पनि बाँच्न सक्तिन……मेरो मोल छिटै बढावढ हुने-भएको छ । सुन्नु भो ?"

"राम्रो !"

"विनोद तिमीहरू किन मलाई यसो गर्छौं, हं ? म त केही बुझ्दिन् । यदि यसै हो भने–लौ बाँड मलाई, खुकुरीले काटेर आधा आधा पार । म त केही भन्न सक्तिन । हिजो निर्मलसंग भेट भएको थियो । ऊ मलाई त्यसै त्यसै खाउँला झैं हेरिरहेको थियो । त्योसंग त म जान सक्तिन । जँड्याहा ! घरमा त स्वास्नी पनि छ रे होइन ?"

"हो" विनोदले तत्काल जवाफ दियो । त्यहाँ मौनता छायो । एकछिन दुवै चूप बसे । "विनोद, अब नआउ यहाँ । सबैले शंकाको ठूला ठूला आँखाले हेर्दछन् । अब मेरो के लाग्छ ? विवाह पनि छिनेछन्–मलाई थाहै नदिएर, केटो पढे–लेखेको; ४, ५ सय तलब खाने रे । हिजो राती मलाई आमाले संझाउनु हुन्थ्यो । अब म के गरूँ ? खैं, मरूँ भने पनि मलाई काल आउँदैन ।" विनोद उठ्यो । ढोकामा रीताको बहिनी देखेपछि ऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थामियो । उनको हातमा चिया र दूध लि…
"लिनोस् दूध" रीताले गिलास अघि सारेर भनी । …
जवाफ दियो । "किन ? किन भन्नोस्न ? रिसाउनुभएको …
मेरो विवाह पर्सी रे । आउनोस् है, लौ आजै निम्ता भो । कि…
हुन्न आउनलाई ? फेरि रीताको विवाहमा विनोद आएको थियो रे भ…
भन्लान् ?"

"धन्यवाद, निम्ताको लागि लौ आज गए पनि ।"

"होइन, दूध पिएर जानोस् भनेको ।"

"खान्न ।"

"किन, मैले छोयो भनेर ? म दमिनी त होइन, जा, नीरा अर्को ले'र आ ।"

"धन्यवाद, तर म खान्न ।"

"म तपाईंलाई प्रेम गर्छु, आफ्नी प्रमिकाले दिएको पनि नखाने ?" (शान्ति) निर्मललाई पनि भनी दिनोस्, रीताको विवाह पर्सि रे निम्ता भनेकी छे भनेर ।"

'हस्" विनोद तत्काल उठेर भाग्यो । माथि रीता चिच्चाइरहेकी थिई– "विनोद ! विनोद !"

× × ×

पर्सिपल्टको विवाहमा विनोदले सक्रिय सहयोग गऱ्यो । रीताका घर परिवारहरू विनोदलाई शंकाको ठूला २ आंखाले हेर्दथे । तर विनोदलाई त्यस कुरामा ध्यान दिने फुर्सत थिएन । ऊ घरी के गर्थ्यो त घरी के । अनि आमन्त्रित व्यक्तिलाई हाँसी हाँसी स्वागत गर्ने अभिभारा पनि उसैले बोकेको थियो । राती फर्केपछि ऊ दाँत बाधेर वेहोस लडिरहेको अवस्थामा आमाले निकै हल्ला मच्चाई । होसमा आएपछि उसले भन्यो–उसलाई ३ दिनदेखि राम्ररी निंद्रा परेको थिएन । रीताको घरमा भोज खांदा लाग्ने चीज बढ्ता खाएको थियो र यसबाट यस्तो भएको हुनसक्छ । भोलिपल्ट विहान ऊ १० बजेसम्म उठेन र उसकी बहिनीले उठाउन जाँदा ऊ वेहोस लडिरहेको थियो । उसको सुत्ने खाटमुन्तिर रक्सीका ५ बोतल खालि थिए ।

× × ×

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

लेखेको धनाढ्य केटासंग । विवाहपछि खोजेकी थिई । तर यहाँ लेख्दा अस्वाभाविक वर्षसम्म विनोदलाई भेट्न सकिन । यी ६ वर्ष रीताको कुनै अस्वाभाविक तरीकाले व्यतीत भएनन् । घर व्यवहारप्रति सासू ससुरा, देवर जेठाजू, देवरानी जेठानीको सेवाप्रति उसले कुनै त्रुटी हुन दिइन । यसैकारण घरका सबै निश्चिन्त थए । रीताले आफ्नो सर्वश्व बिना हिचकिचाहट आफ्नो पतिलाई समर्पण गरिदिएकी थिई । पिकनिक् वा कुनै समारोहमा उनी पतिसंग काँधमा काँध जोडेर सामेल हुन्थिन् । तरपनि उनको अन्तर आत्मामा भिजेर चिसो भएको उछ्वासलाई उसले पन्छाउन सकिन । उनले आफ्नो पतिको अँगालोमा त्यति आनन्द पाइन । ठूलो घरको सजधजमा पनि उनलाई केही अभाव खट्के झैं लाग्यो । समय पाउनासाथ उसका ठूल ठूला दुइवटा आँखा केही चीज खोज्न टाढा आएर फर्कन्थे अथवा यन्त्रवत् टोलाइरहन्थ्यो ।

यसै बीच रीताकी एउटा छोरी जन्मी । उनले त्यो छोरीमा आफ्नो भावी आशा सीमित राखे झैं सोची रही ।

× × ×

६ वर्षपछिको कुरा हो । एकदिन रीता धारामा पानी थाप्न गएकी थिई । धारामा एकजना अति दुब्लो सिट्ठो मान्छे धारा च्यापेर उभिराखेको थियो । मैलो लुगा लगाएको, कपाल जिङरिङ छाडेको, त्यो मान्छे टाढाबाट हेर्दा बौलाहा झैं देखिन्थ्यो । एकछिन रोकिएपछि रीताले पानी पुगेको भए धारा छाडिदिए हुँदो हो" भनी । नजीकै मानिसको आवाज सुनेर त्यो मानिसले फर्केर हेर्‍यो । रीताले बल्ल चिनी–त्यहाँ विनोद उभिएको रहेछ ।

"विनोद !" रीताले एकाएक बालाई । ६।६ वर्ष सम्मको वियोगीनीको मनमा सञ्चित भै राखेको अथाह प्रेम, संज्ञना वेदना अनि वियोगको छटपटी रीताको मुखबाट निस्केका ती तीन अक्षर " वि–नो–द " मा सुस्पष्ट रूपले व्यक्त थिए । अनुभवीले सिवाय त्यो कुरा अरूले बुझ्न सक्तैन ।

"विनोद तिमी कहाँ थियौ यतिञ्जेल ? तिमीले विवाह गर्‍यौ ?" यो सोच न समझको पछिल्लो प्रश्नले ऊ लाज वा डरले भुतुक्क भई । विनोदको जवाफ सुन्न ऊ थर थर काँपिरहेकी थिई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनोद फरक्क फर्क्यो र रीतालाई दृढ … बोक्सी, लाज नभएकी । तँले म जस्तै कति जना … तुल्याइस् । तँ आइमाई होइनस्, आइमाईको रूप धारण … होस् !" प्रेमले पराकाष्ठा नाघिसकेको थियो ।

रीताले भनी "विनोद, म तिमीलाई क्षमा दिन्छु, नत्र म तिमीलाई अहिल्यै थानामा पुऱ्याउन सक्ने थिएँ । म रीता, ठूलो घरकी बुहारी, तिमीले मेरै अपमान गरिदियौ ।"

"हँ, मैले अपमान गरें ? मलाई दण्ड दे ! मेरो विचारमा त अपराधी तँ होस् । दण्ड दिनु पर्ने तँलाई हो ।" विनोदले दुइमुखे स्टीलको झल्कँदो चक्कु रीतातिर बढाइरहेको थियो ।

रीता किंकर्तव्यविमूढ थिई । त्यहाँ अरू कुराकानी भएन । "म आफै मरी दिन्छु" भन्दै विनोदले चक्कु छातीतिर बढायो । साँचो झुठो छुट्टयाउने स्वभाव भएकी रीताले चिरिँदै गएर विनोदको हात समाई । उसको आँखा-बाट आँसुको धारा बहिरहेको थियो । उनले भनी–"विनोद तिमी पत्याउन सक्तैनौ । यो मलाई थाहा छ । तर म ईश्वरलाई साछी राखेर भन्छु म तिमीलाई प्रेम गर्छु । तर तिमीलाई थाहा छ होला अब तिम्रो र मेरो मिलन हुन सक्तैन । यसैकारण यदि तिमी पनि रीतालाई प्रेम गर्छौ भने अनि रीता पनि सुखले मरोस् भन्ने चाहन्छौ भने तिमीले विवाह गर । जब सम्म तिमी यसरी हिँड्छौ मैले यो संसारमा बाटो पाउन सक्तिन, म यहाँ बाँचेर पनि मरिरहेकी छु । विनोद हुन्छ भनन ।"

रीताले विनोदको हात समाएर बगिरहेको आँसु पन्छाएर भन्दै थिई- "मेरो विनोद, हुन्छ भन ।"

विनोदको आँखाबाट पनि अविरल आँसु बगिरहेको थियो । उसले घुंक्क आवाज निकाल्यो र रीताको हात छुटाएर त्यहाँबाट बेतोडले भाग्यो । रीता त्यहीं घोप्टो परेर रोई रही ।

भोलिपल्ट बिहान रीताकी सासुले साधारण तवरमा नै रीतालाई कोठामा आएर सुनाई–"विनोद मरेछ ।- विचरा कति राम्रो ठिटो थियो । काल पनि कस्तो, लुला–लंगडा, अन्धा बोरन्डालाई नआएर त्यस्ता मान्छेलाई आएको होला ।" एकछिन रोकिएर उसले फेरि भनी–"हिजो मात्र आइपुगेको, विचरी आमालाई कत्रो चोट हो । ६ वर्षसम्म बेपत्ता भएका छोरो आइपुग्यो भनी हिजो धारामा हाँसी हाँसी त मारिरहेकी थिई ।"

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

अथवा सुनिन–यो भन्न कठिन छ । तर ऊ "एकछिन माथि बाती फाल्न आइज" भनेर सासू ...पछि रीता उठी, आफ्नो चूल्ठो फुकाली, रातो फरिया ...फार च्याती, अनि नाडीको चुरा फोरेर घोप्टो परेर रोई । यतिञ्जेल ...चाप हेरिरहेकी उसकी छोरीले रूँदै चिच्याई–"आमा ! के गलेको ? आमा, के गलेको ?"

बागलुंग बजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri Funding: MIDF

हाम्रो एकोहोरिएको जीवन

-शत्रुघ्न श्रेष्ठ

"तिमीलाई केही दुःख छ ?"

"छ"

"के को ?"

"म जान्न... ... ... ।"

"किन ?"

"मन पर्दैन"

"किन ??"

"मन पर्दैन !!"

"भनन, तिम्रो के कुरामा चित्त बुझेन ?"

"मन पर्दैन--मन पर्दैन--मन पर्दैन । त्यही हो मेरो मनभित्रको अन्तर्वेदना, त्यतिसम्मभन्दा पनि बुझ्न सक्नुभएन अझै ?"

"उसलाई देखेकी छ्यौ ?"

"अँ,...... ।"

"उसको विषयमा ?"

"तपाईं आफैलाई थाहा हुनु पर्दछ ।"

"तिमी सांच्चै जाँदै नजाने ?"

"अँ, बरु विष खाएर मर्छु । दाज्यू, बहिनीको ज्यानप्रति माया छ भने, बचाउन चाहनु हुन्छ त तपाईंले मेरो कुरालाई समर्थन गर्नु पर्दछ । म पक्कै जान्न, जान्न ।"

यति भन्दै उनी सुँक्क-सुँक रुन थालिन् उर्लेको वेदना पोख्न थालिन् ।

"सुन न ? जीवन भनेको... ... ..."

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...हरू नसिकाउनुस् । बुझ्दैछु के हो भन्ने कुरा ।
...उद्देश्य नै के हुन्छ ? भएर पनि के गर्न सकिन्छ ?
...र डोरीले बाँधिएको गोरु झैं जसलाई संधै डोरिएर
...छ, हमेशा हलिको इशारामा चल्नु पर्दछ। त्यसलाई हप्की र धम्की
...के सुन्न पर्ला । घाँस नखाएर पनि वरु पशु भन्नुस् हामीलाई । त्यसै भन्न सुहाउंछ । ऐलेसम्म स्कूलमा पढें, अझै पुस्तकालयका ठूल ठूला व्यक्ति, विद्वान्, लेखक, कविहरूको कीर्तिहरू पनि पढ्दैछु, जसवाट मलाई शिक्षा मिल्दै थियो, सिक्दै थिएँ जीवन के हो बुझ्न खोज्दै थिएँ । तर मेरो जीवन ऐले अर्घेलोमा छ । मलाई ऐलै इच्छा छैन, तर नगै हुन्न रे । मेरो आफ्नै जीवनमा पनि अरूको कानून चल्छ । यही त होला जीवन ? ....म आत्महत्या गरूँ—मलाई माया लाग्छ ती मेरा जन्मदिने आमाको, वावुको । मलाई औधी प्रेम छ, तिनीहरूसित, मेरा भाइ र बहिनीसित । अनि साथीहरूसित । तिनीहरूको छाप ममा टाँस्सिएर रहेका छन्, मर्दा पनि साथै जानेछन् । यसैले मेरा मायालाग्दा, तिनीहरूका आँखावाट आँसु किन झर्न दिऊँ ! तर यिनीहरू यो पनि विचार किन गर्दैनन् ? मलाई मेरो मनं नपर्नेसित दिइयो भने मभित्र असन्तोषको महल वन्दछ, जसले मेरो जीवन सँधैंभरिका लागि खल्लो हुनेछ । के यो फेरि कैल्यै नफर्कोस् भनेर दिन लाग्नुभएको ? जहाँ मेल हुन्छ—त्यहीं आनन्द हुन्छ । तपाईं एक विद्वान्को अगाडि म के कुरा गर्न सक्छु र, दिनमा बत्ती वाले वरावर । यसैले म खालि तपाईंसित विन्ति गर्छु । मलाई मन पर्दैन—म विष खान्छु—मेरो आयु छोटो रहेछ, मलाई कालले बोलाई-रहे झैं लाग्छ । जान दिनुस्, म फर्कन्न अब, यहाँ पछिल्तिर हेर्दिन । छोरीको के इच्छा छ, के गर्न चाहेको छ, ! बुबाले बुझ्नै चाहनु भएन ।' भैंगो दाज्यू ! म आफ्नो अर्घेलो ज्ञानलाई जलाई दिन्छु अब । अघाई सकें मेरो घर, मेरो समाज र म बाँचेको संसारसित । अब बढी भयो । धक्क—धक्क गरी नमिठो डकार आउन मात्र बाँकि छ ।"

× × ×

"उनको त्यो हिजोको मार्मिक वचनहरूले ममा भूकम्प गयो—मेरो शरीरै हल्लियो । मलाई पागल बन्न मन लाग्यो—उनको घर हल्लाउन मन लाग्यो । म समाजमा भुँवरी बनेर साराको आँखा धुलोले धुल्याउन मन लाग्यो । त्यसै अर्धचेतनामा भुन्भुनाईरहेको थिएँ । म हल्लिएर मेरो कोठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हल्लाइरहेको थिएँ–मलाई चिट्चिट् पसि
भयो–ज्यादै गरम भयो, अनि बन्द झ्याल खोलेर
मन लाग्यो । हतारिएर उठें–गाग्राकागाग्रा पानी घट्‌-घट्
तर मैले पानीको भाँडोमा पानी नै पाउन सकिन–तिर्खा मेट्न सकि
देखें, तर रित्तो । मलाई लोटेसित झगडा गर्न मन लाग्यो । मेरो
भित्रै सल्किएको क्रोध झन् बढ्यो ज्यादा मात्रामा बढ्यो । म पानी भनेर कराएँ–तर कल्ले सुन्ने ? मेरो मर्म कल्ले बुझ्ने ? घाँटी सुकिसकेको थियो ।"

"उसले भनेकी थिई–"हामी नारी दासी त हौं, दुनियाका ......"

"म पनि दास त हुँ नि........"

"तर हामी उदेश्यहीन दासी–तपाईं त............"

म जान्न भन्दा भन्दै पनि–कुरा सिध्याएको । अब म गएन भने उनीहरूको नाक जाने रे, वेइज्जत हुने रे– समाजमा घिनाइने रे' कस्तो समाज ! मेरो पीरमा हाँसिदिने तिनीहरू, अनि मेरो हाँसोमा डाहा गर्ने तिनीहरू । म के गरूँ ! म एक्लो–समाजको बीचबाट कसरी उम्कन सकुं ? मेरो चारैतिर बार बारिएका छन्, जसलाई नाघ्नै मुश्किल छ, म ती बारहरू भत्काएर फुत्कन सकिन्छ ? फलामको पिंजडाभित्रको चरो म ।"

मैले उनको लामो वेदनामय कुराहरू सुन्नै सकिन । मेरो मनमा बाढी आइरहेको थियो । मलाई सुकेको खरमा आगो लगाउन मन लाग्थ्यो । समाजको कुरौटे–खाने मुखभित्रको चपाउने बंगारा टुटाउन मन लाग्थ्यो– जिब्रो काट्ने रिस जाग्थ्यो । लंका डाह गराई शीतल समुद्रभित्र डुब्न मन हुन्थ्यो । तर म एक्लो सहारा विहीन, सारा दुर्गन्धी–मैला, गन्हौं भारीहरूले थिचिराखेको एउटा वस्तु थिएँ, जसबाट उम्केर आउनै असंभव छ । मलाई मैसित रिस उठ्यो, किन आएँ म यहाँ ? किन ? कसले ल्यायो मलाई यस पीडा र असन्तोषले सडेको ठाउँमा ? नाक ढाकेर बस्दा पनि हुङ्– हुङ गनाउने दुर्गन्धी समाजमा ?

× × ×

म पनि आत्महत्या गर्छु । तर झ्वाट्ट सम्झें मेरी जन्मदात्रीलाई । उनलाई संझनासाथ मेरो सारा क्रोध साम्य भयो । मेरी आमाले मलाई आफ्नै प्राण संझेर सेवा गरिन्, बचाइन्, बोल्न सिकाइन्–हिंड्न सिकाइन्–

[बुर्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...वन विषयमा पढाइरहेकी छिन् । अझै उनै-
...ाढरहेको छु। यसैले कसैले मलाई जीवनको परिभाषा
...र प्रश्न गर्छ त म यसै भनीदिनेछु 'मेरी आमासंग सोध्नुस्'
...नै भनिदिनु हुनेछ जीवन के रहेछ भन्ने कुरा, जसले आजसम्म
जीवनमा गर्नुपर्ने कर्महरूको ज्ञान लिइसकेको छ। हेर्नोस्......उनको अनुहार, शरीर–अरूको लागि घोटिएर खङ्ग्रङ्ग परेको शिशिर ऋतुको नाङ्गो रुख झैं केही पनि रोगन देखिन्न तिनमा । म पनि त्यसै भन्छु । अर्काको लागि बाँच्न सक्नु नै जीवन हो ।

× × ×

जन्मी सकेपछि संसारमा अनेक प्रकारका कठिनाइहरूले हामीलाई बाँच्न मुश्किल पारेको हुन्छ । तिनीहरूसंग सँघर्ष गर्दा गर्दै जीवन ओरालो लागिसकेको हुन्छ । बाँचेर यी बाधाहरू संझने हो भने बाँच्न धेरै गाह्रो हुन्छ–धेरै गाह्रो हुन्छ । तर मर्न पनि त सजिलो छैन !! संसारमा अनेक प्रकारका प्राणी छन्–सबै बाँचेका छन्, उनीहरूलाई पनि जिई राख्न त मुश्किलै परेको देखिन्छ । फेरि मर्न पनि त सक्तैनन् तिनीहरू । आफ्ना ज्यानको बचाउको लागि अनेक गर्छन् । पाठोको मासु चिथोरेर बाघ बाँच्न चाहन्छ–मानिस अरू जन्तुको मासु खाएर पनि जिउँछ । यसरी संसारमा बाँच्नलाई अरूको ज्यान लिन पनि त गान्हो छैन । बचाएर बाँच्नेभन्दा मारेर बाँच्न खोज्नेहरूनै संसारमा धेरै छन् होकि त ?

× × ×

'म विष खान्छु, आत्महत्या गर्छु' उनी यसैलाई ग्राह्य संझेर विष बनाउन तत्पर भइन्, पिउन खोजिन् आत्महत्या गर्न प्रयत्न गरिन् । तर पिउन खोजेको बखत 'खबरदार ! खबरदार !!' उनलाई उनको अन्तर्दिलले विद्रोह गरे झैं लाग्यो । उनी झसंग भइन् 'खबरदार !!' वरिपरि ठडिएका ती पहाडहरू, ती रूखहरूले विरोध गर्न थाले झैं लाग्यो । भयंकर आँधी–हुरी आएर–पातहरू, धुलाहरू उडाएर उनको नजीक थुपार्न थाले अनि भुंवरी परेर उनको सारा चेहरामा थुपरियो । चिच्याउने सिवाय उनले अरू सहारा केही देखिनन् । विष पोखिएर, छताछुल्लिएर गयो । पानी दर्केर सबै चीज पखालियो । तिनी निथ्रुक्क भइन् । एक छिनपछि सब शान्त भयो । बादल विस्तारै हट्दै गयो अनि सुनौला रविले विस्तारै आफ्नी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Do... by eGangotri Funding: MIDF

प्रेयसीको मुखमा लाली छायो–जताततै ... फरफराएका पातहरू–फुरफुर गर्दै चराहरू गाउँदै र... हृदय अब बदलियो–उनको क्रोध, मैलो मुटु पखालियो साथ... संझिन्, पिता संझिन् अनि संझिन्–'यो जीवन गयो भने फेरि आउँछ, ... संझिन् भाइ बहिनी, बन्धु बान्धव, अनि संझिन् पुण्यभूमि–सबै बो... संसारलाई ।"

"मेरी माता, मेरी भूमि–धन्य जीवन ! धन्य संसार !" उनी प्रायश्चित गर्न थालिन् ।

जीवन घटनाचक्रको फेर कस्तो अचम्म छ !

"म पनि अब जिउन सिक्छु, अब बाँच्दछु–बाँचुन्जेल"... ...उनको मूक भाषा भित्र–भित्रैबाट प्रतिध्वनित हुँदै फैलिरहेको थियो–तिनै सुन्दर प्रफुल्लित वसन्त प्रकृतिको साथ–साथमा ।

दिन भन्नासाथ हामीहरू उज्यालोको अनुमान गर्छौं-हामीहरू दिनमा मात्र रमाउँछौं, दिनमा मात्र आनन्द लिन्छौं । तर रातको अन्धकार पनि हामीले सहनै पर्दछ, चाहे यो जीवन अनि मायालाग्दो हाम्रो यौवन–सबै निद्रादेवीको काखमा सुम्पेर निदाउन पनि पर्दछ... ... ...भोलिको विहान नआएसम्म ।

यसैले भोलिको विहान संझेर यो रात अँध्यारो भएपनि सहन सिकौं–नत्र भने हामीलाई जीवन बोझ लाग्नेछ–भारी बोकेभन्दा बढी हुनेछ । यसैले ती ग्रीष्म ऋतुको समयमा पनि उकालोतिर भयंकर भारीसहितको भरियालाई राँझौं–उकालोतिर स्वाँ स्वाँ गर्दै, झरीले निथ्रुक्क झैं अनि शिशिरको जाडोले काम्दै बेलुकीको गाँस संझेर बाँचिरहेको सँझौं । त्यसैलाई जीवन भनेर मानौं–अनि बाँच्न इच्छा गरौं ।

× × ×

आज उनको परिवारमा सुखै छ । दुइ छोरा, एक छोरी पाँच परिवारको संसार छ । मेरी बहिनी सुषमा ती निर्दोष बालकहरूसित बोलिरहेछिन् हाँसिरहेछिन् अनि जीवन पढाइरहेछिन् ।

"मेरी छोरी–मेरो छोरा हाम्रो हात गोड्रा कमजोर हुँदा खुवाउने छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

हमीलाई बचाउने छन् ।" तिनी यही सपना

केवल एउटै डाँडापारीको सपनालाई साकार हुन्छ भन्ने आशा मात्र एकै डाँडावारी उक्लँदै तेर्सिंदै ओर्लिंदै जिइरहेका हौं—हामी जिउँदा प्राणीहरू ।

बागलुङ्ग बजार

विद्या मन्दिर पुस्तकालय
बागलुङ्ग
र यसै अन्तरगतको
"मिरमिरे साहित्यिक युवा समिति"
लाई पुस्तक तथा पत्र पत्रिका पठाएर
सहयोग गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धोको

–मुक्तिनरसिंह राजभण्डारी

दशैंको चहल पहल घर घरमा बोका, खसी, कुखुरा र हाँसहरूको मार-काट। जसको घरमा पनि देवीको नाममा पूजा गरिएका आत्माहरूको कंकाल थियो। माकुराको जालोमा फँसेर माखाहरूको पखेटा फिजिए झैं जताततै मासुको दुर्गन्ध अनि जताततै चिहान र मसान मात्र। शंखले मृतात्माहरूको चित्कार फुकिरहेको थियो औ घण्टाले रुवाई। तर मानिसहरू थिए–आफ्नै ध्याउन्नमा मग्न केटाकेटीहरू र माखाहरू चिनीमा झुण्डिरहेका थिए। सूर्य भने दंग परेर आकाशवाट चियाइरहेका थिए।

स्नानागारवाट घण्टौंपछि नाक र टुपीवाट मन्त्रोच्चारणको कर्म पश्चात् "हर गंगे–!–हर गंगे!" जप्दै कमल वावु कोठामा उक्ले। यिनका घर भने भगवती प्रत्यक्ष भई आशीर्वाद दिए झैं घरभरि सानादेखि लिएर ठूला सम्ममा भगवतीकै वहुमत थियो।

"सानु त्यो रुमाल देऊ वा लौ छोरी" घुंडा घुंडासम्म सुरुवाल सारेका कमल वावुले ढोकैमा चिसो खुट्टा लिई उभिरहे। सानु राम्री थिई। पन्ध्रले छोड्न आँटेको वर्ष, यौवनको रसिलो मुहानमा प्रवेश गर्दै थिई। टाइट स्कर्टले भने वच्चोपन छोड्न मानेको थिएन। ठूला–ठूला आंखा अनि केही लाम्चो गोरो अनुहारमा उषा कालको लालिमा भरिएको थियो। सानु एउटा प्लेटमा चिउरा दही मासु र अरू तरकारीहरू सजाएर रुमालमा पोको पार्दै थिई। वावुले रुमाल मागेकोले हत्तपत्त उठी रुमाल दिई र अर्को वहिनीलाई बोलाउन थाली–"झुनू!" "पारी घरको दाजुलाई लगि दिन आँटेकी? माहिलो छैन?" मुख पुछ्दै कमल बाबुले सोधे।

"मुमाले लगिदिनु भन्नु भा'को छ" रुमाल बोकेर उठी सानु। झुनू भर्खर तेह्र वर्ष लागेकी थिई। झुनू शायद केटाकेटी नै भएकीले तिनमा यौवनको आकर्षण थिएन।

[वुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...का बाकेर पल्ला घरका दाजुकहाँ हिँडे । ती ... भर्खर सत्र अठार वर्षका थिए । कमल बाबुसंग ... चिनापर्ची थियो । यिनको काकासंग कमलको घनिष्टता ... । यसैले पनि यी युवक कमलका झन् शागीर्द जस्ता भएका थिए । ...लकहाँ केही नौलो कुरा पाक्यो भने यिनकहाँ आई पुगिहाल्थ्यो । यो युवकका चित्रकलापट्टि अत्यधिक शोख थियो । यिनका हृदयमा यिनलाई कुनै पनि चीजको घस्को बन्यो कि त यिनी चित्र कोरी हाल्दथे । यिनको कोठा पनि चित्रमय थियो । आफैंले कोरेका देवकोटा, बुद्ध, त्रिभुवन, लेनिन इत्यादिका चित्रहरू भित्ता–भित्तामा कुराकानी गरिरहेका हुन्थे । सानुसंग यिनका अघि पनि कति पल्ट भेट भइसकेका थियो । सानु यिनका निमित्त अपरिचित थिइनन् । सानुको वासन्तिक छटामा मुग्ध भएर सानुलाई आफ्नै अगाडि राखेर कति पल्ट चित्र उतार्न आग्रह गरेका थिए यिनले, तर सानुले यसो गर्न दिएकी थिइनन् । तर वास्तवमा भन्ने हो भने यी दुवै भित्र–भित्रै एक अर्कालाई चाहन्थे--प्रेम गर्दथे । अतः तिनीहरूको कहानी यहीं टुंगिन्न ।

सानु दश क्लाशमा कन्या स्कूलमा पढ्दथिन् । घरमा नोकर चाकर थिए । यसैले घर धन्दामा तिनलाई सरिक हुनु पर्दैनथ्यो । आमाले यिनलाई निकै माया गर्दथिन्, यसैले पनि झन् यिनलाई सिन्कोसम्म उठाउन पनि पर्दैनथ्यो । यिनले जे गर्थिन् सो आफ्नै शोख र आनन्दको निमित्त गर्थिन् । यसैले पहाड जस्तो ठाउँमा पनि यिनले उमेर सुहाउँदो आफ्नो शिक्षामा प्रगति गरेकी थिइन् । यिनले चित्रकारलाई प्रेम गर्दथिन् । प्रेमाभिव्यक्तिको एकमात्र साधन–"चिट्ठी" जस्तो अरू प्रेमी प्रेमिकाले गर्छन् । बोलचालमा भने यिनीहरूमा प्रेमको कुरा कहिल्यै भएको देखिएन । शायद सानु आफ्नो बाबु आमासंग अत्यधिक डराउँथिन् ।

सानु रुमालभित्र भएको प्लेट चित्रकारको टेबुलमा राखेर केही नबोली फर्कन लागेकी थिई, चित्रकारले भने "अचम्मकी छ्यौ सानु तिमी । तिम्रा चेहराका वासन्तिक रेखाहरू मलाई उतार्न दिन्छ्यौ ? सिर्फ पन्ध्र मिनेट... ... अनि मेरो काम सकिन्छ... ... ...फेरि मेरो प्रार्थना तिमीलाई सुनिरहनु पर्नै छैन ।"

सानु यतिन्जेल बाहिर पुगिसकेकी थिई । चित्रकार जिल्ल परिरह्यो । उसले कहिल्यै सानुको वासन्तिक रेखाहरू उध्दृत गर्न सकेन । मनको घोको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनैमा रहिरह्यो । उसको हृदयमा अनौठो
रह्यो । ऊ सानुसंग अक्सर यसैले जिल्ल परिरहन्छ
उसलाई प्रेम गर्छे ? किन चिट्ठी पठाइरहन्छे ? तर... ... ...त
उसलाई याद आयो–एक दिन सानुले लेखेकी थिई, "चित्रकार ! तिम्रो अ
मेरो वाक्य फुट्दैन । म कति प्रयास गर्छु तिमीसंग बोल्न, तिमीसंग मीठा कुराहरू गरूं, तर म जान्दिन--कुन शक्तिले मलाई यसबाट बञ्चित पारिरहेछ । तिमी मेरो प्रतिमा उतार्न चाहन्छौ, मलाई कमसेकम पन्ध्र मिनेट् साथमा राख्न चाहन्छौ । नजाने तिमीसंग कस्तो जादू छ कि मलाई तिमीकहाँ एक पल अड्न पनि मुश्किल हुन्छ ।" इत्यादि, इत्यादि ।

यही क्रमले चार वर्ष बित्यो । तर सानु जाँचमा कहिलै पास हुन पनि सकिनन् । अर्थावस्थाको कम्जोरीले चित्रकारलाई चितौनतिर धकेली दियो । यसरी लाखापाखा हुंदा पनि सानुले नै यसमा केही प्रतिक्रिया देखाइन । परिवर्तन भयो त सिर्फ यति मात्र कि युवक मदेश--चिट्ठी असम्भव अनि अरू बाँकि यथावत् ।

× × ×

चित्रकारले चितौनमा २।३ वर्ष बितायो । चितौनमा पहाडियाहरूकै प्रशस्त मात्रामा बसोबास थियो । यसै बीच एकजना छिमेका उसको घनिष्ट मित्र बनेको थियो । उसको नाम थियो विमल । विमलको पोहोर साल मात्र विवाह भएको थियो औ केही महीना भएको थियो ऊ चित्रकारको छिमेकी बन्न आएको । तर यसै बीच दुवैमा घनिष्टता भईसकेको थियो ।

"चित्रकार ! मेरी श्रीमती केही दिन पश्चात् यहाँ आउँदैछिन् । हामी दुइको तिमीले चित्र उतारी देऊ । तिमी चित्रकलामा निपूण छौ । मलाई भने क्यामराले खिचेको फोटो मन पर्दैन । किनकि हातको सीपमा सजीवता आउँछ । सोह्रौं शताब्दीको मोनालिसा आज पनि सजीव छ । मेरो लागि यति गरिदिन्छौ तिमी ?" विमलले आफ्नो कुरा भन्दै गए ।

"अवश्य ! मित्रवर, तपाईंको लागि यति सानो कुरा नगरूँला म ? सहज भावमा सहमति दिए चित्रकारले । चित्र उतारी दिनु बस्, उसको लागि मामुली कुरा थियो–पन्ध्र बीस मिनेटको काम ।

"तर मैले के दिऊँ तिमीलाई बदलामा ? यसै त मित्र, मित्रको लागि

[बुंकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...रा हो । केही न केही माग न मसित पनि ।"
...मारले उल्लासिदै उसलाई जोड गरिएको थियो--
...हा माग भनेर ।'

म के मागुं तिमीसंग र तिमी मलाई दिन्छौ, विमल । ईश्वरको इच्छा हो अहिलेसम्म मलाई सबै पुगेको छ । तर धेरै वर्षदेखिको मेरो आफ्नै एउटा धोको छ, मलाई लाग्छ, जुन कहिले पूर्ण हुने छैन । अरू म तिमीसंग के मागुं ?" लामो सास तानेर चित्रकारले भने । शायद पुरानो याद र धोको उसको हृदयमा अझसम्म पनि चर्को नै रहेको थियो ।

"लौ लौ... ... ...तिमी मित्रताको नातामा मसंग हरेक कुरा लुकाई रहू... ... ...यही रह्यो फायदा मलाई । मान्छे सोझै देखिए पनि कुरा बंगाउन त खूब जानेका रहेछौं ।" विमल ठट्टा भावले छेडिरहेथ्यो, अतः मेरो कहानीको प्लट तिमी छिपाइरहन्छौ ? बस् बदला यही... ... ...म तिम्रो कहानी पूरा गर्नेछु । केही त भन तिम्रो अतीत ।"

"कहानी अहिले टुंगिन्न, विमल । पुच्छर कति बाँकी छ, न त मनै जाँदैछु । अब आफै भन म के बताउँ ?" चित्रकार आफ्नो बगैंचातिर आँखा धुमाएर मौन रह्यो । विमलले एउटा आसा चुरोट सल्कायो अनि उही कुरा दोहऱ्याउन लाग्यो ।

"आखिर तिमी किन बताउन मान्दैनौ, चित्रकार ? केही त बताउ–मन हलुंगो होला–मलाई प्लट मिल्ला ।"

"के प्रेमको प्लट विना कहानी बन्दैन, विमल ? केटा र केटीको प्रेम मात्र होइन अरू किसिमका प्रेम पनि त खोज । कैयौं मित्रताका सहानुभूति–आमा बाबु, छोरा छोरी, दाजु भाइ, दिदी बहिनीको स्नेह, अपरिचितहरूको कोमलता, तरल रूपभा अदृश्य बनेर समुद्रमा बिताइ रहेछ–ती पनि खोजन तिमी । प्रेमी प्रेमिकाको प्रेम कथा त पुरानो भइसक्यो । तीभन्दा मीठा र नयाँ अरू खोजन ।"

"माफ गर चित्रकार ! मैले भूल गरेछु । तिम्रो कहानी लेखेर बदला तिर्ने मेरो धोको नं मेरो मूर्खता हो । वास्तवमा चित्रकारको चित्रमा नै महाकाव्य, उपन्यास र कथाहरू छिपेका हुन्छन् । त्यत्रो विशाल कहानीलाई संकिर्ग पार्न खोज्नु नै मेरो भूल । बस्, चित्रकार, म पनि गएँ" विमल जान तर्खर गर्दछ । चित्रकार उसको मुखमा आश्चर्यचकित भै हेरिरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"रिसायौ विमल ? माफी माग्छु, मित्रता
गरेको भए।"

"सत्य कुरा दर्शाएर माफी माग्नु कहाँको सभ्यता सिकेर आयौ मि
म त तिम्रो वाक्यले प्रभावित छु । माफी केको ?" विमल निकै प्रभा
भयो उसको शब्दले। वास्तवमा उसमा पनि त उन्मत्तता छ । बिहे गरेको धेरै भएको छैन । यस्तै वेला हो मानिस अत्यधिक आशावादी हुन्छन् । उनीहरुको हृदयमा ख्याल ठट्टा र हंसीले वास गरिरहेको हुन्छ । यसैले त सय वर्षसम्म आयु तानिएको मानिसको ।

× × ×

चित्रकारले रूखको बगैंचा लगाएको छ आफ्नो झोपडीको वरिपरि । बाँकि जगामा ऋतुअनुसार बाली लागिरहेकै छन् । बगैंचा प्राकृतिक सौन्दर्यको प्रतीक भइरहेको छ । यही बगैंचाको एकातिर स्थलमा लहड चलेको बेला चित्र कोर्ने ठाउँ पनि छानेर बनाइएको छ । कहिलेकाँही उनका साथीहरू उसको बगैंचामा घुम्न आए भने गफ पनि चलिहाल्छ । झोपडी पनि चित्रमय बनाइएको छ । यसैले जो कोही उसलाई भेट्दा प्रशंसाबाट गफ शुरू नगर्ने कुनै हुन्थे । मानिसहरू वेला वेला चित्रको लागि आउँथे त्यहाँ तथा विमुख भएर कोही फर्कंदैनथे । यसैबाट केही केही पारिश्रमिक पनि उसले पाइहाल्दथ्यो । दिन येनकेन बितिहाल्दथ्यो । जसरी ऊ फक्रनु पर्दथ्यो, त्यसरी ऊ फुल्न भने पाएको छैन किनभने कुशल बगैंचेको अभाव थियो र पारखीहरू कम थिए । फूल फुलेर मात्र होइन, हुँदैन, त्यसको पारखी पनि हुनै पर्दछ; किन कि सौन्दर्य भन्ने कुरा पारखीमा निर्भर रहने कुरा हो । सौन्दर्यको गुण गाउने भ्रमर विना फूलको महत्व हुँदैन । उसको सच्चा प्रशंसक सानुलाई त उसले छोडिसकेको छ, अनि जीवन त यसै पनि खल्लो छ उसलाई ।

× × ×

ऊ एक्कासी झस्कियो–सानुलाई देखेर अनि साथमा देख्यो विमललाई पनि । उनलाई स्वप्न बनिरहेथ्यो--चित्रमय संसार । विमल अगाडि गएर श्रीमतीको चिनापर्ची गराई दिन लाग्यो तर मूर्तिवत् थिए सानु औ चित्रकार । विमललाई के थाहा कि दुई दिलको चिनारी नूतन थिएन । सानुले एक्कासी भनी दिई कि चित्रकारलाई उसले धेरै अगाडिदेखि चिन्दछे । यस शब्दले उसको पति विमलको हृदयमा के कस्तो असर पार्‍यो--उसले विचारै गरिनन् ।

[बुँकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...थ्यो । यदि उसले यो रहस्य थाहा पाएको भए ...नता उसले स्वीकार गर्ने नै थिएन । तीनैजनाको ...मा भिन्नै व्यथाहरू थिए । चित्र उतारी माग्नआएको विमलले ...को काम विर्स्यो । बगैंचा घुम्नआएकी सानुले विमल बिर्सी, चित्र उतार्न खोज्ने चित्रकारले कूची बिर्स्यो । त्यसपछि... ...मनको अन्तर्द्वन्द्वमै सबै आफ्ना ठाउँमा फर्के ।

× × ×

चित्रकारको हृदयमा पुरानो घाउले खलबल मच्चायो । उसको हृदयमा संघर्ष मच्चिरहेको थियो । सानूका वासन्तिक रेखाहरू चरम सीमामा पुगेको उसले देख्यो । अनि बस्... ... ...ओइलाउन मात्र बाँकिरहेको । यसैले उसको धोकोले पनि प्रबल रूप लियो । तर केही गर्ने साहस उसमा थिएन–सिवाय सांझमा आफ्नो बगैंचाका रूखहरूलाई आफ्नो व्यथा पोख्नु ।

विमलको मित्रतामा ठेस लागेको थियो । उसको हृदयमा त्यही सांझको घटनाहरूले संघर्ष मचाइरहेको थियो । अनि हरेक पाइलोमा सानुप्रति दोष झल्कन्थ्यो अनि अरू द्वेषहरू झल्किन्थेचित्रकारको ।

सानु थिई सबबाट अनभिज्ञ । चित्रकारसंग पनि उनको प्रेम चित्र–पट्टि थियो । उनी त सिर्फ फूलको निमित्त कांडालाई म्वाई खान चाहन्थी । पुरानो यादले विचलित हुन खोजे पनि दृढ थिई । किनभने हिन्दू नारीको कर्तव्य उनले राम्ररी जानेकी थिई । फूलको कदर त उनले गर्नै पर्छ किन-भने यो विश्वको श्रृङ्गार हो ।

यसैले ऊ वेला वेला पाइला अगि सार्थी तर, चित्रकारकहाँ पुग्नुभन्दा अगाडि नै फर्की हाल्दथी । विमल उनको हरेक कदम सुंघेर पछि लागेकै थियो ।

एक दिन... ... ...एक सांझ... ... ...

सानु पुगिन् चित्रकार कहाँ एक्लै । चित्रकार चित्रपटमा चित्र कोरिरहेकै थियो । उसले वसन्तका प्राकृतिक छटाहरू कोर्दै थियो–जब सानु पुगिन् ।

"तिमी अर्काकी भएर पनि एक मात्र अगाडिको धोको पुऱ्याई दिन्छ्यौ सानु ? किनभने तिमी वेलैमा आइपुग्यौ । तिमीप्रति अब मेरो अ कुनै अफशोच छैन । बस्... ... ...तिमीलाई बधाई अनि मेरो धोको... ... ...सिर्फ पन्ध्र मिनेट, सानु सिर्फ पन्ध्र मिनेट... ...एउटा चित्र ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सानु दोधारमा परिन् । मुखबाट वाक्य
झैं अडिरहिन् ।

"तिमीलाई गाह्रो लाग्छ भने भँगो सानु केही छैन । म
अरू बढ्ता । चित्रसंग तिमीलाई नफरत छ भने यी च्यातिदिन्छु
पनि" आवेशमा भन्दै गयो चित्रकार औ चित्र च्यात्न त्यसले हात बढाउ
मात्र आँटेको थियो, अनायसै सानुको हातले रोकिदियो । सानु मन्जूर भई।
चित्रकारले चित्र कोरेर सक्यो । तत्पश्चात् सानुलाई बेंचबाट माथ उठाउन
आँटेको थियो.........आवाज आयो बन्दुकको......दुवै यवनीका शरण परे–
दुवै ढले–सानु भुतुक्क भै उत्लिखेरं, चित्रकार छटपटाइरह्यो......रगतले
दुवै लथपथ भए.........अगाडि विमलको विभत्स रूप थियो ।

विमल वडबडाइरहेथ्यो.........“मित्रताको नातामा यो धोखा । धोखाको
फल यही हो चित्रकार !"

"धोखा होइन विमल, धोको पुग्यो । मेरो अन्तिम धोको पुग्यो ।
तिमीले मेरो कहानीको प्लट मागेका थियौ.........अब त्यो टुंगियो......
यति नै हो मेरो कहानी, विमल.........।

"मैले बुझें, कहानीको खलनायक मै स्वयं बांकि छ, चित्रकार !–
आफ्नो हार स्वीकारेर बसिरहेको ।" विमलका आँखावाट आंसु बगिरहेका
थिए । "तिमीले प्लट दियौ हेर, अब म कहानी टुंग्याउँछु ।" उत्लिखेरै
विमलको हातको बन्दुकको नाल उसको छातीमा तेर्सियो । चित्रकारले हेर्दा
हेर्दै उसले आफ्नो खुट्टाको बूढो औंलाले बन्दुकको घोडा दवाइदियो ।

धायँ.........बस्.........।

छट्पटाउँदै मर्‍यो चित्रकार अनि त्यसपछि मर्‍यो कहानीकार पनि ।

माथि आकाशमा–एक दुइ चम्किला तारा देखिन थालेका थिए, तथा
चन्द्र आफ्नो शीतल ज्योत्स्ना छर्दै, संसारलाई उज्यालो पार्दै माथितिर
उक्लँदै थिए। पश्चिमी क्षितिजमा सन्ध्याको लाली बांकि नै थियो तथा
चराहरू रूखका टोड्का–टोड्कावाट तलतिर हेर्दै, चिर्‌चिर् गर्दै कराउँदै
थिए। शायद सबैले चित्रकारको चित्र र कहानीकारको कहानी हेर्दै र
पढ्दै थिए।

पछि थाहा भयो–आफ्नो वासन्तिक छटा फिंजाउँदै बगैंचामा हाँसिरहेको
चित्र संग्रहालयमा पुगेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

वाक्‌दान

–दीपबहादुर खड्का

केटी हेर्न आउँछन् रे भने सोहुरा छ र छिमेकमा पुगी सकेको थियो, गाउँ घरको कुरा एक कान दुई कान मैदान भैहाल्ने । नामराशी जुरे अर्काको नासो कसैलाई दिन त पर्दछ भनेर बाबुचाहीँले कमलो म । गरि सकेको देवीले पनि थाहा पाई सकिछ ।

दिउँसै देखि देवीको वर्ण फेरिन लागेको थियो–कतिखेर उसलाई डांको छोडेर रुन मन लाग्थ्यो, कुनै बेला रीसले दाह्रा किट्थी, पाइलो सार्न पनि उनका हात खुट्टा काँपेर आउँथे, कसैका मुखमा हेर्न र बोल्न उनलाई मन पनि लागेन । वनको एउटा छेउमा पुगेर एक्लै दाउराको भारी पुऱ्याई, त्यो दिन देवीलाई साथी पनि पर्खन परेन, कसैले बोलाएको पनि उनले सुनिनन् ।

कस्ती केटी हो, पखिभन्दा पनि नटेरेर हिंडी, कलेको ठट्टा पनि साँचै जस्तो हुने तँलाई हेर्न तेरो हुने दुलाहा आउँछन् रे, यति भनिदिएको पीर मानी छ, ठस्की केटी जानेर पनि म मोरीलाई आज्जै खिज्याउन परेको, भन्दै गौथलीले बिसौनामा भारी बिसाई ।

बिसौंनामा गोठाले गफ चल्यो, जोई पाउंदा पोइ हुनेलाई खुसी नै लाग्छन् पोइ पाउने जोई पनि त खुसी नै हुनुपर्ने हो हैं ! ई ब्याउली हुनेहरू रोएर व्यर्थं स्वाङ पार्छन् । उसका मनमा पीर छ कि हस्केर गएकी हो कसलाई के थाहा भन्दै गौंथलीले खित्का छाडी ।

अं, पोइ हुने रांडाका छोरा हो, जोई ल्याउनेहरूलाई झैं आफू जन्मेको घरद्वार नातागोता श्रीसम्पती छाड्न नपर्ने भएता जोई मात्र हुन पनि के गाह्रो हुन्थ्यो र पोइ पाइनेहरूलाई त आफू जन्मे हुर्केको गाउँ ठाउँ छोडेर नौलो गाउँ नौलो घर बाबु आमाको सट्टा सासु ससुरा, दाजुभाइको ठाउँमा देवर जेठाज्यू, दिदी बहिनीलाई छाडेर देउरानी, जेठानी, नंद, आमाज्यू अर्काका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरा अर्ककी छोरी कतिकालाई मान्नु, कतिकाको
देउतै हुँ भन्ने झैं हाल्यो, सबै ठूलै ठूला सौता छ भने त सुँक
लक्षण फुत्कला कि भनेर हिंड्न बस्न सुत्न उठन खान लाउन सबै तो
अर्काको अधीन कस्तो हुन्छ थाहा छ ? जोई रोजै वेश्या हुने, हाँसे उत्ताउ
भन्ने, रोए अलछिन लाग्ने; बलिका बोकाले जति पनि म्यां गर्न नपाइने, कालो कुइरी कैली र बढ्ता सेती पनि हुन नहुने मोटी' र पातली पनि नभएर अगली होचीमा पनि ठीकै हुनु पर्ने स्वास्नीका कोठीले टोक्ने' भमराले पिर्ने रौं र रेखाले पनि बांध्ने, स्वास्नीकै लक्षणले खाने' स्वास्नीकै कर्ममा बाँच्ने सधैंका चोखा सधैंका साँचा, लोग्ने त जस्ता भए पनि हुने रे अविवेकी मोरा हो छोरीको मर्म बुझ्न त छोरी नै भएर जन्मनु पर्ला। भरखर अधवैंसेमा गनिनलागेकी छिचरी पनि भैसकेकी गुर्दोलीले ठट्टाकै भाव देखाए पनि यसरी कड्केरै भनी। उठेर भनेको भए शायद भाषण हुने थियो होला, कोही मरी-मरी हांस्न थाले, कोही रूल्ल टुल्अ जस्ता भए, कक्कड खानेले पनि खाइ सकेका थिए, घाम डुब्न मात्र बाँकि थियो। यत्तिकैमा जराक जुरुक भारी बोकेर सबै हिंडे।

अघि नै हिंडिसकेकी देवीले गह्रुं भारी भएको पनि थाहा पाइन, कति विसौना छोडिए उनले देखिन, पोल्टाको खाजा पोल्टैमा थियो। एक्कासी घरको आँगनमा पुगेर दाउराको भारी फ्यात्त फाली, ओछ्यानमा पुगेर घोप्टो परी। बेलुकीको खांगी पाक्यो देवी उठिन, आमाले बोलाइन् टेरिन, भाइले घच्घच्याउन आयो मानिन, बाबुले बोलाए संचो छैन भनी, उत्ताउलो राँडहरूले के के भनिदिए हुनन् भनेर देवीका साथीहरूले गाल मात्र पाए।

खाए, पिए, सुते। अरू मस्त निन्द्रामा छन्। देवीलाई निद लागेन। कल्पनै कल्पनाले रात बित्यो, आयुको भांडो पनि रित्तियो, मन बांधियो, आश र त्रास पनि कसैको रहेन। जसले जे भनुन्, आफ्नू मन आफैंले कठोर बनाउन देवीलाई कर लाग्यो। ओछ्यानमा पल्टिरहन पनि पट्टाई मानी, नबोली बस्न पनि उकुसमुकुस भयो। सदाको झैं उठेर आफ्नो काममा लागी।

देवीका परिवार धनी नभए पनि गरीब थिएनन्। कसैलाई दिन नसके पनि कसैसंग माग्नु पर्दैनथ्यो। खेती गर्थे, पशु पाल्थे, देवीका बाबु थिए, आमा थिए, १५ वर्षमा लागेको भाइ हाइ स्कूलमा पढ्न पुगेको थियो अर्को ५ वर्षको भाइ घरमा भित्र बाहिर गर्थ्यो। आफू भरखर १७ मा पुगेकी थिई, घरका धुनिफानिमा बाबु आमालाई देवीले न सघाउँथी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...न् । मध्याह्न भैसकेको थियो घट्टबाट देवी आइ ...ला मानिस थुप्रिएका छन्, कचहरी जस्तै छ । मन बाँधेकी ...सको के वास्ता ! भित्र पसेर पिठाको थैलो बिसाई थाप्लोबाट ... झिक्न नपाउँदै त्यही केटी हो भनेको टड्कालै सुनी ।

एक त थकाईले पसिना पुछ्न पनि पाएकी थिइन्, कुरा सुन्दा देवीको ब्रह्माण्डै फुटेर आउला जस्तो भयो । डर लाज त अस्तिकै पीरमा पचाई सकेकी थिई, को हुन् भनेर कसैसंग सोन्धे मन पनि गरिन । आमाले राखिदिएको खान्गी जे थियो रुचि नरुचि खाई चुठ्न भनेर बाहिर निस्की । आंबा जुठेल्नो माटो लिए पनि कान पटाहामा पुगेको थियो । जान विदा भएर अलि पर पुगेको पाहुना कालो चश्मा लाउने चाहींलाई लघ्यायर देवीले भनी–"ए पर्खनोस्त के तपाईंलाई म मनपरें ? त्यो चश्मा झिक्नोस्त हेरूं म पनि मन पर्छु कि ?" जानेहरू खिस्स हाँस्दै मुखामुख गर्दै नकच्चरिदै हिंडे । त्यहाँ बस्ने जतिले देवीलाई उत्ताउली उडनठेउली वहुलाई भन्न पनि बाँकि राखेनन्, सबै शर्माएका थिए । देवी देवी नै भएर रीसले जाज्वल्यमान थिई । किनभने उनलाई मानसिक वेदनाले सुन्याई सकेको थियो ।

सानैदेखिको स्वभाव यस्तै भनेर देवीको रीसले कसैलाई झर्को लागेन, केटी मानिन भनेर अहिलेसम्म आएका वरलाई कसले पो फर्काएको थियो र ? कन्यादान दिने लिने कुरा पनि भैसकेछ । हेरकौर सिद्धिएछ, चालिस्यै भए पनि त्यत्तिका लोग्नेमान्छेलाई के बूढो भन्ने, केटो राम्रै हो । यस्तै पाका पुरानाले त छोरी राम्रो पाल्छन्, दोस्रो विहा भए पनि मरेकी सौताले के गर्छ, झट्केलो छोरो छ त ताला कुचि आफ्नै हातमा त पर्ने हो । दुई हल गोरु पाल्ने घर, घरान पनि राम्रै छ भनेर बाबुको वाक्दानलाई सबैले पुष्ट्याईं दिए ।

देवीको मनले सुख दिएन । केही उपाय लाग्छ कि भनेर रूँदै आमाको काखमा घोप्टो परी । आमाले पनि आफू ७ वर्षको उमेरदेखि त्यस घरमा आएर बुहार्तन गरेको भुक्तमान सुनाएर टिमालीन, बाबुछेउ पनि पुगेर धुंक्क धुंक्क गरी बाबुले पनि वाक्दानकै महात्म्य सुनायो । देवीको सुनुवाई कतै भएन । आखिर ओछ्यानमा सुतेको भाइ भरतलाई अंगालो मारेर तर्क वितर्क गर्दै आफू पनि उसैसंग निदाई । देवीको हत्तेलाई कसैले सोध्ने चेष्टा पनि गरेन, वुझ्ने शक्ति पनि कसैमा आएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०२२ साल फाल्गुण १६ गतेको १७ घडी
थियो । दिदीको विहा भनेर हस्याङ फस्याङ गर्दै केदार
जन्ती आउँदै थिए । देवीको रुने धोको पनि केदारसंग मात्र बाँकि
संग पनि गुहार मागी । दिदीको बिहामा हाँस्नआएको केदार हाँस्न
उसलाई पनि रुन कर लाग्यो । दिदीलाई संम्झायो कं गरौं के नगरौं भयो ।

अव केदार बडो फसादमा पऱ्यो । वाक्‌दान गैसकेको थियो, चित्लापीछा लिईसकेको थियो । कन्यादानको निम्ति चाहिने सामान जोर्न बाँकि पनि थिएन, निम्त्यारूकहाँ पनि सुपारी पुगिसक्छ, जन्ती आउन मात्रै बाँकि थियो ।

जे भए पनि केदारको मनले मानेन । उसले पनि बाबुको छेउ गएर दिदीको हत्ते देखायो, केटाको उमेर र झड्‌केलो छोरालाई पनि झल्कायो, केटीले नमाने के लाग्छ त भनेर कानूनी कुरा पनि सुनायो । तर ती केदारका कुरा महापातक भएर बाबुको अन्तस्करणमा भिज्यो । दिदीलाई संझाउनु सट्टा उल्क्याउने भनेर झपारीमाग्यो । बोलि फेर्नुमन्दा चोर्ले फर्छु भनेर बाबु झोक्किए, आमाचाहिले केटाकेटी कुरा भनिन्, केदार केटाकेटी नै भयो, ऊ पनि झोक्किदै बाहिर निस्क्यो ।

जन्ती आउने दिन पनि ब्यायो, भत्केरू आइपुगे, भतेरको बन्दोबस्त भयो । जन्तीको बाटो हेर्दा सबैको आँखा पटाईसकेको थियो । डाँडामाथि घाम बस्नुसाथै जन्तीको लाम उकालो लाग्यो । केही बेरमा आई पनि पुगे । परंपराअनुसार स्वागत भयो, जन्ती गएर ठूलो पातामा थुप्रिए, बन्दूक र बाजाले मसुरा वारिको गाउँ नै थर्काएको थियो । भोज भतेर पनि सिद्धियो । तैतिन्जेल पनि केदार कतै देखिएन, जे हुने भैसकेकी थियो । दिदीको जन्ती पर्सन त निस्कनु पछि केदार पनि उस्तै एकोहीरो ।

दिन विते, रात पर्नु स्वाभाविकै थियो । जग्गेको कार्य पनि शुरू भयो, भौ कसैले यहाँ आउन पर्दैन भने झै गरेर आफ्नू सियार पटारको काम पनि दुलही आफैले आफ्नो कोठाभित्र सिद्धाएर ठीक परिन् । दुलहीलाई जग्गेमा ल्याउने लैजाने काममा पनि धरान दिन र करवल लगाउन् कसैले परेन । गोडा धुने, लगन गाँठो पार्ने, सिन्दुर हाल्ने काममा पनि घुम्टभित्रबाट दुलहीले सगाई लागौ, लुगा गहनामा आएका अशर्फीका माला सुनकै बाला र सारी चोलाहरूकी बखान भयो । भाग्यमानी घरमा परीं भनेर देवीका कर्मलाई सह्राउँदै मिरमिरे उज्यालो पनि भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...रतका बाजा बजे, डोली आएर दैलोअगाडि ...खन भयो, बोक्ने मानिस तेर्सिए, तर कसैले बोक्नु ...आएर डोलीभित्र पसिन् । अघि त्यस्ती अहिले यस्ती भनेर ...ाज्जुब माने ।

जन्ती अन्वाए, डोली चल्यो, बाबुआमा नातागोता सबैका आँखाबाट विदाइका आँसु खसे । कसैको हिक्का पनि छुट्यो । भाइ भरत उफी उफी रोयो, तर डोली भित्रबाट न रोएको आवाज आयो न त आँसु खस्दाको स्यांक्क मात्रै पनि सुनियो ।

ब्योली हुदा पनि नरुने भनेर देवीलाई कसैले निष्ठुरी भने, कसैले क्रोधी भने । दिदीको ब्याहामा सगाई नलाग्ने भनेर केदारले पनि गाली पायो । आजकालका ठिटाहरू जति पढे उति वांगा, के भन्नु जुग उल्टो । जे भए पनि देवीको बिहा सिद्धियो ।

रीतिस्थितिअनुसार चतुर्थीकर्म जन्ती भतेर पनि अधेरी खोलाको दोभानमा नै सिद्धिएछ । मध्याह्न ढल्केपछि वरियातको लस्कर उकालो लाग्यो । धेरै वेरपछि देउपुर गाउँको माझ तीन तल्ले ढुंगेघरको ठूलो आगनमा पुगेर डोली अडियो । नंन्दको स्वागतले दुलही डोलीबाट उत्रिन्, धानको थुप्रामा टेक्दै भित्र पसिन् । मानापाथी भर्ने र लुकाउने भेटाउने काम सासुसंग पनि सिद्धियो । सासुको चुलठो पनि दुलहीको घुंटोभित्र परेर कता कता अल्झियो र छुटियो पनि । परम्परा यस्तै थियो बुहारी थन्कीयिन्, घाम पनि अस्ताए ।

घरका नातागोतासंग मुखदेखाउने कामले रात पनि ढल्कि सकेछ । कोही रतौली खेल्ने भएर कोही जन्तीमा जग्गे कुनेर नचरि हेर्ने भएर अघिल्लो रातको निद सबैको थाति थियो । निदले झुम्दै र उम्दै खानापिना बल्ल तल्ल सिद्धाएर सबै मस्त निन्द्रामा निदाए ।

कुन वेला ब्यौलो ब्युंझे छ, मस्त निन्द्राले गुन्द्रीलाई पनि छाडेर आधा भुईमा पर पर सुत्न पुगेकी दुलहीलाई यता सरन भन्दै घच्घच्याएको थियो झस्यांग हुदै दुलही उठिन् । झ्यालको चरबाट बाहिर हेर्छ त उज्यालो पनि भैसकेछ । झ्याल उध्यो दुलहीले पनि घुंटो उघारेर भनिन्–"मलाई माफ गर्नुहोला । बाबाको वाक्दान, दिदीको, हत्ते तपाईंको रित्तो डोली देख्न नसकेर मात्र आएको हुँ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Do... by eGangotri Funding: MIDF

यतिन्जेल दुलही भनिरहेको त देव...
लोकन्ती वाल्ल परी, दुलाहाले दिक्क मानी पुपु...
गर्न थाले। खलबलकै अगाडि केदारले दुलहीका लुगा...
मलाई त भोलि बिहान क्लासमा उपस्थित हुनु पर्नेछ भनेर...
नमस्कार गर्दै केदार पोखरातिर लाग्यो । त्यस बेला त्यहाँ "यो त अ...
भयो, निसाफ माग्न प्रधान पंच कहाँ जानु पर्छ" भन्ने खलबलै थियो । त्यसपछि के भयो कुन्नि ? अन्वाउने बेलामा भने कटेराभित्र थुपारेको परालको थुप्राबाट चियाएर देवी एक्लै पेट मिच्दै खित्का रोक्दै हाँसिरहेकी थिई ।

-★-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

तक्मा

–गोविन्दलाल श्रेष्ठ

उही दिनको कुरा हो जुन दिन उनले साहित्य गोष्ठीमा हजारौं मानिस-हरूको बीच निर्धक्कसंग शरम नमानेर कविता पाठ गर्दैथिइन् । मैले उनलाई पहिलो पटक त्यहाँ देखें । राम्ररी निहालिकन टोलाएर हेरें । तर उनलाई याद रह्यो कि रहेन मेरो हृदयमा भने छाप पर्‍यो । त्यसपछि केले हो ममाथि भयंकर असर पारेर ल्यायो । गन्हुंगो शरीर बनाएर घर फर्केर आएं । यो कुरा अरूलाई नसुनाएसम्म १।। मनको पूरा भारी बोके झैं भइरह्यो । साथीहरूको माझमा अनायास नै उनको तारीफ गरें । प्रशंसक बनें ।

उनको नामको चर्चा भयो । मेरो आफ्नो रुचिअनुसार कविता हो भनी दिएं । यो मैले राखिदिएको उनको उपनाम हो । हाम्रो बीचमा उनी यही नामले परिचित हुंदै गएकिछिन् । उनको पढाइ चालु छ । विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रममा बराबर भाग लिइरहन्छिन्, नाच्ने गाउने दुवै कलामा उनको रुचि देखिन्छ । शायद निपुण कलाकार बन्ने कोशिश गर्दैछिन् क्यारे ! त्यसैले कतै उनले गुनगुनाइरहेको देखे सुनिरहुँ झैं लाग्छ ।

उनको विचार गरेर त म हिंड्दिन । तैपनि किन हो किन उनलाई बराबर देखिरहन्छु । मेरो मुटुमा उनी झुण्डिरहन्छिन । आंखामा घरी घरी टांसिन आइपुग्छिन् । जब म आंखा बन्द गरेर निदाउने कोशिश गर्छु झन् उनको सयकडौं विभिन्न थरीका तस्वीरहरू आंखाको नानीभित्र नाच्न आइपुग्छन् । झट्ट कुनैलाई पनि निकालेर फ्यांक्न सक्दिन । किन कि एकपछि अर्को उही चेहरा, उही रूप, उही आंखा, उही मुस्कान खालि फेशनमा मात्र विभिन्नता लिएर देखा पर्दछन् ।

शरीर उनको अति मिलेको त होइन । यिनीभन्दा पनि धेरै राम्रा कति युवतीहरू मैले देखिसकेको छु । तर कुनैमाथि म यसरी लोभिएको थिइन । जसरी आज लोभिंदै छु । त्यसैले बुझाउँछ–यिनमा मानिसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकर्षण गर्न सक्ने केही शक्ति अवश्य छ जसले
मेरो अतृप्त भावना बाहिर निस्कन चाहिरहेछ ।
कसैसंग घण्टौंसम्म कुरा गरिराखौं झैं लाग्छ ।

मेरो यस्तो किसिमको बानी बसेको धेरै पनि भएको छैन । एको
ममा परिवर्तन आएको देखेर अरू मेरा साथीहरूलाई आश्चर्य लाग्छ होला। तर मलाई भने आश्चर्य लागेको छैन । कसरी उनलाई भेटौं ? यही चिन्ताले मलाई सधैं घेरिरहन्छ । गम्भीर बनेर सन्तुलित दिमागले सोच्छु । किन्तु कतै केही उपाय देख्दिन जसको फलस्वरूप मनमा अनेक तर्क उठ्दछन् । परन्तु कुनै तर्कले पनि राम्ररी काम गर्दैन।

अपशोच लाग्छ किनभने संगै संगै पढ्न जाऊँ भने उनको र मेरो पढाइको विषय मिल्दैन । पढाइमा म उनीभन्दा सिनिएर छु । म उनलाई पढाउन सक्दछु । तर उनी पढ्न आउने छैनन् । किन कि म अविवाहित युवक लोग्नेमानिस । अब उनलाई भेटाउने कसरी ? अनि रिझाउने कसरी ? उनलाई मन पर्ने कुनै कला मसंङ्ग छैन । गायक बनेर जाऊँ भने गलाले दिँदैन । नृत्यकार बनेर जाऊँ भने नाच्न जान्दिन । चित्रकार बनेर जाऊँ भने चित्र बनाउन सक्तिन । साहित्यकार बनेर जाऊँ भने कथा कविता लेख्न कलम चल्दैन । वाद्यकार बनेर जाऊँ भने ताल सुर थाहा छैन । मूर्तिकार बनेर जाऊँ भने वास्तु कलाको ज्ञान छैन । कला विनाको मेरो जीवन छ ।

यस विशाल संसारमा मलाई कला विनाको मानिस तुल्याई दिएर ईश्वरले ममाथि अन्याय गरिरहेछ । कहावत छ मानिस मात्रलाई जन्मकालदेखि नै एउटा न एउटा कला दिएको हुन्छ रे ! कसैलाई गाउने, कसैलाई बजाउने, कसैलाई बनाउने, कसैलाई हंसाउने आदि। परन्तु म मात्रै यो संसारको भार भएर किन जन्मेछु ? आफैलाई आफैमाथि घृणा लागिरहेछ । मृत्यु जोसङ्ग साराका सारा डराउँछन् अपितु त्योसङ्ग पनि मलाई डर लाग्दैन, त्यस विषयमा पनि कहिले कहिले म सोचिरहन्छु ।

यस्तैमा कलेजको वार्षिक जन्मोत्सवको निमन्त्रणा कार्ड हातमा पर्‍यो मेरो रमाइलो उपस्थितिको लागि प्रार्थना गरिएको थियो । कार्डपछाडि पल्टाएर हेरें—सांस्कृतिक कार्यक्रमको पनि उल्लेख थियो। समारोहमा शरीक हुन पुगें । मानिसको खचाखच भीड थियो । कार्यक्रम ध्वनि विस्तारक यन्त्रद्वारा प्रसारित गरियो । तत्पश्चात् स्टेजमा अनेक किसिमका खेलहरू

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

स्टेजमा देखा परिन् । तिनी निस्कनासाथ मैले ...मा ताली मिलाइकन एकथरीलें तालीदिए । तालीकै ...ले भावनृत्य गरेर देखाइन् । उनको नृत्यले साँच्चै नै धेरैलाई ...र्श पारे झैं लाग्यो । उनलाई कसैले डिक्सनरीको किताब, कसैले फोन्टिन्पेन, कसैले कापी कसैले के कसैले के पुरस्कार दिने घोषणा गऱ्यो । आवेशमा आएर मैले सुनको तक्मा दिने घोषणा गरें । जे भए पनि परिणाम राम्ररी निस्क्यो । एक जना साथीले लगेर उनीसंग मेरो राम्ररी परिचय गरायो । उनको मैले राखिदिएको कल्पित नामले होइन वास्तविक मृगनयनी नामले परिचित भएँ ।

केही दिनपछि नोटबुक हातमा लिएर उनी कलेजबाट फर्केर आउँदै थिइन् । त्यो घुम्तीमा जहाँ कोही थिएनन् एउटाले अर्कोलाई नहेरीं नभेटीं भने पनि हेर्न र भेट्न कर लाग्थ्यो । त्यहाँ कसैसंग डराउनु पर्ने स्थिति पनि थिएन । झट्ट मैले "नैनी" भनेर बोलाएं । उनी टक्क रोकिएर किन ? भनिन् । मैले भनें–तक्मा । उनले वडो उत्सुकतासाथ सोधिन् "कहाँ छ ?" "लगनको गुर्जुकहाँ बनाउनदिएको छु ।" उनले जिज्ञासा राख्दै सोधिन्–"के अहिले हेर्न जान सक्छौ ?" मैले भनें–"आज समय छैन । एकदिन घरमै बालाएर देखाउँला ।" यतिकैमा उताबाट कोही मानिस आउँदै थियो । उनी स्वीकृतिसूचक कपाल हलाउँदै हिंडि हालिन् ।

त्यसपछि जहां भेटे पनि बोलचाल हुन्थ्यो । उनलाई तक्मा कसरी लगाई दिऊँ यो मेरो चिन्ताको विषय भएको थियो । यस सम्बन्धमा धैर्यसाथ अनेक कुरा मन मनमा गुनिरहन्थें । धेरैजसो कल्पनाहरू आउँथे तर्कको आधारमा प्रत्येक महीना प्रत्येक हप्ता हरेक दिन हामी एकबाट अर्को धेरै नजीक हुँदैआयौं । अझ हाम्रो सम्बन्ध नजीक पार्ने मेरो इच्छा थियो । हामी बिस्तार बिस्तारै साह्रै नजीक भयौं । अब मैले जे भने पनि उनी मान्न तयार थिइन् । मेरो कुरामा उनले पूरा विश्वास राख्दथिइन् । उनलाई जस्तो मनलाग्यो त्यस्तो गर्न सक्छु भन्ने मलाई विश्वास थियो । त्यो विश्वासले धोका देला भन्ने शंका पनि थिएन । मलाई खालि मौका चाहिएको थियो । उनी मेरो घरमा कहिले साथी लिएर कहिले एक्लै धेरै पटक आइसकेकी थिइन् । मैले बहाना बनाइ–बनाइ फर्काउने गरेको थिएँ ।

शनिवार दक्षिणकालीमा पूजा गर्ने र त्यहीं वनभोज खान घरमा ताला मारेर सबै परिवार जाने निश्चय भयो । मैले यही दिनलाई उपयुक्त मौका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठानें । नैनीलाई दिनको १ बजे तक्मा हेर्न घ
विहान ओछ्यानदेखि नै कपाल दु:खेको बहाना नि
निश्चय भयो । मलाई घरमा एक्लै छाडेर सबै दक्षिणा
म ओछ्यानमै पल्टेर एकलै अनेकानेक तर्क वितर्कमा घडी हेरेर
रहें । १ बज्यो अनि क्रमश: दुइ बज्यो । ठीक त्यसैवेला भरेङबाट कुन मानिस उक्लेको आवाज आयो । उनी आइपुगिन् भनेर मेरो खुट्टा लग्लग् काम्यो । शरीरलाई थाम्न मुस्कील पर्‍यो । मुटु हल्लिन लाग्यो । किन हो किन मुटुले काम गर्न सकेन । कसैले अँठ्याए झैं भान भयो । अनेक शंका उपशंका आएर अपराधीलाई पक्रे झैं मलाई घेर्न लाग्यो । भय डर त्रास एकै चोटि उत्पन्न भयो । उनी मेरो घरमा पहिले पहिले पनि आएकी थिइन् । अहिले मात्र यस्तो किन भनेर मनैले मनैसङ्ग प्रश्न गरेर जवाफ तलास गर्दै थियो । उसैवेला तर्क कल्पना र शोचाइको विपरीत मेरो कलेजको साथी हलो भन्दै कोठामा देखापर्‍यो । मेरो सारा परिश्रम व्यर्थ भयो । म अक्कमक्क परें । केही भन्न सकिन । टुलुटुलु हेरिरहें । के भयो यार भन्दै उनले सोधे । हेडयाक् भयो भनेर जवाफ दिएं । उनलाई छिटो भगाउन मन नपरेका कुराहरू गर्न थालें । उनी बस्दासम्म एउटा समस्या थपिए झैं लाग्यो । मेरो आत्मीय साथीमाथि पनि घृणा उब्जेर आइरह्यो । मेरो अहिले उनीमाथिको व्यवहार देखेर झर्केर रिसाएर फर्केर गयो । तबमात्र बुद्धिले काम गर्न थाल्यो । तल गएर ढोका बन्द गरिदिएँ । अगि नै यस्तो गरेको भए साथी रिसाउने यो फसाद आउने नै थिएन भनेर पछुतो लाग्यो । अनि झ्यालमा बसेर उनी आउने बाटो हेरिरहें ।

दिनको ३ बजेको थियो हाला फिका पानी गुलाफी रङको सारी आकाश रंगको ब्लाउज लगाएर सारीकै फेरोले यौवन ढाकेर मेरो घरलाई टोकेर एउटा ठिटी टाढैबाट आइरहेकी थिइन् । उनलाई देख्नासाथ नैनी आइपुगे जस्तो लाग्यो । किन कि हिंडाइ उस्तै थियो । बडो उत्सुकताकासाथ आंखा तानी तानी उनलाई हेर्न थालें । मेरो कौतुहल बढ्दै आयो । मानिस चिन्न सकिने भयो । तर यिनी नैनी रहिनछिन् । मेरो झ्यालतिर आंखासम्म पनि नलगाइकन आफ्नु बाटो लागिन् । निराश बनें, दिक्क लागेर आयो । अब भोज गएका आमा बाबुहरू आइपुग्ने वेला भयो भनेर तलको ढोका खोलिदिएं । छटपटी लाग्यो । ओछ्यानमा गैकन पल्टिरहें ।

चार बजेको थियो होला । पुन: भरेङबाट मानिस उक्लेको आवाज आयो

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...ो भन्ने ठानेर सुतेको छ भन्ने बनावटी देखाउन ...ाए झैं कान थापेर घोरिएँ पनि। मेरो कोठामा कोही ...। झन् मुख छोप्न बल गरें। हाएलो मिस्टर आइ एम् सरी ...ूज मी भनेको सुनें, तैपनि मैले मुख खोलिन शरीर मात्र यताउति ...ल्टाएँ। पुनः 'म ठीक समयमा आउन सकिन। क्षमा गर्नु होला' भनेको सुनें। बोली त उनैको जस्तो लाग्यो। यो मेरो मनको भ्रम या तरङ्ग हो कि भनेर झट्ट आखा खोल्न सकिन। अ...अं. हकनिदै यसो मुख खोलेर हेरें। उनी मेरो नजीकै उभिरहेकी थिइन्। मलाई भरखरै देखेको सपना जस्तो लाग्यो। तर यो सपना थिएन। शरीरमा पारो चढेर आयो। म उत्तेजित बनें। मनको वेदना पोखे झैं उनले भनी –तपाईकहाँ बराबर एकलै एकलै आउँदा मलाई आमाबाबुले केही भन्छन् कि भन्ने डर मात्र लागेर आउँछ भन्दै थिइन्। उनको यो कुरा मलाई कस्तो न कस्तो जस्तो लागेर आयो। मैले भनें–"डराउनुपर्ने कुनै कारण छैन। यो दुनियाँमा पनि चिन्ता लिने?" यो मेरो कुराले उनलाई केही न केही असर पारेछ क्यारे अनि अज्ञानीले सोधें झै गरी सोधिन्–"तक्मा कहां छ?" मैले भनें–यही छ। उनले हेर्न मागिन् मैले लगाउने इजाजत मागें। उनले भनिन् –तक्मा कुनै फक्सनका दिन विशेष समारोहमा लगाउनु होला। मैले जवाफ दिएँ–घोषणामात्र विशेष समारोहको बीचमा गर्नु पर्दछ। लगाउन त एकान्तै चाहिन्छ। अहिले मेरो घरमा...मेरो घरमा यही शब्द मात्रै मेरो मुखबाट दोहरिदै थियो। उनले के तपाईंको घरमा कोही छैनन् भनेर सोधिन्। उनी तर्से झैं गरेर बोलिन्। मैले किन हडबडाएको भनेर सोधें। उनले जवाफ फर्काइनन् चूपचाप रहिन्। मेरो आफ्नु शरीर आफ्नु जस्तो थिएन। नसा खाएर लट्ठिए झैं व्यक्तित्वहीन भै मकेको थियो। बोल्दा आवाज नियन्त्रणमा थिएन। जे जे मनलाग्यो त्यही त्यही निस्कन्थ्यो। मेरो कार्य उनलाई नराम्रो लाग्दै थियो त्यसवेला मेरा हातले स्वचालित यन्त्र झैं कार्य चालु गऱ्यो।

उनी यसरी पाशविक पासोमा परेर आफ्नु अमूल्य शरीर स्वप्न कुमारीत्व छोड्न तयार थिइनन्। मेरो विश्वासले मलाई नै धोका दिइरहेको थियो। तर परिस्थिति उनको अनुकूल थिएन। उनी आत्तिइन्। मैले भनें–एक चोटि.........

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

कोइरालो

(एक दृष्टि)

–टङ्कनाथ शर्मा

वन जंगल तथा समुद्रले ढाकेको यस संसारमा के कस्ता जलचर छन् भन्ने कुरा राम्रो रूपमा थाहा पाउन मुश्किल पर्दछ । पृथ्वीमा धेरै प्रकारका प्राणीहरू छन्, जो चिडीयाखानामा पनि देख्न पाइँदैनन् । महत्त्वपूर्ण र रहस्यपूर्ण प्राणीहरू वन–जंगलको कुना–कुनामा तितर–वितर भएर खेलिरहन्छन् । वन जंगलका छेउमा बस्ने विचरा गोठालाहरूले तिनीहरूको महत्व जान्दैनन् । सभ्य संसारको दृष्टि त्यतातिर पुगिसकेको छैन । ती गुप्तरहेका जन्तुहरू र एक रूपमा पंक्षीको पनि अग्रणी हुँदै दुवैको सम्मिश्रण रूप लिएर परिचित हुनआएको 'कोइरालो' हो जसको अनौठो जीवनी छ ।

कोइरालो एक चौपाया नै हो । यसको आकार प्रकारको विषयमा साधारण वन जन्तुलाई संझे हुन्छ । आँखा चरिबाघको जस्तो, रौं हेर्दा सिंहको भान हुने, टाउको हेर्दा बाघकै जस्तो मिलेको, कान हेर्दा बिरालो संझे हुने, नाक मानिसको जस्तै र संपूर्ण शरीरको निरूपण गर्ने हो भने 'खुदेकीरो' या मलसांप्राको जस्तै आकार आउने यो एउटा विचित्रको प्राणी हो । छोटा छोटा खुट्टा, लामो पुच्छर, घुरिलो मुख र पहेंलो आकारको वर्ण भएको यस जन्तुलाई हेर्दा एकलासे वनमा डरले मुटु काम्दछ । लामा–लामा घ्याप्प परेका रौंले यसको गोरो वर्ण ढाकी पहेंलो गराएको हुन्छ । टाढा–टाढासम्म देख्नसक्ने दूरदर्शी यसले आफ्ना गुंडबाट (बासस्थान) पुलुक्क हेर्दा हाम्रा आँखा ढुलुक्क पर्दछन् । बिरालाका जस्ता कान ठाडा बनाउँदा हाम्रो मुटु ढुक्क फुलेरआउनु स्वाभाविक हो । लामो र मोटो पुच्छर लम्प्याङ्ग गर्दै हिंडेका हामीलाई अनौठो याद आउँछ, जसबाट हाम्रा कन्सिराका रौं उठेर सिरिङ्ग गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

...रो प्राणी हो । त्यसले सानातिना जनावर ...ा खाएर विनाश गरिदिन्छ । यसको सहायक ...पाँत पनि हो ।

...इरालोको वासस्थान बडो गजबको हुन्छ । झ्याम्म परेर झ्याउ लाएको बोटमा सानो प्वाल बनाई टाउको बाहिर निकालेर यो उल्टो मुख पारी बस्दछ । ठूल–ठूलो वन जंगल नै यसको मुख्य वस्ती हो ।

यो एक अनौठो प्राणी हो, किनभने हेर्दा जनावर जस्तो भए पनि यसको उड्ने शक्ति छ । उकालो, ओरालो, चाहे जेसुकै होस्, यो थोर थोरै उड्न सक्तछ । तर उड्दा पखेटा देखिदैन । त्यसैले यसलाई पंक्षी–जन्तुको मिश्रण भन्न सकिन्छ ।

यूढा पुरानाको कथनानुसार यसको एक अद्‌भूत शक्ति छ । यदि कुनै स्वास्नीमान्छेको योनिमा यसको योनिको छायाँ पऱ्यो भने त्यो स्त्री गर्भिणी हुन्छे । तर १०।१२ मासपछि गर्भ पानीको रूपमा बगेर जान्छ । यस अवस्थामा गर्भिणी स्त्रीमा हुनुपर्ने चिन्हहरू दुरुस्त हुन्छन् । गर्भ पतन भएपछि सबै चिह्न साविक बमोजिम हुन्छन् । यस विषयमा एक घटित घटना साक्षी छः—

केही वर्षअघि मालिका गाउँ पञ्चायत अन्तर्गत एउटा चित्रमती नाम गरेकी तरुणी बस्दथिन् । तिनको लोग्ने परदेशमा गएको हुँदा तिनी माइतै बस्ने गरेकी थिइन् । वनमा घाँस पातमा जाने हुँदा एक दिन 'कोइरालोको छायाँ' भएको कुरा कसलाई पत्ता ! विस्तार–विस्तार यौवनस्थित चिह्न-गर्भधारित स्त्रीका झैं हुनगएको र पेट पनि वढ्‌दैगएको कुरामा ग्रामीण चलनअनुसार सबैले अनुचित शंका गरेछन् । तर केही कुरामा पत्ता नलागेको र १२ महीनापछि पानीको रूपमा पेटभित्रको चिह्न बगेको तथा उनलाई ठीक भएको देख्दा सबैले कोइरालोको करतूत भन्ने संझेछन् ।

संक्षेपमा कोइरालो यही हो । यसको राम्रो किसिमले गुणदोष पत्ता लगाउन तथा सबै कुरा प्रमाणित रूपले बुझ्न चिडियाखानामा राखेदेखि यस प्रकारको जन्तुको महत्त्व पनि बढ्ने र देश देशावरका मानिसको पनि कोइरालोसँग परिचय हुने कुरा स्पष्ट छ । पहाडी इलाकाको ठूल–ठूला वनमा यसलाई भेट्न सकिन्छ । बाग्लुङ र म्याग्दी जिल्लाको माझमा पर्ने मालिकाको जंगलमा योसंग कुरा गर्न सकिन्छ । अस्तुः ।

—वागलुंग रातमाटा

—◆—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पना

—मँगला श्रेष्ठ

कल्पना वास्तवमा आँखाको नानी जस्तो छ । जसरी आँखाले कुनै पनि वस्तुको स्पष्ट चित्रण गरी देखाई दिन्छ, ठीक त्यस्तै त्यसरी नै कल्पनाले पनि वस्तुको रूप–रङ्गको चित्रण गर्दछ । तर, आँखाको मुख्य क्रिया उपस्थित वस्तुको अथवा दृश्यको प्रतिविम्ब देखाइदनु हो भने कल्पना दूरतामाथि विजय गरेर विशाल मेघसागरहरुद्वारा घेरिएका प्रदेशहरुलाई नङ र मासुको नाताले जोडिदिने एक मात्र चीज हो । आँखा भएको मानिस अन्धा पनि हुन सक्दछ । तर, कल्पनाशील मानिस विजय गर्दछ, सपना र सुनसान ठाउँमा विलिन भएका चीजहरूलाई एवम् दृश्यहरूलाई सजीव एवं जागृत तुल्याइदिन्छ । हामीले कुनै दुर्गन्धी अथवा सुगन्धी चीजहरूको अनुभव नाकद्वारा गर्छौं; त्यस्तै कसैको संगीत अथवा चिच्या-हटको सार हामीलाई कानद्वारा हुन्छ । फेरि कुनै सुन्दर दृश्य वा कलाहरूमा हामी हाम्रो आँखाद्वारा आनन्द लिन्छौं; अनि कुनै नरम अथवा कडा चीजहरूलाई हामी हाम्रो शरीरको स्पर्शद्वारा जान्दछौं । यी सब अनुभूतिहरू कल्पना विना हुनु असंभव छ । कल्पनाले हामीलाई जतिको आनन्द दिन्छ, त्यत्ति आनन्द शायद अरू कुनै पनि चीजहरूले दिन सक्तैनन् । कल्पना मानिसमा नहुंदो हो त, अतीत र भविष्य–दुइ अंध्यारो पाटा बन्ने थिए । कल्पनाले मानिसलाई धेरै प्रेरणा दिन्छ, शिक्षित एवं वुद्धिमान बनाउँछ । सुतिरहेको मानिसलाई जगाइ दिन्छ । जुन मानिसलाई कल्पना भन्ने चीज के हो ? थाहा छैन अर्थात् जसको हृदयमा कल्पना भन्ने शब्दको सृजना नै भएको छैन त्यसले जीवनमा कहिल्यै आनन्द भन्ने चीजको अनुभवै गर्न सक्तैन । कल्पनाहीन मानिस जीवनको हरेक मनो-रञ्जन अथवा मोज मज्जाहरूबाट हमेशा बञ्चित रहन्छ । कल्पना नै मनुष्य जीवनको आनन्दको मूल वीज हो । कुनै पनि मानिस समाजको

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...न्न सक्तैन, जो कल्पनाशून्य छ । कल्पनाले ...असाधारणताको मोहनीले विभूषित गराइदिन्छ । ...सीमितताबाट अनन्तको झिल्का निकालिदिन्छ । अनि पत्थर ... कठोरतामा मधुमय कहानी भरिदिन्छ । कल्पना तीव्र हुनेलाई यही ...संसार स्वर्गभन्दा रमाइलो एवं आनन्दमय छ । कल्पनाशून्य हुनेलाई पशुले घाँस चपाए जत्तिको आनन्द पनि मिल्ने छैन ।

वास्तवमा कल्पना नै प्रेमको मूल जरो हो । दृश्यमयी संसारभन्दा हृदयको दुनियाँ झन् विशाल छ । हृदयको यस्तो विशाल दुनियाँमा कल्पनाले रङगाएको प्रेम नै एक मात्र आनन्ददायक वस्तु हो । जीवन क्षणिक छ, दुःखमय छ, यस्तो दुःखै दुःखले परिपूर्णभएको मानव–जीवनलाई सुन्दर एवं रसिलो कसैले पार्न सक्छ वा पारिराखेको छ भने–वास्तवमा त्यो कल्पना नै हो ।

मान्छे भएर जन्मनुभन्दा बढी नैतिक अरू के हुन सक्छ ?

–काम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MfDF

नालापानीमा वीर बलभद्र

(ऐतिहासिक एकांकी नाटक)

-वैकुण्ठप्रसाद विजुक्छे

नेपथ्यबाट

प्रिय दर्शकवृन्द-

यो नालापानी हो, जहाँ नेपालीहरूले अंग्रेजहरूको विरुद्ध सन् १८१४ मा वीरतापूर्वक मुकाविला गरेका थिए।

यो त्यही खोंच हो, जहाँ बाघ जस्ता वीर बलभद्र कुँवरले देशको स्वाधीनताको निम्ति अदम्य साहसको प्रदर्शन गरेको थियो। आजभोलि नालापानी सुनसान छ–आजभोलि नालापानीलाई झारपातले छोपिराखेको छ। त्यहाँ अचेल केही छैन : कीरा र फटेंग्रा सिवाय। त्यहाँ यस वेला सर्वत्र शान्ति ! शान्ति मात्रै छ–जताततै ममता मात्रै व्याप्त छ। तर...... १५३ वर्ष पहिलेको अतीतमा यो खोंच गौरवको खोंच थियो जहाँको अदम्य शक्तिले विश्वलाई चकाचौंध पारेको थियो।

प्रिय दर्शकवृन्द ! लौ त पुग्नुस्–१५३ वर्ष पहिलेको सुन्दर इतिहासको हाम्रो 'एक टुक्रा शानदार अतीत' मा–देहरादून नजीकको नालापानीमा--अनि पस्नोस् ढुङ्गै–ढुङ्गाले निर्मित बलभद्र कुँवरको किल्लामा र स्वाधीनतालाई प्राणभन्दा पनि बढ्ता माया गर्ने देशभक्त बलभद्रको असाधारण व्यक्तित्वलाई पाउनुस्। देशभक्तिको सुन्दर भावनाले उनी प्रज्वलित भैरहेछ, ज्वालामुखी भएर ऊभित्र–उसले जोश र उत्तेजनाको आगो सांचेर राखेको छ। छुनोस्, उसलाई–सम्पूर्ण उसको लौह शरीर तप्त छ। आँखा तारा झैं चम्किला छन्। मुटुभरि साहसै साहस भरिएको छ। शत्रुहरूलाई बुलन्द आवाजमा सशक्त हांक दिन्छ, मेघ जस्तो गर्जेर। सांच्चै, भय के चीज हो? उसलाई

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

... र जीवनको साधारण घटना हो भन्ठान्छ । ...देश जत्तिको प्रिय चीज अरू केही छैन, देशको स्वाधीनता जत्तिको प्रिय चीज उसलाई अरू केही छैन ।

× × ×

दृश्यः एक

स्थानः नालापानी

समयः बिहान

[ढुंगै–ढुंगाले निर्मित किल्लाभित्र आइमाई, केटाकेटी र अरू सैन्यहरूको साथ बलभद्र कुँवर गंभीर मुद्रामा बसिरहेका हुन्छन् । किल्लाबाहिर अंग्रेजहरूले तोप र गोला पड्काएर आगो खन्याइरहेका हुन्छन् । केटाकेटी रोएको, आइमाईहरू चिल्लाएको र लोग्नेमान्छे खलबल गरी कराएको सुनिन्छ यस्तैमा पर्दा उघ्रन्छ ।]

बलभद्र –यो युद्धको वेला हो, यस वेला हामीलाई धैर्यको ठूलो खांचो छ । हामी अलिकति पनि आत्तियौं, घबडायौं, र शूर छोड्यौं भने जाती हुने छैन ।

वीरसिंह--[टुटेको स्वरमा खिन्न भएर] खै, कुँवर, हाम्रो केही लाग्ला र ?

बलभद्र –[उत्तेजित भएर] वीरसिंह !

वीरसिंह–[उत्तिकै उदासीन भावमा] एक मुठ्ठी शक्तिले....

बलभद्र –[कुरा काटेर] मुठ्ठीभर शक्ति काफी छ, नामर्द !

वीरसिंह– कप्तान कुँवर ! पख......

बलभद्र --वीरसिंह, यो पर्खने वेला होइन । बाहिर शत्रुले आगो खन्याइरहेछ । तिमी र म मात्र होइन, आज सबका सब आगो भएर बल्नु परेको छ । देशभक्तिको उदात्त भावनाले सबका सब प्रज्ज्वलित हुनु परेको छ।

वीरसिंह–आगो.........

बलभद्र –हो, आगोको सामना गर्नु परेको छ ।

जंगे --युद्ध जस्तो कुरा, कप्तान कुँवर !......

वीरसिंह–[सही थाप्दै] त्यही त भनेको–

बलभद्र –[जंगेतिर हेरेर तीव्र स्वरले] के कुरा ? [वीरसिंहतिर] के भनेको ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[पर नेपथ्यमा तोप पड्केको आवा...
सुन्यौ, तिम्रो किल्लाबाहिर के भैरहेछ ...

जंगे –जे भए पनि त्यसै आँखा चिम्लेर हुन्छ र ?

बलभद्र –के गरेर हुन्छ त, आँखा चिम्लेर नभए ?

जंगे –सोच्नु पर्छ, विचार्नु पर्छ, कप्तानको कुरा पनि......वीरसिंहले जे भन्यो, टीक भन्यो । त्यसै आत्तिएर हुन्छ ? हामीसित सैन्य छैन, हामीसित हातहतियार छैन । हिसाबै गर्ने हो भने उनीहरूको हेरेर हामीसित केही शक्ति नै छैन–यतिखेर । त्यसै भनेर हुन्छ ?
[दुइचार जना बूढाहरू सही थापे झैं गरी गुनगुनाउँछन्, खोक्छन् खकार फाल्छन्–भूसा तानेर धूवा बुङ्ग उडाउँछन्]

बलभद्र –[आवेशमा आएर चिच्याउँछ] चुप लाग........'यता हेर, उता हेर' भनेका छन्– बुढापाकाले । जंगे, सिंगे, धीरे, हर्के, सबले वेला हेर । होस राख सबले, यो संकटको वेला हो । यो वेला हामीसित केही उपायै छैन–मुटुमा अथाह बल भर्नु सिवाय [एकछिन् चुप लागेर पुनः उत्तेजनामा आउँछ] आगै–आगाको लप्काभित्र बसेर आज यस्तो कुरा ! नपुंसक, डरछेरुवा र कातर भएर सब भाग्न चाहेका हुन् भने भाग, जो जो भाग्छौ भाग । डरपोकलाई मेरो केही भन्नु छैन । उसको निम्ति किल्लाको द्वार खुला छ । भाग, सब भागे पनि बलभद्र कुँवर भाग्ने छैन ।

वीरसिंह -कुँवरले चाहे जसुकै भन, यो वेला हाम्रो अनुकूल होइन ।

बलभद्र –कस्तोलाई अनुकूल वेला भन्छौं तिमी ? के भो भने अनुकूल हुन्छ. के भएन भने हुन्न ? यही वेला मेरो निम्ति अनुकूल छ भने तिम्रो निम्ति छैन ? मैले सोचे जस्तो तिमीले सोचेनौ, न तिमीले सोचे जस्तो मैले सोचें । तिम्रो मनसाय किल्ला छोडेर भाग्ने अथवा शत्रुको गोडा पर्ने छ भने मेरो ठीक त्यसको विपरीत छ । बुझ्यौ वीरसिंह ? ज्यान गए किल्ला छोड्दिन, जम्मै पृथ्वी भासिन्छ भने पनि आत्म–समर्पण गर्दिन ।

वीरसिंह–[कपाल कन्याउँदै] अँ.........कुँवर........

धीरे –[बीचमा कुरा काटेर] होइन कप्तान, जीवन र मृत्युको मामला छ, वेगर तैयारी त्यसै आत्तिनु हुन्न कि ?

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

...को कुरा भनेको यही हो ।

...स्वरमा] सुन्ला, सुन्ला–ढुंगाको पर्खालले सुन्ला । ... पर्खालसित लाज मान् पर्छ यस्तो डरपोक कुरा मुखबाट निकाल्न । देशको स्वाधीनता गंभीर खतरामा परेको वेला–वाह ! यस्तो कुरा ! देश डुबे के हुन्छ ? देशको अस्तित्व नामेट भए याहा छ, के हुन्छ ? भाग, सब भाग । मूसो भएर दूलो–दूलोमा लुक । दूलोभित्रको अँध्यारोमा गएर सास फेर । त्यहींभित्र बाँची राख । बलभद्र त्यस्तोमा निसासिन्छ. जहाँ स्वाधीनताको प्रकाश छैन । उसलाई उन्मुक्त आकाश चाहिन्छ, खुला वायुमण्डल चाहिन्छ, आफ्नै देश र स्वच्छन्द धरती चाहिन्छ । त्यस्तैमा ऊ वीर भएर बाँच्न चाहन्छ, वीर भएर मर्न चाहन्छ ।

जंगे –भाग्ने भनेर कसले भनेको छ र ? आफूसितको शक्तिको हिसाब राख्ने कुरासम्म पो चल्यो !

बलभद्र –[भावावेशमा बरबराउँदै जान्छ] चाहे शक्ति छ भन, चाहे शक्ति छैन भन–तिमीहरू चाहे जे भन, देशभक्तिको नशाले म जुलुम भएको छु । तिमीहरूले देख्ने चीज म देख्दिन, तिमीहरूले सुन्ने चीज म सुन्दिन । राष्ट्रिय अखण्डताको सुन्दर रूपलाई मात्रै मैले देखिरहेछु, स्वाधीनताको मधुर संगीतलाई मात्रै मैले सुनिरहेछु । यसभन्दा बढ्ता मैले केही देखेको छैन, केही सुनेको छैन । [एकछिन चुप लागेर] टार परेको नालापानी काँढे काँढाको वन बूटा-हरूले घेरिएको नालापानीमा त्यस्तो के सौन्दर्य छ र भन्ठान्या' छौ भने तिमीहरू भ्रममा परिराख्या छौ । नालापानीको यो किल्लाभित्र, बुझ्यौ, राष्ट्रिय गौरव छ-जातीय मर्यादा छ नेपालीको आत्म–प्रतिष्ठा छ । बितेको इतिहासलाई नबिर्स–इतिहासलाई बिर्से देश डुब्ला, देश डुबे जाति डुब्ला, जाति डुबे तिम्रो समाज डुब्ला, संस्कृति डुब्ला, होश राख–तिम्रो सब चीज डुब्ला । खोक्रा मान्छे भएर के बाँच्छौ ? आकृतिहीन अनुहार लिएर के जिउँछौ ? केही अर्थ र मूल्य हुनु पर्छ ज्यूँनुमा पनि । [गंभीर आवाजमा] यही देशको माटोबाट तिम्रो जीवन फुल्छ, अनि यही देशको माटोमा तिम्रो जीवनको लय हुन्छ । यो पवित्र माटोको स्वाधीनताको खातिर भरे फूल जसरी ओइलाउने तिम्रो एउटा नाशवान जिन्दगीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri Funding: MIDF

आहुति दिन तिमीलाई के भएको
मिल्ने तिम्रो जिन्दगी माटोमा मिलेर
फूल फुल्ने छ, अनि त्यसको शाश्वत सौन्दर्य पृथ्वी
त्यसको मधुर सुगन्ध पृथ्वीभरि वाफिने छ ।

× × ×

दृश्यः दुइ

स्थानः उही

समयः आधारात

[चकमन्न रात–अनन्त आकाशमा ताराहरू टिम्टिमाइरहेका । किल्ला-भित्र बलभद्रको ओछ्याननेर क्षीण बत्ती बलिरहेको–ओछ्यानमा पल्टिरहेको बलभद्र नमालुम के के सोचिरहेको–सबै निद्रामा घुरिरहेका, यस्तैमा बाहिर किल्लाको ढोका खट्-खटाएको आवाज आउँछ]

बलभद्र –को हौं, बाहिर ? [पल्टि नै रहन्छ]

[ढोकामा खट्-खट्को आवाज आइ नै रहन्छ, बलभद्र ओछ्यानबाट उठेर ढोका खोल्न जान्छ]

को हो बाहिर ?

दूत –कप्तान कुँवर ! जनरल जिलेप्सीको पत्र ।

बलभद्र –[ढोका घंग्रङ्ग उघार्दै] के ? कसको पत्र ?

दूत –जनरल जिलेप्सीको !

बलभद्र –[पत्र लिंदै बत्तीनेर जान्छ] के गर्नुपर्‍यो रे जिलेप्सीलाई ? [बत्तीमा पत्र पढ्छ अनि रिसले चूर भएर]युद्ध नगरीकन आत्म–समर्पण बलभद्रले गर्ने रे !..........[दिल्लगीपूर्ण हाँसो हाँस्दं] जा, भन्दे........ तेरो जर्नेललाई यस्ता आधारातमा चिट्ठीको जवाफ दिने चलन हाम्रो छैन भनेर । अनि उनलाई यो पनि भन्दे कि युद्धको मैदानमा मात्रै भेट्छ भनेर ।

दूत –हुन्छ कप्तान ।

[बलभद्र ओछ्यानमा आएर पल्टन्छ, तर निद्रा पर्दैन उकुस मुकुसको अनुभव गर्छ र देशभक्तिको ज्वालाले अस्तव्यस्त बलभद्र अनायास बरबराउँदै जान्छ]

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

...हो;
...ाँडा हिमालको
रमाइलो नेपाल हो ।
रम्छु म रमाउँछु–
मेरै आफ्नै नेपालमा;
मरेर जन्मनै पर्छ
भने जन्मन्छु नेपालमा ।
मेरो स्वर्ग नेपाल हो,
मेरो जे हो नेपाल हो,
जननी जन्मभूमिश्च--
स्वर्गादपि गरीयसि..........

[रापले झन्--झन् प्रज्वलित हुँदैगएको बन्लभद्रले वातावरणलाई भुल्छ, भावावेशभित्र ऊ स्वयं हराउँछ, अनि आगो--आगोको मान्छे बन्छ]

मिच्न म मनपराउन्न
कसैलाई कहिल्यै पनि;
नसहन्छु कसैद्वारा
आफूलाई मिचेको नै ।
स्वाधीनता प्राण हो--
मुटुको मेरो ढुक्‌ढुकी हो;
त्यसैलाई बचाउने
एउटै मेरो धर्म हो ।
छाती ढाल बन्नेछ--
स्वाधीनता छिन्छ भने;
मर्न निको मान्ने छु--
आत्मगौरव पोखिन्छ भने ।
[कप्तान एक सूरमा कराएको सुनेर जंगे व्युँझन्छ]

जंगे --कप्तान कुँवर.....................कप्तान कुँवर......... ...
[चिच्याउँदै] कप्तान कुँवर !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. ... by eGangotri Funding: MIDF

बलभद्र –[मानो होशमा आए झैं] जंगे ! ...
जगाऊ, तन्नेरी मात्र होइन, बूढाखाडा, ...
हरूलाई पनि उठाऊ। सबको हृदयमा देशभक्तिका ...
देऊ–सबको हृदयमा साहस र बल भरिदेऊ। धैर्य ...
चुँडाल्लान्, आत्माको संगीतलाई मन्द पार्लान्, हौसलाको ...
निभाउलान्, अन्धकारमा पथभ्रान्त होलान्। [उत्तेजित भएर] संकटपूर्ण भासमा देश डुब्न–डुब्न लागेको छ। देशको अस्तित्त्व गंभीर खतरामा छ। लुटेरा अंग्रेजले मसित के को दिल्लगी गर्छ [आवेशमा आउँदै] जंगे ! कुनै हालतमा पनि आत्म–समर्पण हुनै सक्तैन। ले मेरो खुँडा,·· उठ·· उठाऊ सबलाई। देशको स्वाधीनताको निम्ति मलाई ज्वालामुखी भएर फुट्न मन लागेको छ, मलाई तुफान भएर सास फेर्न मन लागेको छ।

× × ×

दृश्य: तीन

स्थान: उही

समय: दिउँसो

(किल्लाभित्रको दृश्य अति दारुण छ, कुहेको लासबाट दुर्गन्ध निस्किरहेछ। जताततै रगतै रगत लथपथ, काटिएका मान्छेका हात खुट्टाहरू ! दृश्य भयावह देखिन्छ–मानौं मसानघाट जस्तै प्रतीत हुन्छ। बचे खुचेका मानिसहरू पानीको प्यासले विव्हल हुँदै कराएको–'पानी ! पानी !' '...' को आर्तनाद मात्रै सुन्नमा आउँछ)

बलभद्र –(पीडित एवं कम्पित स्वरमा) अधीर नहोऊ वीरहरू, अधीर नहोऊ। देशको स्वतन्त्रताको खातिर जीवन बलिदान गर्न पाउने यो शुभ मुहूर्त हो–यो महान यज्ञमा होमिएर जीवनलाई सार्थक पार वीर हो, जीवनलाई सार्थक पार। (एक छिन मौन धारण गरेर पुनः दृढ हुँदै) मर्नेहरू मरेर गए पनि बचे–खुचेका हामीहरूले अझै भीषण अग्निपरीक्षाबाट पार हुनु परेको छ–हाम्रा कर्तव्यहरू अझै बाँकि छन् किनकि हाम्रो जीवन बाँकि छ ! हामीलाई मानवताको महानतामा पुग्न अझै बाँकि छ, किनकि हाम्रो संघर्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

पारिपट्टि जीवन नपुगेसम्म तिमीले संघर्ष गर । शून्यको सुनसान देशभित्र प्रवेश गरेर ...एसम्म तिमीले संघर्ष गर्नु पर्छ–संघर्ष नै जीवन हो वीरहरू संघर्ष गर ।

(पीडित आत्माहरू 'पानी ! पानी !' बेशब्दसंग भनेर एकतार कराइरहन्छन् ।)

हर्के बूढा–(कम्पित स्वरमा) विश्वासघात गऱ्यो !···विश्वासघात गऱ्यो !···

बलभद्र –सांचो हो विश्वासघात गऱ्यो, पिउने पानी तर्काइदियो । ईमानछाडा अंग्रेजहरूले धोखा दियो । (व्यङ्ग्यको हाँसो हाँस्दै) ठीक छ, मेरा वीर हो ! ठीक छ, हिम्मत नहार–संख्यामा कुल सत्तरी जना बाँकिरहेर पनि अझै हामी गौरवान्वित हौं किनकि हाम्रो किल्लाको ढोका उघार्न तिनले अझै सकेका छैनन् ।

हर्के बूढा–(क्षीण स्वरमा) कप्तान कुँवर···मुश्किल भयो !···अब मुश्किल भयो ! कुँवर···प्राण धान्नै पनि मुश्किल भयो । कुँवर··· घाँटी सुकी सक्यो··आंत जलि सक्यो, शरीरका सब नसा नसाहरू··· शिथिल भैसके हुँ··हुँ (दम बढ्छ)

बलभद्र –हर्के बूढा, मान्छेको जिन्दगी मर्ने जिन्दगी हो, जीवनको निम्ति त मृत्यु एक माभूली घटना हो, हर्के बूढा । बूढो भैसकेका हर्के बूढा, जीवनको लामो बाटो हिंड्दा जीवनको साँझमा आइ पुगिसकेका थकित हर्के बूढा, शरीरको ग्लानि र पीड़ाको वास्ता नगर । भावनामा आस्था राख्ने वीरहरूको निम्ति एक मुठी पानीसित के को मोह ? देशभक्तिको भावनाले ओतप्रोत भएका वीर आत्माहरूको निम्ति एक मुठी जीवनसित के को मोह ? पानीको अलिकति प्यासले तिमीलाई के हुन्छ ? बांच्ने अलिकति लोभले तिमीलाई के हुन्छ ? बिलाई देऊ, बिलाई देऊ–मिर्मिरे बिहानमा तारा बिलाए जस्तै गरी बिलाई देऊ । तिमी बिलाए र गए नै प्रभात आउँछ अनि प्रभातसंग संगै धरतीमा स्वर्गीय ज्योति आउँछ···

धीरे –भएन, कप्तान कुँवर··भएन··भएन !···सास फेर्न भएन, कुँवर,··· सास फेर्न भएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri Funding: MIDF

बलभद्र –सहू वीर हो, सहू । देशको निम्ति
गौरव र इज्जतको निम्ति…

हर्के –(वेहोश भएर लड्छ) पानी !…

धीरे –(ढुन्मुनिन खोज्दै) पानी ! …कुँवर …पानी ! …पानी !

बलभद्र –(क्षीण स्वरमा) मेरा वीरहरू आज दुश्मनसित होइन, प्रकृति सितको संघर्षमा हामी हार्‍यौं, पछारियौं (पुनः उत्तेजित भएर) तर…तर निस्तेज र निस्पन्द भएर शत्रुको सामु हार स्वीकारेर आत्म समर्पण त किमार्थ गरिन्न । खोलौं–आफैंले किल्लाको ढोका, खोलौं र बाहिर निस्कौं । अझ पनि अन्तिमबार वीर भएर संघर्ष गरौं…(आफै आएर ढोका घङ्न्याङ्ग उघार्छ)

(यवनिका)

✿

कविता ज्ञानको श्वास र सूक्ष्मतर आत्मा हो ।

-वर्डस्वर्थ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

कुखुराको भालेसित

–बालकृष्ण 'नेभा'

प्रकृतिको सृष्टिमा महत्वहीन कुनै चीज वा प्राणी छैन। तिनै प्रकृतिकृत रचनाहरूलाई लिएर विभिन्न लेखकहरूले विभिन्न समयमा विभिन्न विषयमा सक्दो प्रकाश पारेका छन् । तर दुःखको कुरा, जुन जन्तुको नामै मात्रले पुरुष जाति मात्रको शिर गर्वले ठाडो हुन्छ, त्यस्ता तिम्रो बारेमा अझसम्म कसैद्वारा लेखिएको देखिन्न । जे भए पनि, पुरुषको नाताले तिमीसँग मेरो आत्मीयता र भाइचारा छ । त्यही आत्मीयता र भाइचारा पोख्न तथा अभावको पूर्ति गर्न मैले लेखनी समाती केही लेख्नथालेको छु ।

तिमी का-पुरुष होइनौ, वीर पुरुष हौ । अधिपछि श्याल कराउँदा पनि तर्सने लोग्नेमान्छे आइमाईहरूको सामुन्ने परिआएको मौकामा "हामी त जे भए पनि भाले" भन्न थाली हाल्छ, कत्ति हिच्किचाउन्न । हुन पनि तिम्रो नामै मात्रमा नमालुम कुन त्यस्तो शक्ति छ कुन्नि (?) पुरुषवर्गले "हामी त जे भए पनि भाले" भन्न थालेपछि जुनसुकै नारी पनि नतमष्तक भई हाल्छे । त्यस्ता वीर पुरुष तिमी हौ । वीर पुरुषको जीवनी लेख्दा सम्पूर्ण अङ्ग पुऱ्याई लेख्न सकिँदै सकिन्न । कुनै न कुन ठाउँमा टुटफुट अवश्य रहन्छ । त कुखुरा ! अहिले लेख्नलागेको तिम्रो यस जीवनीमा पनि केही टुटफुट अवश्य हुनजाला । तर तिमी यत्तिमै चित्त बुझाई बसिदिनु पर्दछ । तिमीप्रति यो मेरो विनम्र अनुरोध हो । अरू धेरै गन्थन किन ?

कुखुरा तिम्रो बाल्य जीवन त आमासंग चिं चिं गरेर हिँड्नामा नै बित्यो । किशोरावस्थामा पाइलो हाल्न पुग्दा निष्ठुरी आमा तिमीलाई छाडी आफ्ना प्रेमीसित भुल्न थालिन् । दिनमा दशपल्ट प्यार पाउन नजीक जाँदा पनि आमा चाहिँ निर्मोही बनी त्यतिपल्ट नै तिमीलाई ठुंगी दिन्थिन् । चियाँ ! गरेर तिमीलाई भाग्नु पर्दथ्यो । यसप्रकार आमा भए पनि सानै उमेरमा तिमी विराना भयौ तर ठक्करले नै बुद्धि आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"हात खुट्टा जोगिएकै छ, अब किन निर्दयी आ...
विचार तिम्रो हृदयमा घुस्यो । अब तिमीले आफ्नै ...
थाल्यौ । आमाप्रति भने तिम्रो मन ज्यादै नराम्रोसित मन्यो ...
उनको सम्झनासम्म गर्न छाडिदियौ । ठीकै हो–आफना उपकारी...
निर्मम आघात सहनु पर्दा उपकारीको उपकार भुलिदिने सबैको स्वभाव हुन्छ । अत: तिम्रो यसमा केही दोष छैन । जे होस् यस मातृ विहीनताले नै तिम्रो भविष्य उजेलिदै गयो । जीवनमा स्वावलम्बी हुने असल पाठ तिमीले सिक्यौ । अब यही अवस्थामा विस्तार–विस्तारै किशोरावस्था त्यागी यौवनको खुड्किलोतिर तिमी पुग्यौ ।

'यौवन' जीवनको जुहार हो । बालकको कल्पना र वृद्धको सपना यसमा हुँदैन । यो विपना हो, प्रत्यक्ष हो । वसन्त ऋतु झैं यो उन्मादक उत्तेजक र आनन्दप्रद हुन्छ। यस अवस्थामा सम्पूर्ण प्राणीहरू आत्म–विभोर हुन्छन् । तिनीहरूको संसार नै बेग्लै हुन्छ । त्यसै त उछृङ्खल भाले जाति, यस अवस्थामा पुग्दा झन् म मातिनसम्म मात्तिन्छन् । ठूलालाई नठान्ने, सानालाई नगन्ने अवस्था नै यही हो । यस यौवनले तिमीलाई पनि छोइ नै हाल्यो । अनि त के चाहियो र ? आफू कमजोरै भए पनि या हार्नै परे पनि आफूभन्दा सबलसंग जोरी खोज्दै हिंडने, निर्बललाई ठुंगी ठुंगी चियां–चियां ! पार्ने, भरखरकी वा बूढी नै भए पनि नायिकालाई देखेपछि प्रणयालिङ्गन (घेरो हाल्ने) गर्ने नायिका उम्कन खोज्दा कांय् ! कांय् !! (त्यसै जान खोज्छे ए यो !) गरी हप्काउने आदि अभद्र र उत्ताउला यौवन सुलभ चाञ्चल्यहरू तिमीले क्रमश: एक एक गरी देखाउन थाली हाल्यौ । कसैले पनि यसलाई असुहाउँदो र अशोभाउँदो भनेनन्, बरु सबैले हिस्सी परेको नै भने । "तिम्रा ती यौवन क्रिया देख्ने, यौवन ढल्की सकेका वृद्धहरू आफ्ना विगत यौवनको स्मृतिमा मग्न हुन्छन्, युवकहरू इर्ष्या गर्छन् र युवतीहरू थुकले घाँटी भिजाउंछन्" भन्ने कथा कत्ति अनुभवीहरूका मुखबाट पनि सुन्न पाइन्छ ।

एक पटक यही उछृङ्खल यौवनको आवेगमा परी उमेर ढल्की सकेकी एक गम्भीर र भद्र प्रौढालाई छेड्न तिमी पुग्यौ । फर्र्र प्वांख फिजाई, एउटा खुट्टा तनक्क तन्काई, भूई कोर्दै र मुखले चाहिं प्रौढालाई समाल्न पुग्दै तिमी आफ्नो भावपूर्ण विशिष्ट प्रणयालिङ्गन र चुम्बन गर्न जब के तम्सिएका थियौ–भद्र महिलाको कन्सिरी ताती हाल्यो । रनक्क रन्केर

[बूकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...या !) गर्दै तिमीलाई ठुंग्न तिनी आइपुगिन् । ...त् ! कोत् !!!' (त्यसै तर्कन खोज्छे ए यो !) ...फन्केर महिलाको बाटो छेक्नतिर लाग्यौ । महिलाले ... देखिन, ठुंगी हाली । उनको रिसको झोंकमा तिम्रो प्रेमाभिनयको ... महत्व रहेन । त्यसपछि तिमीले पनि ठुंगेको जवाफ ठुंगेर नै दियौ । केही क्षणसम्म घात--प्रतिघात चल्दैरह्यो । तर युक्तिपूर्ण र परिपक्क शक्तिको सामु कच्चो र मूढेबलको केही जोर चलेन । तिम्रो प्रेमायिनय रफू चक्कर भयो । त्यस दिन शरीरमा भन्दा अझ बढ्ता हृदयमा गहिरो चोट लिई साह्रै नै लज्जित भई तिमी एकातिर लाग्यौ । प्रौढा चाहिं गर्वपूर्ण छर्के आंखाले हेरी "कोत् ! कोत् !! कोत् !!! (छेड्न आएको स्वाद कस्तो हुँदोरहेछ त !) गर्दै आफ्नो बाटो तताइन् । निज प्रौढाको अभिमान चूर्ण गर्न र आफ्नो हृदयको यो चोट पुर्न तिमीलाई ठ्याम्मै एक महीना लाग्यो ।

तिम्रो प्रणय--क्रीडा हेर्दा कृष्णको रास लीला फीका हुन्छ । अग्लो रूखको टुप्पामा बसी कृष्णले मुरली बजाए झैं पर्खालमाथि बसी......कु...... खु......री......कां......!" गरी तिमी गाइदिंदा 'अहा ! कति राम्रो रूप ! कति राम्रो स्वर !!' भने झैं कोत् ! कोत् !! कोत् !!! कोत्यास्स !!!!' शब्द गरेर मोहित हुँदै तिम्रा वरपरका गोपिनीहरू आश्चर्य प्रकट गर्दछन् । तिमी आनन्दले विभोर हुन्छौ ।

तिम्रो जन्म त आफू खोर जस्तो निकृष्ट ठाउँमा भएको हो । बसो वासो पनि तिम्रो त्यही नै छ । तर यसको विपरीत तिमीलाई शाही गुणले युक्त देख्दा हामी छक्क पर्दछौं । राजकीय पोशाक झैं झिली--मिली प्वाँख र राजकीय मुकुट झैं शिरको टुप्पामा जुरो राख्नु, मत्ता हात्ती झैं ढलक--ढलक ढल्केर हिंड्नु, दरबारीया गायकले झैं 'कुखुरी कां' गाउनु, वीर राजाले झैं शौर्य प्रकट गर्दै अरूलाई हांक दिनु आदि तिम्रा यी सब राजकीय गुण हुन् । आफ्नो यही मान, गुण, शौर्यको कारण तिमी आफ्ना पालामा कुखुरा मण्डलीका शिरताज भएका थियौ । तिम्रो जोडाको अरू कोही थिएन । अघिपछि तरुणीहरू लिई आफू बीचमा बसी वारीमा चारो खोज्दै खाएको तिमीलाई देख्दा देख्ने प्राणी सबैको हृदयमा रानीहरूको माझमा बसी शिकार खेल्दैं वन विहार गर्ने उहिलेका विलासी राजाको सम्झना हुन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रणय--कलहमा तिमीलाई विशेष आनन्द
कहिले टाढा बसी "कांय् ! कांय्" सांकेतिक शब्द
छिन्; तिमी नजीक जाँदा तर्कन खोजे झैं गरी कहिले
तिमी खुर्र्र्र गई बाटो छेक्दा कहिले फरक्क फर्केर एकातिर लाग
फेरि कहिले नजीकै आई संग संगै हिंड्छिन्। तिमी आनन्दले मग्न हुन्छौ।
आफ्नो हस्तविहीन शरीर र अर्थविहीन शब्दले जो सकेको प्रेमसूचक हाव-भाव देखाई तिनलाई आकर्षित गर्न खोज्ने तिम्रो प्रवृत्ति वास्तवमा धेरै प्रशंसनीय छ । हस्त पाद र वाणी विचारयुक्त मानवले पनि प्रणयाभिनयका लागि त्यसभन्दा बढी गर्ने नै के ? तिमीहरूको त्यो दिव्य प्रणय कलहमा कुन त्यस्ता युवक–युवती होलान् जो हृदयदेखिन् न कल्पुन् ?

आफ्नो प्रेमीकासंग डुलिरहँदा एक पटकको कुरा हो–तिमी प्रेमिका अलि पर थिइन्, तिमीले केही चारा पायौ । तर तीमध्ये एक गेडा पनि तिम्रो घाँटीबाट छिर्न सकेन्, हत्तपत्त "कोत् ! कोत् ! कोत् !" गरी तिनलाई बोलाई हाल्यौ। तिनी खुशीले फुलेर एक एक गेडा गन्दै खुरुखुरु आफ्नो पेटभित्र हुल्न थालिन् । बच्चाले मीठो मान्दैं खुरुखुरु खाएको देख्दा आमालाई त्यति खुशी लागोइन, आफ्नी प्रियाको भोजन क्रिया हेर्न पाउँदा जति खुशी तिमीलाई लाग्यो । यस खुशीयालीको प्रवाहमा एक–दुइ गेडाबाहेक अरू अन्न तिम्रो पेटभित्र पर्न सकेनन् । एक छिनपछि सम्पूर्ण चारा जति सब सिद्धिए, तर आफ्नो पेट जतिसुकै रित्तो भए पनि त्यसको परवाःह तिमीले कत्ति गरेनौ । प्रेमका लागि यो तिम्रो अभूतपूर्व महान त्याग थियो । तिमी झैं यसरी आफू नखाई आफ्नी प्रेयसीलाई खुवाउने प्रेमी यस संसारमा कति होलान् र खोई ?

आफूमाथि आइपर्ने वज्राघातको ज्ञान विरलै व्यक्तिलाई हुन्छ । प्रेमको भाव दुनियाँमा मस्त भै राखेको त्यस मौकामा कता कताबाट, लुकेको कालस्वरूप एक निष्ठुर स्याल झ्याम्मै आइपुग्यो र प्रेमिकालाई उडाएर लग्यो । तिमी चाहिं "कोत्यास्स ! कोत्यास्स !" (आम्मै नि ! बाबै नि !!) गर्दै उफ्रेर पर्खालमाथि चढ्यौ औ थर थर काँपी उभिरह्यौ । आफ्नी प्रेमिकाको बचाउका लागि त्यसभन्दा बढी उपाय तिमी गर्न नै के सक्थ्यौ र ? एकै मिनटका बीच यस्तो हृदय–विदारक दुःखद् घटना घट्यो । विशाल संसारमा यसको कुनै प्रतिक्रिया परेन, जति पर्‍यो पर्नेलाई नै पर्‍यो । तैपनि हे वियोगी ! भुक्तभोगीका दुइ थोपा आँसुले तिमीप्रति

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...दछन् । जे होस्, यो तिम्रो जीवन–नाटकको ... दृश्य थियो । त्यस दिनको पर्दा ड्रप भयो ।

...पुरुष जीवनमा सयबार मर्दछन्, वीर पुरुष एकबार मात्र । ... होला–जीवनमा आफ्नो सजातीय, सगोत्रसित तिमी कहिल्यै डराएनौ । जीवन ओइलाएको गुलाब होइन, सुवास र काँडायुक्त सतेज गुलाब हो । यो संघर्षमय छ । लड्न, भिड्न किन डराउनु ? जीवनपर्यन्त यही नै तिम्रो आधारभूत सिद्धान्त रह्यो । कैयौंसित लड्यौ, भिड्यौ र जित्यौ । अरूका लागि जे भए पनि 'विजय' तिम्रा लागि दास थियो । यस प्रसङ्गमा एक संघर्ष उल्लेखनीय छ ।—

पल्लो टोलका सेतो दाइले गोडा सातेक पल्ट हार खाएपछि मानाका माना मकै खुवाई, मोटो घाटो तुल्याई तयार पारेर तिम्रा लागि एक गजबको प्रतिद्वन्दी प्रस्तुत गरे । प्रतिद्वन्दी तिमीभन्दा धेरै मोटो र ठूलो थियो । तर कसैसँग दब्न, झुक्न नजानेको तिमीले कत्ति हरेस खाएनौ, ललकारी हाल्यौ । पहिले त त्यसले तिमीलाई फुच्चे ठानी टेर्दै टेरेन, तर जब तिम्रो एक असह्य पदाघात खाएथ्यो, अनि त ऊ चुरमुरिएर झम्टी हाल्यो । अब पर्‍यो भयङ्कर घम्सा घम्सी ! कहिले ऊ चित् तिमी पट्; कहिले तिमी चित्, ऊ पट् । गर्दन अनि प्वाँखको फुर्राई, टाउकोको सतर्कता, दाउपेच घात–प्रतिघात आदि चल्दा चल्दा अभ्यस्त तिमीले उसको जुरो नै समातेको समातेकै गरी जब बेस्सरी दबाइदिएका थियौ, अनि त ऊ 'क्याँ ! क्याँ !!' गर्दै भाग्ने बाटो तताई हाल्यो । आजकलका कहलाएका महान वीरले पनि आफ्नो पराजित प्रतिद्वन्दीलाई धूलो पीठो पार्न कत्ति बाँकि राखोइन, तर तिमीले पलायनवादी शत्रुमाथि पुनः हमला गर्नजानु विरोचित गुण ठानेनौ । बरु विजय–गर्वले प्रमुदित भै नजीकैको फूलको गमलामाथि चढेर तनक्क शिर तन्काई "कु···खु···री···काँ···!" गरी तिमीले आफ्नो विजयोल्लास पोख्यौ । सेतो दाइ लुरुक्क परी घर-तर्फ लागे ।

भनिन्छः– वीरता मात्रै होइन, विद्वान्–मण्डलीलाई प्रेरणा दिन सक्ने शक्ति पनि तिमीमा छ रे ! मनको भाव प्रकट गर्ने मुख्य साधन भाषा हो । व्याकरण नभएको भाषा निष्प्राण मानिन्छ । संसारको सर्वोत्तम ठानिएको संस्कृत भाषाको व्याकरण पाणिनिले लेखेका हुन् । तर तिमीबाट प्रेरणा नमिलेको भए उनको व्याकरण शायद पुरा हुने थियो वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिएन–सकिन्न । जे होस्, तिम्रो "कु···खु···र
उनले सूत्र लेखे–"ऊकालो ऽज्ह्रस्वदीर्घं प्लुतः (
आज संस्कृत भाषा धनी छ, शुद्ध, सुसंस्कृत र परिमार्जित
अमूल्य, महान र उत्तम देनको प्रभावले हो ।

निडर, निर्भय र निष्क्रिय भई निद्रादेवीको काखमा मस्त भएका समस्त नर–नारीहरू तिम्रो स्वरको कारण जाग्रत भई आ–आफ्नो दिनचर्चामा लाग्छन् । शान्तिपूर्ण संसारमा एक हलचलमय परिवर्त्तन हुन्छ । तिम्रो स्वरमा त्यो दिव्य जादू छ र त्यो उत्तेजक शक्ति छ, जुन कुरा क्रान्तिकारी नेताको ओजस्वी भाषणमा पनि हुँदैन । नेता त कहिले काहीं मात्रै ओजपूर्ण भाषण दिन सक्दछन्, तर तिम्रा लागि भने ओजपूर्ण भाषण गर्नु स्वाभाविक कर्म छ । वास्तवमा यही स्वर गुणको कारणले तिमी साधारणताबाट आसाधारणताको पदमा पुगेका छौ । तर तिम्रो यस्तो दिव्य स्वरले पनि कहिले काहीं कसै–कसैका लागि विषको काम गर्दछ—

एक दिनको घटना हो–तिम्रा मालिककी तरुणी छोरी पुण्टी विहान सवेरै अँध्यारैमा आफ्ना कुनै प्रेमीजनसंग संकेत स्थानमा मिलन ढोकाबाट बाहिर के निस्कन लागेकी थिई, (निरीह र अबोध तिमीलाई पुण्टीको त्यस्तो इच्छा के थाहा ?) वेला अड्कलेर लामो लेग्रो तानी तिमीले "कु···खु···री···कां···!" गरी कराइदियौ । निस्तब्ध रात्तका चिर शान्तिमा यस चिर परिचित गगनभेटी स्वरले पार्नसम्म खलल पा-यो । खलबल मच्चिई हाल्यो । उत्ति खेरै खल्याङ–बल्याङको आवाजमा घर घरबाट पधेर्नीहरूका लाम लागे । विचरी पुण्टीको अभीष्ट इच्छामा हुनसम्मको बाधा प-यो । उनको दृष्टिमा तिमी भयङ्कर दोषी भयौ । पुण्टी वियोगको छट्पटीले र 'जान पाइन' भन्ने रिसले कालीनीली भई । यहांसम्म कि त्यसै दिन तिनले आफ्ना बाबुका अगाडि तिमीलाई भुटुवा बनाउने प्रस्ताव राखी । तिम्रो ठूलो भाग्य कि तिम्रा मालिकका तिमी मन परेका भाले थियौ ।

तिम्रो स्वर पवित्र छ । समयको चतुर पारखी तिमी बाहेक संसारमा अहिलेसम्म कोही देखिएको छैन । तिमी कराउने वेलालाई महर्षिहरूले ब्रह्म–मुहूर्तको नाम दिएका छन् । ब्रह्म–मुहूर्त अर्थात् तिमी कराउने वेला शुभ घडी हो । त्यस वेला मृत्यु वाणै परेको भए पनि शुभ–साइत गरे आँटेको कार्य विफल हुँदैन । खैर्, जे होस्, एक दुइ जनाका लागि

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

ना बृह्म-मुहूर्त जगाउने तिम्रो स्वर कहिल्यै स कुरामा सबै आँखा चिम्ली विश्वास गर्छन् । यही पल्ला गाउँका केटी हेर्न जान पर्ला भनी तिम्रा मालिक तिम्रै लाई कुरेर रातभर पर्खी बसिरहे । उनी दोस्रो विवाहको तर्खरमा लागेका थिए । संधैं कराई आए झैं तिमीले त्यस दिन पनि आफ्नो शुभ-स्वर दिएको भए एक त मालिकको शुभ कामना व्यक्त गरेको संम्झिइन्थ्यो; दोस्रो, शुभ-साइतको जोहो मिल्थ्यो । तिम्रा मालिक कुर्दा-कुर्दा आजित भए, पूर्वी डांडामा सूर्य झुल्किसके तापनि त्यसै दिन तिमी झन् कराई नै दिएनौ । उनको दृष्टिमा त्यो तिम्रो घोरतम अपराध थियो । त्यस दिन बृह्म-मुहूर्त हुँदै भएन, शुभ साइत जुर्दै जुरेन । मालिकको जाने काम रोकियो । खोरबाट निस्कँदा ती मालिकले तिमीलाई झटारोले हाने । तर तिम्रो सौभाग्य ! झटारोबाट बच्यौ । आफ्नो मालिकको यस निर्दयतामा तिम्रो मन दुख्यो । बुर्लुक्क उफ्रेर पर्खालमाथि चढी कोत् ! कोत् ! कोत् ! शब्दले धिक्कार्दै मालिकलाई तिमीले घृणापूर्ण र तिरस्कारयुक्त दृष्टिले हेर्‍यौ । तिम्रा मालिक लाल-लाल आँखा पार्दै भन्याङ उक्लनपट्टि लागे ।

चिन्ताग्रस्त हुँदा आफ्नो दैनिक दिनचर्य्यामा उदासीन हुनु मानव लगायत प्रत्येक प्राणीको स्वभाव हो । मालिक रिसाउनुभन्दा पहिलो दिनको कुरा हो—वासनाले बूढो भन्दैन । कामशरले मदोन्मत्त भै तिमी पल्ला घरकी एक युवतीमाथि झम्टँदैगएका थियौ । आफ्नो उद्देश्यमा पुग्न लागेकै बखत कहाँ कहाँबाट तिम्रो एक बलिष्ठ प्रतिद्वन्दी आइपुग्यो । जुरो उठाई आफ्नो वीरताको प्रतिभा देखाउँदा, आङ फुलाई सकेसम्मको धम्की गर्दा, पादाघात-चुच्चाघात आदि बिर्सिन नसकिने सप्को दिंदा, कति भनु ? धेरै, धेरै फुई-फाई झिक्दा पनि तिम्रो केही लागेन । आखिर जीत तिम्रै प्रतिद्वन्दीको भयो । संघर्षमा तिम्रो ठुट्नै भाँचियो । युवतीले विजयी वीरलाई नै अँगालिन् । त्यस दिन नराम्रोसंग मान-मर्दन र शौर्य-मर्दन भयो । एक त मान-मर्दनको चिन्ता, दोस्रो ठुट्नो भाँचिएको शारीरिक पीर-यही दु:ख-सागरमा डुबुल्की लगाउँदा कुन बेला सूर्योदय भयो, तिमीले पत्तो नै पाएनौ, अनि कहाँबाट 'कुखुरी काँ' नामक आफ्नो शुभ स्वरले मालिकको साइत सपारिदिन्थ्यौ ? हे आहत वीर ! तिम्रा मालिकका लागि तिम्रो यो दोष अक्षम्य भए पनि संसारका दृष्टिमा सभ्य नै छ । तिमी सहानुभूतिका पात्र छौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसै दिन दिउँसो तीन वजे, हातमा छन्
आइपुगे । मालिक पटाहामै बसेका थिए । उनको हा
रुपैयां राखिदिए । उस वेलादेखि आजसम्म जोसुकैले जोत
तिनलाई रित्तो हातले फर्काउनु मालिकको नियमै थियो । तर आज रूपै
लोभले हो वा साइत पारिदिएन भन्ने रिसले हो यो उनी नै जानुन्; १५
पर्ने आफ्नो मन परेको भालेलाई बाह्रैमा चित्त बुझाई उनले पक्रने आज्ञा दिए । बस् अब के थियो ? नजीकै पीरले झोक्रिएर बसेको तिमीमाथि हमलाका हमला चल्न थाली हाल्यो । मानिसदेखि को डराएनन् र आज तिमी नडराउनु ? आफ्नो जीर्ण–शीर्ण वृद्ध शरीर लिई भाग्नसम्म भाग्यौ, दगुर्नसम्म दगुऱ्यौ औ कुनाकाप्चा कतै बाँकि नराखी लुक्नसम्म लुक्यौ, तर केही लागन । आखिर निस्सासिएको स्वरले ज्यादै निराश भई बसिरहेका मालिकका काखमा शरणका लागि घुस्लिन पुग्यौ । मालिकले करुण दृष्टिले हेर्दै तिम्रो आङ सहलाए औ शर्मा बाबुलाई "भैंगो दिन्न" पनि भने । तर जमान फुत्किसकेको थियो । शर्मा बाबुले केही बढी खोजेको हो भन्ठानी अरू एक रूपैयां थपिदिएर मालिकको मुखमा बुजो लाइदिए र "भैंगो ! भैंगो !" भन्ने कुरै नसुनी तिमीलाई समाती हाले । क्यां ! क्यां !! अथाह दर्दले भरिएको आर्तनाद–दुइ शब्द ! दुइ चित्कार !! बाहेक तिम्रो मुखबाट अरू केही निस्कन सकेन ।

त्यसै रात "क्यां ! क्यां !!" को जतिसुकै करुण क्रन्दन सुनिए पनि खुकुरीको एकै शब्द, एकै चोट "ट्याक्क !!!" ले तिम्रो इहलीला समाप्त भयो । बस् अरू केही होइन । जीवनका सच्चा खेलाडी हे विजयी वीर ! तिम्रो जीवन–नाटकको अन्त यस प्रकारसंग भयो । तिमी तात्तातै परमधाम भयौ । तिम्रो दुःखान्त नाटकको ड्रप सीन यही थियो ।

हे दिव्य आत्मा ! हृदय स्वस्थ हुन शरीर स्वस्थ हुनु पर्छ । मानव शरीरलाई स्वस्थ, सबल, तागत जोश र स्फूर्तिपूर्ण बनाउन तिम्रै शवको अत्यधिक आवश्यकता सम्झिइन्छ । अघि अघि त सभ्य, सुशिक्षित र श्रेष्ठ वर्गले 'वनपंक्षी' 'रानी चरी' 'कालिज' 'डाँफे' आदि नामाकरण गरी तिम्रो सुसंस्कार नै गर्नखोजेका हुन्, तर आजकल तिमी आफ्नै नामले पनि पवित्र र शुद्ध मानिदैआएका छौ । सुसंस्कृत तुल्याउनुपर्ने आवश्यकता ठानिदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...त्येक जीव मरणशील हुन्छ। जन्मेपछि सबैलाई ... त्यस दुःखद् निधनबाट तिमीलाई कसैले बचाउन ...मात्र कति दुःख मान्नु पर्दैन । तिमीले सन्तोष मान्नु पर्ने एक कुरो पनि छ । त्यो हो तिम्रो यशगानमा कुनै कमी आएको छैन । ...आदर्श यशस्वी पुरुषको यशगानलाई हृदयङ्गम गर्दा जोवनमा सबैलाई सबल र सजग हुने जुन प्रेरणा मिल्छ, त्यस्तै झैं तिम्रो यशस्वी शवले पनि शरीरमा तागत, जोश र स्फूर्ति आउँछ । यही कारण, यशस्वी शवको यशलाई हृदयमा सबैले अटेस–मटेस गरी राख्छन् भने तिम्रो यशस्वी शवलाई प्राणीमाका उत्तम केही आफ्नो पेटभित्र कोची--कोची राखेकै छन् । यसैले "स्वर्गारोहण भएपछि मेरो यशगा भएन ए !" भनी तिमीले धन्दा मान्नु पर्दैन ।

तिम्रो जीवनको इतिहासका महत्वपूर्ण घटनाहरूको उल्लेख गर्ने मेरो धीत अझै मरेको छन । थाहा पाए जति लेखें, अझै अरू लेख्न खोतली-खोतली हिंड्छु । तर दुःख छ कि कसैले बताउनै सक्तैन । अरू मामूली घटनाकै श्रेणीमा अबूझहरूले तिम्रो जीवन र जीवनका घटनाहरूलाई पनि मलाई दिएकाले सर्वसाधारणका स्मरणमा तिम्रो स्मृति रहेन । मन कस्मिएको भए शायद यति पनि लोप हुनेथियो होला । तसर्थं (मैले अघि पनि भनि सकेको छु ।) तिमी यतिमै सन्तुष्ट हुनु पर्दछ ।

ए भाले ! तिमी आज यस संसारमा छैनौ, तर तिमी नभए पनि तिम्रो जीवनको सौम्य इतिहास लेख्नपाउँदा मैले आफ्नो सौभाग्य ठानेको छु । "तिम्रो स्वर्गीय आत्मालाई शान्ति मिलोस् !"–तिमीप्रति यो हाम्रो "श्रद्धाञ्जलि" हो । शुभम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ने. सा. सं. समिति, बागलुङबाट भएको अञ्चलव्यापी तृतीय साहित्य सेमिनारमा गद्य लेखमा प्रथम पुरस्कार प्राप्त-संपादक)

सार्कीदाइ

—विष्णुप्रसाद शेरचन्द

हेर्दा उही एउटै नाक, दुइटा कान, दुइटा आँखा । तर तिमी किन सार्कीदाइ अँध्यारो छौ कि ? म सेतो छु, तिमी काला छौ कि ? खै छामम्–म मोटो छु, तिमी दुब्ला छौ कि ? खै सुंघम्, म बसाउँछु, तिमी गह्नाउछौ कि ? खै हेरम्, जन्मँदा तिम्रो निधारमा सार्कीदाइ भनी लेखेको छ कि ? आच्च्या, ! होइन तिम्रो पेटमा छुने यन्त्र छ कि ? खै केही पनि पाइन । अनि अहो आश्चर्य ! अनि तिमी किन त सार्की ?

साथी गजब ! साथी आश्चर्य ! थाहा पाएँ बल्ल । अब त उज्यालो भएछ । चिनें सार्कीदाइलाई । आएछ बल्ल पंचायत पद्धति । अँ ! अपशोच सार्कीदाइ, बाटो बिरियो । जुत्ता सिउने तिमी, तर तिमी हिँड्न नजानेको देख्दा मलाई खितितिती हाँस्न मन लाग्छ । अझ तिमीले यसरी बाटो बिराएको देख्दा मलाई त दिउँसै बाटो कता हो ? भनी सोध्न मन लाग्छ । दिउँसै रात पर्‍यो कि सार्कीदाइ, ? जोत्ने सार्कीदाइ, खाने नेवार दाइ, थकालीदाइ, बाहुनदाइ अनि क्षत्रीदाइ पनि ? काम गर्ने शोषक नबन्ने । न कसैले सम्पति खाइदेलान् भन्ने पीर । अरूलाई गाली नगर्ने, बरु आफ्नै कर्मलाई दोष दिने । चार रुपियाँ पाए चामल नकिन्ने, बरु भट्टीमा दगुर्ने । बरु भोलिपल्ट नेवारदाइकहाँ' जोत्न जाने ।

माथि नउक्लने, बरु तल खस्ने । ठूलो भएर नहिँड्ने, बरु अग्लो भएर पनि स्यानो भएर हिँड्ने । नमिस्सिने, बरु तर्किने । तिमीलाई न कसैले धेरै कमाएको पीर, न मन्त्री हुने डाह । उंभो जाने बाटो नखोज्ने, बरु बीचमै तर्सिने । तिमीलाई नेवारदाइ जत्तिको हुनु, त चन्द्रमालाई हातले समात्नु जस्तो हुन्छ होला हगि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

सन्तोषी छौ, उत्तिकै तिमीले बाटो
र आउँछ । मलाई मात्र होला कि ? एक त
रोपजीवी छौ । जहिले पनि उही नेवारदाइको
घुमिरहेका छौ । बुझ त सार्कीदाइ, यसरी थर्काको चालमा घुम्ने
को उडुस उपियाँको झैं गति न्छ । यो कुरा राम्ररी बुझ, सुन,
त्रपाऊ अनि खाऊ ।

पढ, किन, मेरा बाबुले बाख्रा चराउँथे ; पढें, म यस्तो छु । आई. ए. बी. ए. मात्रै पढ्नु पर्छ भन्ने केही छैन । पढ यसरी कि जसरी तिमी कुरा बुझ्ने हुन्छौ । त्यति मात्र भए पुग्छ । साधारण बजेट बनाउने तरीका सिक । आम्दानीअनुसार खर्च गर । यसो आँखा खोलेर हेर त सार्कीदाइ, एक व्यक्तिले ऋण काढेर, बुटवलबाट–अझ तिमी जस्तालाई बोकाएर, ठगेर पैसा कमाउँछन् । तिमी भने ठग्ने साहुबाट दिनको ४ रुपियाँ खान्छौ । तर तिमीलाई भने कहिले पनि पैसाले नरुचाउने । किन ? आश्चर्य !

हेर त तिम्रो गल्ती । तिमी जति कमाउँछौ, उति मनपरी खाई सिध्याउँछौ । अनि पैसा बच्ने कसरी ? मान्छेले कुकुरलाई काखमा लिई तिमीलाई 'छिः उता जा, छोलास्' भन्दा कति पीर पर्दो हो ? त्यो ईख खै तिमीमा ? तिमीले सम्झ त; कामले मात्र हुँदैन, चाहिन्छ माम पनि । फेरि मामले मात्र पनि हुँदैन चाहिन्छ मामलाई जोगाएर राख्ने बुद्धि पनि । तर त्यो बुद्धि तिमीमा देखिदैन । यसैले पो मलाई पीर पर्छ त । यो कुरा मनमा गाँठो पारी राख । तिमी कमाएर खान सक्ने हुनुपरेको छ । सोच यो पनि कि–तिमी आफैं कमाएर खानसक्ने अवस्थामा पुग्यौ भने फाँटका फाँट बाँउसो र हलो कसले खन्ला ? कसले जोत्ला ? अनि त्यस वेला तिमी कस्तो हौला ?

अर्को गल्ती, २००।– रुपियाँ जम्मा भए गर्न खोज्छौ छोराको शुभ-विवाह । चाहे छोरा आठै वर्षको किन नहोस् । बजाउँछौ नौबाजा, खाने ट्वाक भडकलेर नखाने, बरु छेर्ने अझ बाज्ने । लौ त भने जगै उड्ला । तैपनि सहन्छौ तिमी । अनि सार्कीदाइ, खानु पर्छ तिमीलाई मरेको सिन्धु । लाउनु पर्छ तिमीलाई फाटेको ठस् ठसी लुगा । सुत्नु पर्छ अँध्यारो छिडीमा, बस्नु पर्छ लामखुट्टे सित, नाच्नु पर्छ उडुस उपियासित । यसो होइन सार्कीदाइ । सबै सार्की एक हुनु पर्छ । तिमीले यो मात्र संम्झनु हुँदैन कि हाम्रो कर्म यस्तो । ईश्वरले नै हामीलाई यस्तो बनाएको । यो तिम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारी दोष हो । यसरी तिमीले एकत्रित
आदि भूलहरू सुधार्दै लगे कि तिमी पनि माथि उ

यसैले म भन्छु, तिमी त त्यस्तै भयौ । तर तिमीले
पुऱ्याउनु पर्छ–तिम्रा सन्तानमा पनि यस किसिमको कुसंस्कार पर्न नज
त्यसैले तिमीले बिर्स अब–यस्तो कुविचारलाई । आफ्ना छोराहरूलाई पढाउ
अन्धविश्वासी भावनालाई हटाऊ । अहिले नै कम्मर कस आफ्नो जीवन स्तर माथि उठाउन । के ईश्वर तिम्रो पक्षमा नहोलान् ?

सार्कीदाइ पायौ मुलुकी ऐन । खै अलि सन्चो भयो कि घाउ ? तर सार्कीदाइ, नआत्तिउ । के गरम् सार्कीदाइ, आऊ हिंडम् ताते गरेर–विस्तारै । अपशोच तिमीलाई बूढो भएर पनि ताते गर्दै हिंड्न पऱ्यो, तर सार्कीदाइ बिष्टको घर पसेर मात्र हुँदैन । अझ हामीले धेरै गर्नुपर्छ ।

रक्सी नाग्दा हुन्छौ तिमी प्रधानदाइ । चुनिएर होइन, आफै । पोख्छौ मनको वह, गाली गर्दै अरू दाइलाई । त्यस वेला त शायद हुन खोज्छौ–मन्त्री दाइ पनि । तर बिउँझदा त उही सार्कीदाइ । यसैले त तिमी जाँतोमा पीठो पिस्सिए झैं पिसिनु परेको छ । बुझ त सार्कीदाइ ।

तिमी त्यागी छौ, हगि ? तिम्रो घरमा राम्रो घिमंला फुल्न हुँदैन । फूले नाम लेख्छौ यो मेरो ज्येठो वराज्यूलाई । अक्षरले होइन–हृदयले । यसैले त पछि पऱ्यौ । अनि मौका पाए चुस्न–शोषकदाइले ।

कुखुराको भाले वढे भन्छौ–यो मेरो वाग्लुङ माईको स्थानलाई । बोका भए भैरवलाई । कति वाठो हगि तिमी ? कति अन्धविश्वासी, हगि तिमी ? कति निस्वार्थी हगि तिमी ? यसैले देखे तिमीमा ईश्वर देवकोटाले ।

**

मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।

—देवकोटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

जीवन संग्राम

–डा. भूपेन्द्र खडका

यस दुनियाँमा संग्रामै संगामको जमघट छ । घात प्रतिघात, हिंसा–प्रतिहिंसा निरन्तर अविरल रूपमा चलिआइरहेको छ । आ–आफ्नो जातिमा पनि यो नियम लागु भएको छ । तसर्थ 'मत्स्य न्याय' को सृजना त्यसैबाट भएको अनुमान गरिन्छ । चार्लस् डार्विनको विकासवादी सिद्धान्त पनि संघर्षमा आधारित छ । यस उसले प्रारम्भिक तथा मध्य युगमा मत्स्य न्यायलाई अंगाली त्यसैको माध्यमद्वारा न्याय गरिन्थ्यो ।

प्राणी जगतमा प्रत्येक क्षण हरेक पाइलोमा जीवनका बीच संघर्ष चलिरहेछ केवल आफ्नो अस्तित्वको लागि दुर्बल निर्बलियाहरू आत्म समर्पण गरिरहेका छन्–आफ्नो अस्तित्व बचाउनको निमित्त माछाले माछालाई निल्छ । सर्पले सर्पलाई निल्छ । अनौठो छ यो दुनियाँ, जहाँ जातीय वन्धुहरूको स्वार्थवश निर्मम हत्या भइरहेको छ । बाघ बाछालाई चिथोर्छ र रक्तपिपासुले आफ्नो प्यास मेटाउँछ । अविवेकशील प्राणी जगतमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यो नियम चलिरहेको छ केवल उदर पूर्तिको निमित्त, जसको जीवन भर पेट भर्नु नै मुख्य उद्देश्य र खास समस्या छ । एकले अर्कालि भाषा नबुझ्नाले तिनीहरूको गुहार, पीडा रोदन र प्रतिक्रिया उसै बिलाउँछन् मरुभूमिमा पानी बिलाए झैं । यसकारण स्वरक्षाको निमित्त अविवेकको कारण सुसंगठित समाज हुन नसक्दा ती प्राणीहरूलाई आत्म-समर्पण गर्न वाध्य हुनुपरेको छ । तैपनि, तिनीहरूको जातीय संरक्षण हुनु गौरवको कुरा हो । यसलाई लाभप्रद संझने मानव जातिले यसबाट प्रेरणा प्राप्त गरी संघर्षशील जीवनमा शान्तिकामी भई शान्तिको खोज गर्न बल्ल सुहाउँछ । अन्यथा 'मरणासन्न फ्याउरोको स्वबन्धुको निमित्त उपदेश' सावित हुन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानव जाति संग्रामै संग्रामको वातावरण
उसको मानसिक स्थिति आकर्षित हुन सक्छ ।
त्यता साथ दिन नसक्ने पनि हुन सक्छ । तर मानव
पक्षलाई हेलचक्राईंमा परिणत गरी मानसिक पक्षको तीव्र वेग थाम्न
गरी लगाम छोडिराखेका छन् । योभन्दा हास्यास्पदको विषय यस शताब्दीमा
अरू के हुन सक्दछ ?

ईश्वरलाई खुशी तुल्याउने बहानाले निरपराध बोकाको निर्मम हत्या हुनु भोजनमा रहेको प्रोटिनको अभावलाई पूर्ति गरिने भए तापनि त्यो अनर्थ सिवाय अरू केही ठान्न सकिंदैन । देवमन्दिरमा हुने यस्तो किसिमको अन्यायलाई न्याय नै ठान्ने व्यक्तिहरूले आफ्ना कलिला सन्तानहरूप्रति "म्या पाठी, छ्याक्क काटी'को मूल मंत्र कानमा फुकेर छोड्छन् । करुण एवं विभत्स दृश्यले बाल–सुलभ हृदय र मस्तिष्कमा तद्जन्य अनुकुल प्रभाव पार्नुको साटो प्रतिकूल प्रभाव पारी त्यत्तैना रहने प्रवृतिका व्यक्तिले आफ्ना सन्तानमा पनि यस्तो मनोवृत्तिको वीजरोपण गरी सरासर अन्याय गरेका छन् ।

भौतिक सामग्रीहरूको प्राप्तिको लागि वा राजनैतिक लक्ष उपलब्धिको निमित्त स्वजातीय भाइले अर्को भाइको हत्या नगरेको कुनै पनि इतिहासमा पाइँदैन । त्यस्तै एक राष्ट्रले अर्को राष्ट्रसंग लडाईं गरी धन जनको खोलामाथि निसासिएर सास फेरे पनि त्यसको परिवर्तन चिरस्थायी नदेखि-एकोले र उर्लंदो खोलाको मिहीना झैं उसको मस्तिष्क पनि उर्लेको सम्भावित क्षति अपूरणीय नै हुनआउँदछ । यसकारण मानव जाति निष्कलङ्क रहेको देख्न नपाउँदा त्यसको लागि प्रयास गर्नु वाञ्छनीय देखिए पनि प्रयास प्रयासमै सीमित रहेकोले मानव जाति सभ्यताको सिढीमा चढ्यो भन्नु कुरा व्यर्थ हो ।

आत्म चिन्तनमा व्यस्त भएका शस्त्रीहरूका लागि धर्मको आडमा जीवनलाई संग्राममा घचेटेको पाउनु दुर्लभ छैन । उनीहरूले यस्तो गरी कृतकार्य गरेको ठानी आफ्नो नाक ठाडो राख्न चाहन्छन् । धन्य ईशा र बुद्धका दर्शन सूत्रहरू किताबका पन्नालाई शोभा दिन मात्र पुगेका छन् ।

विज्ञानले जगतको आँखा खोल्यो भन्छन् । खुल्नेको खुल्यो । आँखा चिम्लनेको के खुल्यो ? वास्तवमा रहस्यमय पृथ्वीको गर्भ सौर जगत, वायु मण्डल आदिको भेद खुलेको छ । तर एकातिर चन्द्रमालाई ईश्वरको रूपमा

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् भने उही पृथ्वी अर्कोतिर अन्तरिक्ष यानको जमाउने चेष्टामा संलग्न व्यक्तिहरू पनि छन् । —यहीनिर आँखा खोलेकाले पनि आँखा चिम्लिदिए ।

शरीर विज्ञानको उन्नति भयो । चिकित्सा शास्त्रमा महान परिवर्तन आयो । सूक्ष्मातिसूक्ष्म कीटाणुहरू मानिसलाई रोग उत्पन्न गराउने शत्रु ठानिएका छन् । तर यीमध्ये केही कीटाणुहरू मानव हितको लागि मानिसको आन्द्रामा बसोवास गर्दछन् भने तथ्य पनि हिजो नै पत्ता लागेको हो । तर पत्ता लागेको बेपत्ता हुनु जस्तो भएकोले मानिसले आफ्नो शरीरको ज्ञान प्राप्त नगरी मानव हितको लागि मरिमेट्छु भन्ने प्रण झूठो साबित हुन आए तापनि जीवन संग्रामको लागि यो महत्वपूर्ण ठानिएन । हुनसक्दछ अज्ञानताले पनि जालीभित्रको मगजलाई हातभन्दा साह्रो भैं कोही कोहीलाई छोपेको होस् । तर त्यस्ता व्यक्ति आफ्नो शरीर विषयमा ज्ञान रहित छन्, जसले मानव कल्याणको नारा दिनु 'जो बोल्ने उही जान्ने'को आधारमा असामयिक नठहरे पनि त्यस्ताबाट हुन सक्ने खतराबाट जोगिन गाह्रो पर्दछ । तसर्थ प्रत्येक क्षणमा चलिरहेको जीवन–संग्रामको मारबाट जोगिनु छ भने प्रथमतः परजीवी सूक्ष्मातिसूक्ष्म कीटाणुहरू मानिसको आन्द्रामा जसरी हुर्की मानवहित र कल्याणको लागि कार्य गरिरहेका छन् त्यो बुझ्नु अत्यावश्यक छ । जसरी मानवको जीवन कीटाणुहरूमाथि निर्भर छ उसरी नै कीटाणुहरूको जीवन मानिससंग सम्बन्ध राख्दछ । यसरी ती परजीवी जीवात्मा कीटाणुहरूले बिनानोक्सान मालिकको र आफ्नो अस्तित्व जोगाएका छन् । यो अनुकरणीय सिद्ध हुनुको साथै जीवन संग्रामलाई उचित ठान्नेको निमित्त यो एउटा अनुपम शिक्षा साबित हुनसक्दछ । नत्र भने जीवन संग्राम जीवन संग्राम नै रहने छ । शान्तिकामी हुँ भन्नेको धाक र हाँक लाई स्वीकार गरी लपेटा लगाउनसक्ने समाजको प्रतीक्षा गर्नुपर्नेछ । तसर्थ संघर्षरत मानव जीवनमा भावनात्मक परिवर्तन ल्याउन मानिस आफ्नो शरीरलाई राम्रोसंग बुझ्न अर्काको समस्या बुझ्न र अग्रसर हुनसक्दछ । यसो भएन भने जीवन संग्रामको कुप्रभावले धरती र अम्बरलाई कुहिरोले ढाके झैं मानव मस्तिष्कलाई पनि संधै ढाकिरहने छ । तथास्तु

बेनी म्याग्डी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शनप्रति

छुवाइ क्रिया, प्रतिक्रिया

—प्रकाश गौचन

हामी आफ्नो आँखाले कस्ता छर्लंग कुराहरू देख्तछौं–अग्लो, होंचो, रातो, सेतो, कालो, आदि । छोएर थाहा पाउँछौ राम्रैसंग कडा, नरम, खस्रो, चिप्लो आदि; सुँघेर थाहा पाउँछौ मग मग वसाएको, डुङ डुङ गह्नाएको आदि…आदि । यस अर्थमा हामी यो प्रकृतिको संसारलाई प्रष्ट रूपमा लिएका छौं । हरियो मरियो रंङ्गीचङ्गी टल्केको कल्केको ठूलो सानो आदि ।

तर यो कुरामा अचम्म लाग्ला–जव यो भनिन्छ कि वास्तवमा हामी सबै कुरा छोएर मात्र अर्थात् स्पर्शमा मात्र आएर यो संसार–प्रकृति रातो, सेतो, कालो, हरियो, कडा, नरम, ठूलो, सानो आदि कुराबाट यो प्रष्ट संसारमा आउँछौं । देख्ने भन्ने कुरालाई लिऔं । कुनै कुरा देख्न आँखा मात्र भएर हुँदैन उज्यालो पनि चाहिन्छ । सो उज्यालोको किरण जव ती वस्तु–कुराहरूलाई छोएर फर्कन्छ तथा हाम्रो आँखालाई हुन्छ तब मात्रै हामी देख्यौं भन्ने अर्थमा आउँछौं । यस अर्थमा देख्ने भन्नें कुरा हाम्रो आँखा प्रकाश र ती वस्तुहरू आदि यी तिनका बीचमा आपस आपसमा स्पर्श छुवाइ भएर कारणमा निस्केका हुन् ।

हामी यो संसारको विभिन्न माध्यम वातावरणमा खालि छुवाइ अनि नतीजा (प्रतिक्रिया) विम्वित प्रतिविम्बितको गतिशील चालमा छौं । हामी कुनै कुरा देख्छौ–हाम्रो आँखासंग त्यस वस्तुसंग ठक्कर खाइ छोइआएको प्रकाशका किरण कणहरूको छुवाइको कारण हो । यस्तै अरू कुराहरूमा पनि जस्तो हामी मन्द मन्द हावा वतास वहेको त्यहाँ पाउछौं ।

ती हावा वतासको अनुभव हाम्रो छालासित स्पर्श भएको कारण नै हो । हामी आवाज सुन्छौं, हाम्रो कान र त्यो आवाज लहर–दुइका वीच स्पर्श भएको कारण हामी गन्ध थाहा पाउँछौ नाकभित्रको म्यकसमेम्ब्रेन र ती गन्दा वासी कुराहरूसंग स्पर्श भएको कारण । हामी मीठो, गुलियो,

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो जिब्रो भो र खाइने कुराहरूका बीच
र यी सबै इन्द्रियको मष्तिष्क बिना कुनै मतलव
...हरू आपसमा बाँधिएका छन् जस्तो नाकले दिने काम
...मात्र भएर हुँदैन मष्तिष्क पनि चाहिन्छ । मष्तिष्क मात्र भएर हुँदैन
...र नाक पनि चाहिन्छ । त्यस्तै आँखाले दिने काममा आँखा मष्तिष्क दुवै चाहिन्छन् । ठीक यसरी नै इन्द्रियहरूसंगको सम्बन्धमा पनि यस्तै हो । त्यस कारण हाम्रो कुनै इन्द्रिय नाक या कान भन्नुको अर्थ हो यिनीहरू सबले आ–आफ्नो काम गरिरहेका छन् ।

यस अर्थमा वास्तवमा हामी छुवाइको मतलब खालि क्रियाको वातावरणमा छौं । अनि जुन अर्थमा संसार, प्रकृति भन्छौं त्यसको प्रतिक्रया नतिजा मात्र हो । देख्नु, सुन्नु, गन्ध वा वासना पाउनु, अनुभव गर्नु खालि स्पर्शका विभिन्न नाम मात्र हुन् । वास्तवमा हामी छुवाइकै आधारमा छौं र छुवाइको परिमाण जसरी जस्तो निस्कन गएको छ त्यही हो हामीले बोलेको लेखेको बुझेको अनुभव गरेको । जस्तो दुइ ढुङ्गाको बीच घर्षण हुन्छ त आवाज निस्कन्छ । जोडले ठक्कर खाँदा झिल्का निस्कन्छ । चिसो र गरम मिल्दा मनतातो हुन्छ । बगेको पानी ढुङ्गामा ठक्कर खाँदा छचल्किन्छ । त्यस्तै हाम्रो यो शरीरका अवयवहरू--इन्द्रियहरू प्रकृतिको चारैतिरका कुराहरूसंग स्पर्श हुँदा झिल्का निस्केको जस्तो मनतातो भए जस्तै अनि छचल्किए जस्तै गरी कडा, नरम, चिसो तातो, खस्रो, चिप्लो, राम्रो, नराम्रो, सम्झना, मनोवेग, आत्मा, रिस, राग, सुखी-दुःखी भन्ने कुराहरू पैदा भएका हुन् । ती सब स्पर्श भन्ने कुरा भएपछि निस्केका कुराहरू हुन् । कुनै पनि घटना अथवा नयाँ कुरा हुन्छ भने सो स्पर्शकै कारण हो । स्पर्श हुनुको मतलब सम्पर्क अथवा छुवाइमा आउनु हो । छुवाइको मात्रा, धेरै, थोरै, अलि, अति विभिन्न हुन्छ । म सलाई कोर्छु चुरोट खाँदा काँटीलाई सलाईको बट्टामा स्पर्श गर्दा काँटी बल्छ स्पर्शको कारण नतिजा निस्क्यो सो काँटीको आगो हावाको स्पर्शमा आयो हावा तातियो तातिनु अर्को नतिजा निस्क्यो । सो तातिएको हावा चिसो हावाको सम्पर्क स्पर्शमा आयो सो पनि तातो बन्यो एवं रीतले स्पर्शको क्रियाको कारण तातो बन्नु आदि प्रतिक्रियाको जाल बुनिँदै जान्छ । सो काँटीको आगो चुरोटको स्पर्शमा आयो । 'चुरोट सल्क्यो धुंवा निस्क्यो सो धुंवा चुरोट नखाने मानिसको नाकसंग स्पर्श भो उसको नाकलाई खस खस लाग्यो । उसको नाकले मनपराए त यो कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो शरीरले दर्शाउने हाव भाव, नाक बं... हुन्छ कि अथवा मुखले बोलेर हुन्छ कि त्यसरी... प्रतिक्रिया दर्शाउँछ । यो हावभाव उज्यालो प्रकाशको ... पिउनेसँग स्पर्श हुनगयो । ऊ फेरि त्यसको प्रतिक्रियाको रूपमा अर्को... भाव दर्शाउँछ । यस्तै किसिमबाट यो स्पर्शशील संसारमा स्पर्शित... नतिजाहरू सिक्रिला (chain-reaction) जालको बनोटबाट चलिरहेछ। यस दुइ कुराको स्पर्शबाट र अर्को त्यस दुइ कुराका स्पर्शबाट उत्पन्न भएका कुराहरू फेरि स्पर्शमा आउँछन् । सिक्रीको जालको जटिलता झन् बन्दै जान्छ । एवं प्रकारले यो क्रिया खिचड मिचडकासाथ चलिरहेछ–प्राकृतिक, सामाजिक, वैज्ञानिक, आर्थिक आदि यी कुराहरू, जुन कुरा मान्छेले छुटचाएका हुन् । वास्तवमा प्रकृतिभित्रैका कुराहरू हुन् र खालि मानिसले आफुलाई तह पार्न सजिलोसंग चल्न र चलाउन निकालेका कुराहरू मात्र हुन्, यी सबै क्रिया र प्रतिक्रियाका दुनियांमा निरन्तर चलिरहेका छन् ।

अब हामी अरू जीवित कुराहरूतिर लागौं । वास्तवमा जडमाथि मात्रै होइन चेतनमा पनि यही नियम लागु देखिन्छ । एउटा हिंडिरहेको कीराको अघिल्तिर एक थोपा पानी राखिदियौं भने पानी एक अवरोधक कुरा आफ्नो अघिल्तिर भएको देखेर यही छुवाइ क्रिया प्रतिक्रिया अथवा विम्ब प्रतिविम्बस्वरूप फर्कन्छ । देख्नु, हुनु क्रिया हो, फर्कनु प्रतिक्रिया हो । घरमा बसिरहेको एउटा कुकुरको कानमा अचानक कुनै एक अपरिचितको आवाजले ठक्कर दिन्छ त ऊ भुक्छ, यसरी ऊ क्रिया प्रतिक्रिया दर्शाउँछ । बाटोमा ऊ गन्ध फेला पाछं त गन्ध सुंघ्दै गन्धतिर दौडन्छ । मानिस हिंडेको बेला ढोकामा जब उसको टाउकोले ठक्कर खान्छ तब ऊ ऐय्या भनेर कराउँछ र क्रिया प्रतिक्रया दर्शाउँछ । मृगले एउटा भयङ्कर डरलाग्दो जनावर बाघ देख्छ त कुलेलम ठोकेर भाग्छ । बत्तीको उज्यालोबाट आकर्षित भई कीरा फत्याङ्ग्राहरू उडेर र उफ्रेर आउँछन् र जब रापले अथवा आगोले पोल्छ त तिनीहरू भागेर जान्छन् । दुखाइको असरभन्दा आकर्षणको असर बढ्ता भएकोले तिनीहरू फेरि उडेर आउँछन्, तर पोलिन्छन् अनि फेरि भाग्छन् । यसरी तिनीहरूबाट पनि क्रिया प्रतिक्रया दर्शाइ राख्छ । कुकुरका छाउराहरू आंखै नखोलेको भएपनि आफ्नो आमाको काखको गन्ध पाउँछन् तथा स्पर्शमा आएर अत्तालिदै दुधको मण्टा खोज्न घस्रंदै मस्रंदै चल्छन् । क्रिया प्रतिक्रिया कतिसम्म दर्शाउने त्यो त त्यस जीवात्माको बनोट परिस्थिति अवस्थामा

[बकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...हिंड्छ त्यसरी फत्याङ्ग्रा हिंड्न सक्तैन । ...सर्प हिंड्न सक्तैन । जसरी कुकुर सुत्छ त्यसरी ...न । जसरी खरायो हिंड्छ त्यसरी हाती हिंड्न सक्तैन । ...बाघले टोक्न सक्छ त्यसरी मानिस सक्तैन । जसरी माछा पानी ...रमाएर बसेको छ त्यसरी बाघ सक्तैन । तर क्रिया प्रतिक्रियाको नियम सबैले पालन गरेकै हुन्छन् । जस्तो–माछा किनारको बालुवामा खेलेको छैन र बाघ तलाउभित्र गएर सुतेको छैन ।

कुनै यस्ता बोट वृक्ष छन् जुन मांसाहारी छन्–पात फैलाएर राख्छन्, जब कीरा फत्याङ्ग्रा त्यसमा पर्छ स्पर्श हुन्छ अनि पात बन्द गरेर रूखले कीरा फत्याङ्ग्राको भोजन गर्दछ । कीरा पातको स्पर्शमा आउनु क्रिया हो र पातले आफुले छोपी कीराको भोजन गर्नु प्रतिक्रिया हो । कुनै यस्ता बिरुवा छन् जो हातले छुनेबित्तिकै पातहरू खुम्च्याएर लुपुक्क पर्दछन् अनि फेरि हातले नछोएको बखत फर्केर जस्ताको तस्तै बन्दछन् । रूख, बिरुवाहरू हावामा सास फेर्छन्, हावा पाएनन् भने मर्छन् । हावा पाएन भने क्रिया अनि मर्छन् भने प्रतिक्रिया । राम्रो मलजल पाएन भने बिरुवा ओइलाएर जान्छ । हिउँदमा जाडो हुन्छ, पात झर्छ, वर्षामास न्यानो हुन्छ पानी पाउँछ पात पलाउँछ ।

एउटा सानो ढुङ्गा लिउँ–पानी पर्दा भिजेर रहनुपर्दछ, घामपर्दा तातिएर रहनुपर्दछ, भीरमा रहे गुल्टेर तल खस्नुपर्दछ । भीरको बीचमा अडने ठाउँ भए अडेर रहनु पर्दछ । गुल्टेको बेला अर्को ढुङ्गामा ठक्कर खाए आवाज निकाल्छ यसरी ऊ पनि क्रिया प्रतिक्रिया दर्शाउँछ ।

क्रिया प्रतिक्रिया अनन्त अविछिन्न छ । यसको कारण मानिस ढुङ्गा, पृथ्वी सूर्य अनि विश्व नै परिवर्तनशील छ । क्रिया प्रतिक्रियाको फलस्वरूप पहिलेको तातो सूर्य अब कम तातो छ । पहिलेको बल्दो पृथ्वी अब शीतल छ । भद्दा वनमान्छे आज फुर्तिलो मानव छ । उहिलेको गगनचुम्बी रुख, उहिलेको पग्लँदो ढुङ्गा आज कडा छ । केही साल अघिको मौसम एटमबम हाइड्रोजन बमको कारण आज फरक हुँदैछ । सूर्यले जस्तो क्रिया गर्दछ पृथ्वीले उस्तै प्रतिक्रिया दिन्छ । पृथ्वी जस्तो क्रिया गर्दछ मानिस उस्तै प्रतिक्रियामा चल्दछ । यो संसारमा जड चेतन, ठूलो, सानो तीतो–मीठो, पीरो–अमिलो, तातो–चिसो, सबै मिल्दै घुलिंदै भौतिक र रासायनिक प्रतिक्रिया गर्दै बन्दै नयाँ, नौलो हुँदै गइरहेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरीबप्रति मेरो गुनासो

–सूर्यनाथ सापकोटा

यत्रो विशाल भवमा कस्तो जन्म होला । म देख्छु, हेर्छु तर नभनुं बाहिरी चर्म–चक्षुले मात्र। तिमीसंग केही सोधेर आज संसार ताप्केमा अरू पनि कुरा भुट्ने मेरो गहिरो इच्छा छ । तिमी मात्र भुटिने के कारण होला ? सृष्टिकर्ता ब्रह्मा र कीरासंग पनि सोध्नुपरेको छ। तिम्रो पुर्पुरोमा लेखिएको भावीको रेखालाई भेटी भावी तिमीलाई नै बनाउने मेरो कोशिश छ । संसार हाम्रो हो भन्ने मान्छे पनि तिमीसित नबोल्ने किन होला त ? पैसा के हो र ? आंखाको कसर। तर त्यसैले मानवमा असर हुँदा के भयो, के भयो । तिमी गरीव रे ! हामी धनी । पैसामा धनी र गरीब लेखेको रहेछ क्यारे ! त्यसैले त होला नि तिमी यी महलका सिढीमा बस्दा पनि हात उठाइ गाली गर्छन् कुट्छन्, थुक्छन् । हेर म त तिम्रो झुत्रो झात्रो अनुहारमा विश्व गतिविधिको चमक पाउँछु । तर के गर्ने म तिमीसित सम्बन्ध राख्न चाहन्छु त पैसाले भड्काउन चाहन्छ । मानिस मानिस होइन पैसाको कीरो हो । तिम्रो आंसुमा विश्व ज्योति उदाउँछ, अस्ताउँछ तर कसैले पनि यसको पत्तो पाउन्न। कवि कविता लेख्छ, कहानी लेख्छ, निबन्ध लेख्छ तिम्रो सम्बन्धमा उसले पनि तिमीबाट केही कुरा चोरी गरेको हुन्छ अरू केही गरेको हुँदैन । यो संसार धुंवै धुंवाले भरिएको भंसार मात्र हो बुझेको अरू केही होइन–तिमी जस्ता आँसुका दहहरूका अगाडि ।

प्रकृतिसित बरु तिम्रो चिनापर्ची भएको होला तर मानवसंग त छैन किनभने शंका छ । हावा यताउति बहन्छ, शीतलता दिन्छ, सूर्य किरणले छेक्छ, रूख पातहरूले हम्कन्छन्, ओडारले तिमीलाई वर्षाबाट जोगाउँछ । तर मानिस तिमीलाई बोलाउँछ । काउलो घस्छ, उसैमा तिमीलाई चिप्लाई दिन्छ, तिमी लोट्छौ, रगत आउंछ ऊ जिभ्रोको स्वादमा लट्पटिन्छ । हेर मानिस बाघ हो, माकुरो हो, सृष्टिको धुवां हो। पृथ्वीको भार हो। त्यसैले

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

...ै निल्दछ । यस्तो मान्छेसित पनि ए मान्छे ... एक मुठी चामल लिई जिन्दगीको सास फेर्छौ ? ...ाम वर्षा सहेर मनका तरङ्गमा पिङ खेली तिमी संसारमा के ...चाहन्छौं ?

संसार घर हो । हामी मानव जहान हौं भनेर लेखेको त अक्षर मात्र पो भयो । हेरन हेर साँच्चै भनेको हुँ पैसाले हात औंल्याइ देखाउँछ, गरीब र धनी । अब त पैसा सैंसा लट्पटी पारी एउटा खोलामा हाली हात धुन पाए त कसले कसलाई के भन्ला र ? मेरो विचार यही छ । तर के गर्ने कानून मुख बाउँछ, खितितिति हाँस्छ मन हेरेको हेरै । यो कुरा पनि हुँदैन । विचार गऱ्यो, विचार गऱ्यो गरीब मऱ्यो मऱ्यो नभन भनी कता कताबाट मगजका कीरा सिउरिन्छन् र प्रश्न सोद्धछन् के हो तँलाई संसार बाडिएको थाहा छैन र ? तँ कुन देशको होस् ? हावा पानीसित सोध्र अनि त मत्स्य न्याय समुद्र सागरमा झैं कसरी होला बुझ यो पुण्यभूमिमा मगजको ज्ञान आफूलाई मात्र हो । तिम्रो निम्ति कहाँ हुन्छ र ? देश सेवा गर, गरीब-लाई हेर उनको दर्द बुझ भन्छन् त भन्छन् उनै भन्छन्, तिमीलाई के गर्छन् र तिम्रो वैभव चुसी देश सेवा गर्छन् त उनकै हुन्छ, तर तिमीबाट चुसेर गरेको भनिदैन । हेर तिमी ढले देश बन्दोरहे छ चुस्ने मान्छे देश सेवीमा गनिने रहेछन् तर तिमी त सडकमा डुल्ने गरीबको रूपमा चिनिन्छौ ।

विज्ञान आयो, संसार हँसायो, ग्रह तर्सायो, तर तिमीलाई के भयो ? र खालि चमक देख्यो मात्र । पेटका कीरा तर्साउने मात्र तिम्रो कोशिश भयो भने कसको लागि के बास्ता र ? विज्ञान के हो ? कहाँ छ ? मऱ्यो कि बाँच्यो या भाग्यो के के गऱ्यो ? एउटा पनि त उसको कार्य तिमी जान्दैनौ नि । भनौं भने भियतनामको युद्ध विज्ञानको हो क्या रे तिमीले खालि दिन त फासफुस गरी फुकेर निभायौ । के गर्ने त नि गरीबको दिन यस्तै त होनि भनौला, हो म पनि जान्दछु । तर यसरी नबस बरु मर्नु पर्दछ भने छाती फुकाएर मर, खुट्टा तानी जीउ बटारी आँखा नाती मरेको, के मरेको ? यो त सास फेर्न बिर्सेको मात्र । सास फेर्न आफूले बिर्से पनि युगले त फेर्न पावस् । यो संकिर्ण बाटोमा यस्तो दुर्गन्ध ग्यासले नाक नठट्टाउ । मैले यसो गर्न आँटे पनि त मेरो निम्ति को छन् ? विज्ञान धनीतिर लाग्दछन्, यसैमा लट्पटिन्छन् । रगतमा मुछिन्छ भनी मुख बिगार्छौ त तिम्रै दिन बिग्रिन्छ धनी उफ्रन्छ झन् माथि माथि छातीमा चढौ ! जो जोसुकैसित लागोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

आफ्नो पथबाट नहच्क । विज्ञानले ღटमबम
देखाइ दिनुपर्दछ । कसैले कानून देखाए आफूले
के को डर ? दानवसंग मानव बन्न खोज्दा । हेर युग त
तिखारिन्छ, मान्छे थेवे हो । युग काठ हो । रिसाएको विज्ञानलाई
गिज्याए पनि त उसको गर्व पूर्ण हुनसक्तछ । विज्ञानको नसा बलियो
भएको मानवीय तारतम्यले हो भने तिमीसित के को शंका ? बिगारे
बिग्रिन्छ सपारे सप्रिन्छ यो विज्ञान त । लौ त अब तिमी विश्व–प्राङ्गणमा
बसेर मानव बन्न विज्ञानको 'वि' काटिदेऊ । तब यो संसारमा पैसाको
बाली नाशी ज्ञानको बाली फुल्ला मेरो यो गुनासो तिम्रो निम्ति हो !
धेरै गन्थन किन ?

(क) जबमानिस केहीगर्न सक्तैन, फेरि केही नगरेर पनि सक्तैन, तब त्यो कविता गर्दछ ।

(ख) कविता त हार्दिक अभिरुचिको विषय हो, साधना कविसित रहन्छ, रुचि जनतासित ।

("चिसो चूल्हो"को भूमिकाबाट)

–बालकृष्ण सम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

जीवन–रेखा

–ईश्वरकुमार श्रेष्ठ

जिन्दगी ?…जिन्दगी ! खै जिन्दगी ? के को जिन्दगी ? जिन्दगी हो धैर्य र इच्छाको निर्माता अनि पूर्तिकर्ता। यसलाई बुझ्न कठिन छ, सुषुप्त ज्वालामुखीभित्र जीवन छ । यसलाई जागृत गराउनलाई अझ केही कठिनाइ संग सामना गरेर धैर्यशाली बन्नु पर्दछ । आँसु र उच्छ्वासभित्र जीवन लरबरिएको हुँदैन । तातो आँसु पिई यसलाई जगाएर जागृत तुल्याउन सकिन्छ ।

हरेकको जीवनसंग आफ्नै बाटो छ । कसैले गलहत्याएर उसलाई दोरचाउनु पर्दैन । भुणगनमा खुट्टा अड्किएपछि र सन्नासोमा टाउको झुण्डिएपछि मात्र ऊ बेतोडले चिच्याउँछ । स्थावर जंगम पनि जीवन नै हुन् । जीवनले धैर्य तथा अनुभव बटुल्नु पर्दछ, केवल अनुभवको खाँचोले मात्र उसलाई गुरु चाहिन्छ । एकलव्य तथा धैर्यशाली र लगनशील व्यक्तिको निमित्त त्यस्ता गुरुको पनि के को दरकार ? लगनशीलवान् नै जीवन निर्माताको पहिलो गुरु हो ।

एकलकाँटे जीवनले अनौठो भार बोकेर आएको देखिन्छ । उसमा निर्दयीपना घुसेको हुन्छ, कठोर हृदय हुन्छ, अनि ऊ, जीवनको कठोर वास्तविकतादेखि पलायनवादी भैसकेको हुन्छ । उपकारी बन्नुको सट्टा अपकारी बनिदिन्छ । त्यस्ता एकान्तवासी व्यक्तिले जीवनमा ठूलो संकट भोग्नु पर्दछ । कहिले कहीं आपत–विपतको समयमा साथीको लागि चिच्या-उनुपर्ने हुन्छ । अनि त्यतिखेर उसको के गति ? यही नै उसको लागि सजाएँ अनि जीवनभरको व्यथा । यो धरतीका प्राणीहरू अनेकौ भावनाले प्रेरित भएका देखिन्छन् । ती भावनाहरूमध्ये अहं भावनालाई नै सबभन्दा निज भावना मानिएका छ । यस्तै यस्ता कुभावनाले यहाँ खिचातानी भै रहन्छ । तर भनौं ठूला ठूला प्रकृतिवादी कविहरू जो आफूलाई प्रकृतिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

पुजारी भनी ठान्दछन्, ती व्यक्तिहरूका ... तिनीहरूमा केवल मानसिक तथा भावनाको विका... यही भावनाको रंगमञ्चमा रंगमंगिएको हुन्छ र... रहेका हुन्छन् ।

जीवनको कठोर वास्तविकतालाई चियाएर हेर्ने हो भने यहाँ खल... सिवाय अरू केही सुनिदैन । यहाँ जीवनको शुरूदेखि अन्त्यसम्म खलबल नै सुनिन्छ । शान्त भएर रहन कोही जान्दैनन् । जंगलमा पनि पशुपक्षीको एक्कोहारो तानामा खलबल भरपुर छ भने झन् मानिसको के कुरा गर्ने !

हेर जीवन ! जीवनलाई हेर ! जान बुझ अनि खूब अध्ययन गर । जीवन भित्ताको चरमा लुक्ने उडुस होइन, नत अँध्यारो कुनामा बस्ने लामखुट्टे नै हो । त्यो उज्यालो प्रकाशमा देखिने सेतो कागज हो । सूर्य, चन्द्र, ग्रह, वायु, जल, स्थल, आकाश, पातालसंग ममता राखी सम्बन्ध बढाउने नक्षत्र हो । यो अँध्यारोमा लुक्दैन, पानीमा भिज्दैन अनि फोहोर नालामा बस्ने सूक्ष्म एमिबा कीरो पनि यो होइन । यदि अँध्यारामा लुक्नु, पानीमा भिज्नु र नालामा रहनु पर्छ भने त्यो जीवन, जीवन होइन ।

जीवनको समयसंग ठूलो सम्बन्ध छ । यही समयसंगको सम्बन्धले बाल जीवन वृद्धा अवस्थामा परिणत हुन्छ । जीवन र समय समानान्तर सरल रेखा हुन् । यिनीहरू दुवैको घनिष्टता छ । यसमा अन्तर यति मात्र छ कि जीवन केही हदपछि टुङ्गिन्छ, तर समयको टुङ्गो लाग्दैन । समय रेखा बेनापको र प्रवल हुन्छ । तर जीवन रेखा नाप्न सकिने अर्थात् कमजोर हुन्छ । यही जीवन रेखाको अन्तिम बिन्दुतक पुग्न अनेक संघर्ष तथा कठिनाइ भोग्नुपर्दछ । जीवन रेखाको शुरूदेखि अन्त्यसम्म अनेक रोकावट आइ पर्दछन् । यही नै रेखामा हिंड्न नजानेर कोही बैरागी हुन्छन्, कोही लड्छन्, विरक्तिन्छन्, अनि कोही जीवनलाई जीवन नै होइन भनिठान्दछन् । यहाँ हिंड्न यो जीवन रेखाको राम्रो अध्ययन हुनुपर्दछ । तब मात्र यो जीवन डुङ्गादेखि पार लाग्न सकिन्छ ।

तर कुनै कुनै व्यक्ति यस्ता हुन्छन् जो यो जीवन रेखाको बाटादेखि विरक्तिन्छन्, जीवनलाई जीवन नै होइन भन्छन् अनि एकान्तवादी बन्न पुग्छन् । एकलकाँटे जीवन उसलाई रुचिकर हुन्छ । यस्ता व्यक्तिहरू जीवनको कठोर वास्तविकतादेखि पलायन भैसकेका हुन्छन् । आहारामा फल, फूल

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

...हो त्याग र तपस्यामा बाँच्दछन् । ऊ वैरागिएर ...रानी बस्दछ, रौं लटा पारेर ऊ टोपीको काम लिन्छ र ...कैमा जीवन निर्वाह गर्छ । यत्तिकैमा ऊ जवर्जस्त आनन्द लुट्न खोज्छ । ...माला जप्नु सिवाय उसको महानताको कार्य (चिह्न) अरू कुनै देखिदैन । यस्ता व्यक्ति पनि जीवनको साङ्लोमा बाँधिइ सास धानेर बसेका हुन्छन् ।

जीवनको डोरो अचम्मको छ । देख्ने बुझ्नेलाई यो गोरेटो सफा छ । पीच लगाएको जस्तो, तर नदेख्नेलाई अन्धकार र छाम छाम छुम छुम गर्दै हिड्नुपर्ने जस्ता छ । कस्तो आश्चर्यको कुरा ! एउटै किसिमको आँखा-लाई रानो र अन्धो । ज्ञानको ज्योति नै सफेद आँखाको नानी हो, जसले जीवनको गोरेटोलाई स्पष्ट देख्दछ, जान्दछ, बुझ्दछ । यी सबै कुरा जीवित प्राणीहरूको जीवनबाट नै पहिल्याउन सकिन्छ । त्यही नै हो जीवन–सब वस्तुको केन्द्रस्थल सुखकर, दुःखहर, संसारका सबै नियमको निष्पक्षपाती विन्दु तथा हरेक लक्ष्यको निर्माता ।

स्वदेशमा खेप्न परेका विपत्ति विदेशमा
भोगेका समस्त सुखभन्दा असल छन् ।

—चन्द्रशेखर शास्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेम

–हरिहर श्रेष्ठ

'प्रेम!' अहा कति मीठो शब्द! केवल दुइ अक्षर! क्या जादु छ! कसको आत्मा बिभोर नहोला - यी दुइ अक्षरको लागि ! जीवनको प्रत्येक क्षणमा मुटुको प्रत्येक ढुक् ढुकीमा - यसको प्रभाव छ, गहिरो प्रभाव छ। दुनियाँलाई यसले पागल तुल्याइदिएको छ । धन्य प्रेम!

जीवन अनि प्रेम– यी दुइ शब्दको संबन्ध अति गहिरो छ चन्द्र र चाँदनी झैं । प्रेम के हो ?, भनी हामी सोच्न मात्र पुग्यौं भने जीवनको सवाल पनि आइहाल्छ । त्यसैले जहाँ जीवन छ त्यहाँ प्रेम छ । 'प्रेमको अँगालोभित्र हामी जीवनको सबथोक पाउन सक्छौं ।' साँच्चै यूतासको यस कथनमा सत्यता झल्कन्छ । यसै बिचारबाट प्रभावित भएर पनि हुन सक्छ, शेलीले प्रेमको अर्थ बताउनुभन्दा अगाडि, "जीवन के हो र तिमी जीवित छौं ? भनि प्रश्न गर्न चाहन्छन् । हुन पनि, कसको जीवन प्यार विना रहेको छ र? मानिस जन्मन्छ प्रेममा, हुर्कन्छ प्रेममा, जीवन शुरुदेखि अन्तसम्म नै प्रेममै रुमलिएर गएको छ । मानिस जे गर्छ - सबै प्रेमको प्रेरणाले गर्छ । दाँतले यसबारे जे बोलेका छन्, मानव मात्रको हृदय छामेर बोलेका छन् । उनी भन्छन्, 'म यस्तो मानिस हुँ कि प्रेमको प्रेरणा पाएर नै सोच्दछु अनि जस्तो आदेश पाउँछु, त्यस्तै किसिमले आफुलाई संझाउदै जान्छु ।'

मानिसले मानवताको गुण वटुल्नु छ भने उसले प्रेमको आश्रय अवश्य लिनुपर्दछ । किनकि प्रेम, मानवताको अभिन्न अंग हो । मानव जीवनमा हुनुपर्ने सर्वोत्तम गुण 'प्रेम' हो । 'जीवन फूल हो भने प्रेम उसको सौरभ हो ।' विक्टर ह्यूगोको यस कथन तर्कपूर्ण छ । फूलमा हुनुपर्ने सर्वोत्तम गुण सुगन्ध नै हो । सुगन्धरहित पलाँस फूल हाम्रो अगाडि छ–हेर्नमा राम्रो छ, छुनमा मलिलो छ । तर पनि यसलाई फूलहरूमा सर्वोत्तम मानिएको छैन । किनकि यसमा सुगन्ध नै छैन । यस्तै प्रेम नभएको मानव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...सको फूल समान मान्न सक्छौं ।

...ाट पनि हामीले प्रेमको अर्थ बुझ्न सक्दछौं तापनि ... शब्दार्थ बताउनमा प्रसंग बाहिरको कुरा हुनजाने छैन । ...क शब्दार्थबाट छिटो समझमा आउँछ । प्रेम हामीलाई कुनै वस्तु जाति ...ा प्यारो लागेर सधैं आफूसंग रहुन् भन्ने भावना हो, त्यो प्यारो वस्तु अभिन्न रहुन् भन्ने साधना हो । सहानुभूति र सामीप्य–यी प्रेमका साधन हुन् । प्यार र स्नेह–यी यसका पर्यायवाची शब्द हुन् । घृणा–यसको विपरीत शब्द हो । क्रुरता–यसको विरोधी शब्द हो ।

पृथ्वीको सब आवहवा बुझ्न सके, यो संसार रमाइलो छ । जब यहाँ मानिस–मानिस मिलेर बस्न सिके, तब यहाँ प्रेमको जन्म भयो । प्रेमको जन्म एक अर्कासंग हरेक कुरामा घुलमिल हुन खोज्दा हुनआयो । अनेलले ठीकै बताएका छन्, 'अरू पदार्थको जन्मदात्री प्रकृति भए झैं प्रेमको जन्मदात्री पनि प्रकृति नै हो ।'

प्रेमको क्षेत्र अति व्यापक छ । जसले यसको क्षेत्रमा संकुचितता ल्याउन खोज्छ, त्यसमा उसको अवश्य स्वार्थ हुन्छ । प्रेमको व्यापकतामा लात मार्नु अवश्य स्वार्थ हो । रामतीर्थ भन्दछन्, 'व्यक्तिगत प्रेम=दुर्वलता' । जरुर प्रेमको व्यापकता जसले बुझ्न सक्दैन, अवश्य यो उसको दुर्वलता हो ।

दाम्पत्य प्रेम सभ्यताको चिह्न र देशप्रेम सर्वोत्तम प्रेम मानिएको छ । 'बसुधैव कुटुम्वकम्' विश्वव्यापी प्रेमको शंखघोष हो ।

प्रेमको स्थिरता र व्यापकता नबुझेर कतिले यसलाई रूप र वासनामा सीमित गर्न खोज्दछन् । तर यो गलत विचार हो । एउटी राम्री आइमाई-लाई राम्री मात्रै देखी गरिएको प्रेम 'प्रेम' होइन; किनकि त्यहाँ स्थिरता हुँदैन । जहाँ स्थिरता हुँदैन, त्यहाँ प्रेम हुँदैन । रूप सधैं रहिरहने चीज होइन, त्यो आज छ भने भोलि हुँदैन, रूपसित जसले प्रेम गर्छ, आखिर त्यसले धोका सिवाय अरू केही पाउँदैन । किनकि, रूप देह हो, प्रेम देहमा हुँदैन, प्रेम आत्मामा हुन्छ । देहमा गरिने प्रेम वासना हो । देह प्रेममा स्थिरता र धैर्यता रत्तिभर हुँदैन, हुन्छ त केवल स्वार्थ । यस्तो प्रेमलाई कुकुरको प्रेमसंग तुलना गान्धी गर्दछन् । त्यसैले, प्रेमको उद्देश्य भमराको फूलसित जस्तो होइन, पुतलीको बत्ती जस्तो हुनुपर्दछ । प्रेमको सम्बन्ध रूपसंग हृदय या आत्मासंग हुन्छ, त्यसैले प्रेमचन्द्र भन्दछन्, "प्रेम र वासनामा त्यत्ति नै फरक छ जति कंचन (सुन) र कांच (सिसा)मा छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेम अति पवित्र छ । जहाँ पवित्रता हुँद
पवित्रता पाउन सकिन्छ, पवित्रताको बाहुल्यबाट पर
प्रेमको भोको छ । पवित्र प्रेममा पूर्णता हुन्छ । जहाँ पूर्ण
मानिसलाई देव श्रेणीमा राख्न सक्छौं । पूर्णतामा शंका, भय हुँदैन । प्रेमलाई,-'परमात्मा'-मूसाले, 'भयलाई विनास गर्ने' इन्जील र गान्धीले बताएका छन् ।

शान्ति ! यसको लागि संसारमा भयंकर युध्द भएको छ, रगतको खोला बगेका छन्, इतिहासले हामीलाई बताइरहेछ । संसार काँचिगलको घर बनेको छ । त्यसैले यहाँ मानिसले चाहेर पनि शान्ति पाउन सकेनन्, स्वार्थ रीस, इबी, घृणा आदि दानवीय प्रकृति छोड्न सकेका छैनन् । युगको मागअनुसार महापुरुषहरू जन्मन्छन्, जन्मेका छन्, जन्मनेछन् । शान्तिका महापुरुष बुद्ध, कन्फ्युसियस्, ईशु, गान्धी जस्ता प्रतिभाशाली पुरुष जन्मे । यिनीहरू प्रेमका पुजारी बने र शान्ति प्रेमबाट पाउन सकिन्छ भनी बताए । स्वार्थ, रीस, इबी, घृणा आदि संग विजय 'जस्तालाई तस्तै' नीतिले पाउन सक्तैनौं उल्टो द्विगुणा बढ्दै जान्छ । यी दानवी प्रवृति नहटाएसम्म शान्ति पाउन सकिन्न, यसलाई हटाउन संभव छ भने एक मात्र उपाय, त्यो हो-प्रेम । त्यसैले शत्रुलाई मित्र, घृणालाई प्यारमा बदल्ने, 'हतियार'-गान्धीले, 'साधन'-ईशुले, 'बाटो (उपाय)'-धम्मपदले, 'शक्ति' बुद्धले प्रेमलाई बताएका छन् ।

प्रेम ! स्वच्छ, पवित्र र स्थिर छ-हिमाल जस्तै, विशाल र अनन्त छ-आकाश झैं, शान्त गम्भीर र अगम छ-समुद्र समान । यसमा सुख छ, शान्ति छ, आनन्द छ-वास्तवमा यसमा अद्भुत शक्ति छ । यो प्रेरणादायी छ-चन्द्र जस्तै, यो चम्किलो छ, सूर्य जस्तै, यो जल्जलाउँदो, बल्बलाउँदो छ-पारसमणि जस्तै । यो पारसमणि हो-पारसमणि । यसको छुवाइ मात्रले प्रत्येकमा चैतन्य भरिदिन्छ । यसका समर्थक ड्राइडेन् र अल्फाँतुन् हुन् ।

चेतना ! मानिसमा चेतना ! प्रेमको छुवाइ मात्रले प्राप्त हुन्छ ! धन्य प्रेम ! क्या गजबको शक्ति । चेतनाले मानिसमा विवेक भरिदिन्छ, विवेक ज्ञान हो, ज्ञान नै ज्योति हो । विवेक मानिसमा हुनुपर्ने सर्वोत्तम गुण र ईश्वरीय तत्व हुन् । त्यसैले प्रेमलाई-'अविवेकको न्यायरूप'-ड्राइडेन्ले, 'संसारको ज्योति'-ईशाले 'मानवताको अर्को नाम'-बुद्ध र गान्धीले, 'स्वर्गको ढोका'-टाल्स्टायले, 'ईश्वरको तत्व'-इमर्शन र भर्तृहरिले, 'इच्छा, ईश्वर र ईश्वर

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

छन् । मानिसलाई मानिस बनाउने र देवत्वमा
त्यसैले यो अमर छ । इ. ब्रह्मचारी र अब्राहम्
हुन् ।

मा अद्‌भुत रहस्य छ–रहस्यै रहस्यले भरिएको छ । कुनै कुनै
निकले जीवनलाई शून्य बताएका छन् । जीवन र प्रेमको घनिष्ट सम्बन्ध हुनुको कारण उक्त विचार प्रेममा ढल्काउने हो भने हामी केही पाउँदैनौं । तर प्रेम जीवन संचार गर्ने आशा हो । आपसी सहयोगमा बाँच्न र बचाउन प्रेम सिकाउँछ, परप्रेमी बन्न प्रेरणा दिन्छ । त्यसैले रवीन्द्र भन्दछ, "प्रेममा अद्‌भुत रहस्य छ, एकातिर रित्तो हात पाउँछौं भने अर्कोतिर सम्पूर्ण ज्ञानको भण्डार छ । मैले जीवन र प्रेममा वास्तविकता पाएँ । हामी निरन्तर बाँच्न (अमर हुन्) चाहन्छौं भने परप्रेमी बन्नु पर्दछ ।"

प्रकृतिले हामीलाई जन्मायो अनि प्रेमलाई । हामी मानव हौं, प्रेम गर्न जन्मेका हौं । प्रेममा मानवता छ, मानवता प्राप्ति हाम्रो लक्ष हो । के ठूला, के साना सबैसंग जो प्रेम गर्छ, सबैबाट जसले प्रेम पाउँछ, ऊ संसारको सबभन्दा धनी व्यक्ति हो । त्यसैले बुद्ध, गान्धी, डिजरायली र शेक्सपियर यही भन्दछन्, 'सबैलाई प्रेम गर ।'

'मैले प्रेम गर्छु, भनी जसले ढ्वाङ फुक्दै हिँड्छ, त्यसैले सबभन्दा थोरै प्रेम गर्न सक्तछ । शेक्सपियरको यस भनाइमा सत्यता देखिन्छ । किनकि रित्तो घैंटो छचल्किन्छ । एक विद्वान् भन्दछ, 'गर्नु र भन्नु–प्रिय हो ।'

नारी र पुरुषमा पुरुष प्रेम गर्न अक्सर उत्ताउलो देखिन्छ । पुरुषको प्रेममा भाव हुन्छ । नारीको प्रेममा भावना हुन्छ । त्यसैले पुरुष प्रेम गर्छ र अन्त नारीले । नारीमा प्रेम पुरुषद्वारा आरम्भ गरिन्छ र अन्त प्रेममै ।

प्रेम ! प्रेम ! संसार चिच्याइरहेछ, मानिसलाई अन्धो तुल्याइ दिएको छ, पागल बनाइरहेछ । त्यसैले यो मानसिक रोग हो । नूरजहाँको वियोगले अन्धा तथा पागल भई एकान्त कोठामा बसिरहेको शाहजहाँलाई उनको सन्मुख ऐना देखाइंदा आफ्ना लामा सेता डाढी देखी आफूले आफैलाई चिनेनन्, हात कमाउँदै डाढी मुसारे अनि आफै अचम्भित भएका थिए । क्या गजब छ ! प्रेमको शक्ति !

प्रेमको ठूलो अर्को अवगुण हो, यसको चरमसीमा । जब यो चरमसीमामा पुग्छ, यसले जहींतही भताभुंग पारिदिन्छ, विनास गरिदिन्छ–विनास ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेमको नाममा संसारमा भयंकर युद्ध भएका छन् यसका उदाहरण हुन् ।

त्यसैले प्रेमलाई–'अन्धा बनाउने'–प्रार्पतियसले, चरममीमा गर्छ'–रोम्यांरोलांले, 'मानसिक रोग'–लेप्टोले बताएका हुन् ।

प्रेम मानवीय गुण हो । यो गुण प्राप्ति लागिको मानिसले संघर्ष गर्नु पर्दछ । त्यसैले प्रेम जीवनको कसी हो । संसारमा मानिस जन्मन्छ–प्रेम गर्न, आफु पनि बाँच्न पर्दछ–अरूलाई पनि जिलाउनु पर्दछ । प्रेमको व्यापक क्षेत्रलाई चिन्नु पर्दछ–संकुचितता ल्याउन दिनु हुन्न । एकातिर प्रेमले मानवताको चैतन्य भरिदिएको छ भने अर्कोतिर मानिसलाई अन्धा र पागल बनाइदिएको छ । यसको प्राप्तिको लागि मानिसले ज्यान होमेको छ र रगत बगाएको छ । हामी प्रेमको लागि मरिदिन होइन बाँचिदिन परेको छ । रोम्यांरोलांले यसरी विचार प्रकट गरेका छन्–'प्रेमको निमित्त मरिदिनु जति सजिलो छ बाँचिदिनु उति नै गाह्रो छ ।' प्रेमको लक्ष–अहिसा र दानवीय प्रवृति हताउने हुनुपर्दछ, पवित्रता ल्याउनुपर्दछ–शान्तपूर्वक, पूर्णता ल्याउनपर्दछ–बुद्धिमत्तापूर्वक । तब प्रेम–'प्रेम' हुनेछ–संसार स्वर्ग हुनेछ ।

त्यसैले प्रेमलाई–'वेदनापूर्ण प्रसन्नता'–एक विद्वान्ले, 'बुद्धिमत्ताको प्रथम झलक'–एन्टोगनीले, 'फूल जस्तै नरम र बज्र जस्तै कठोर'–गान्धीले, 'जीवनको सबभन्दा सुखमय र वेदनादायी क्षण' वेर्त्रीने–बताएका हुन् ।

—०—

त्याग र सेवाहिन प्रेम स्वार्थ हो ।

—शास्त्री

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

प्रिन्स क्रोपाटकिन

–अनु. हरिप्रसाद प्रधान

४२ वर्ष विदेशमा रहेर सन् १९१७ मा रूसको राज्य क्रान्तिपछि क्रोपाटकिन आफ्नो मातृभूमिमा फर्कँदा जनताले उनको हृदयदेखि स्वागत गरे। जुन रेल गाडीबाट उनले रूसमा यात्रा गरिरहेका थिए त्यसको प्रत्येक स्टेसनमा मानिसहरूको भीडले घेरेको हुन्थ्यो र 'क्रोपाटकिन आए, क्रोपाटकिन आए'– यी शब्दहरू प्रत्येक मानिसहरूको मुखबाट निस्कन्थे।

रूसमा क्रान्ति भईसकेपछि जब लेनिनको शासन प्रारम्भ भयो, त्यसबेला क्रोपाटकिन मास्कोको नजीकै Dimitrov नामक गाउँमा रहन्थे। उनको स्वास्थ्य खराब थियो–उनी ७५ वर्षका भैसकेका थिए–तथापि उनलाई त्यति नै भोजन सोभियत सरकारको तर्फबाट दिइन्थ्यो जति बूढा मानिसहरूका लागि नियत थियो। उनले एउटा गाई पालिराखेका थिए। र आफ्नो स्त्री तथा पुत्रीसंग उनी यस कठिन परिस्थितिमा रहने गर्थे। विरोधीहरूले–उनले गाई पालेकोमा पनि आक्षेप लगाए। कल्पना गर्नोस् जसले आफ्नो देशको स्वाधीनताको लागि ५० वर्षसम्म कार्य गऱ्यो– उसको लागि वृद्धावस्थामा, बिरामीको हालतमा एउटा गाई राख्नु पनि आक्षेपको विषय सम्झिइन्छ।

क्रोपाटकिन त सरकारी शासन प्रणालीका विरोधी थिए यसैले सरकार संग शिकायत गर्नु उनको सिद्धान्त विरुद्ध थियो, र शिकायत उनले जीवनमा कहिल्यै गरेनन्। तर क्रोपाटकिनका केही साथीहरूलाई यो कुरा मनमा ज्यादै बिझेको थियो। र उनीहरूले स्थानीय सोभियत अधिकारीहरूसंग शिकायत गरेर नै छोडे। तर यसको परिणाम केही निस्केन। आखिरमा यो खबर लेनिनको कानसम्म पुग्यो। लेनिन क्रोपाटकिनका प्रशंसक थिए। उनले तुरन्त स्थानीय सोभियतलाई लेखिपठाए कि क्रोपाटकिनको भोजन-मात्रालाई बढाइयोस् र उनलाई गाई राख्न दिइयोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रिन्स क्रोपाटकिन सर्वोच्च कोटिका आ... सिद्धान्तलाई लिएर सम्झौता गर्न जान्दै जान्दैनथे ... क्रोपाटकिनलाई भनेको थियो उनले आफ्नो पुस्तक फ्रान्सका रा... अधिकार धेरै धेर रुपैंया लिएर सरकारलाई दिऊन् भनेर ... सोभियत सरकारले त्यसलाई आफ्ना स्कूलहरूमा पाठ्य पुस्तक जस्तै नियम गर्न चाहेको थियो। तर क्रोपाटकिनले यस प्रस्तावलाई अस्वीकार गरिदिए। किनकि उनी एक सरकारको तर्फबाट आएका थिए। कैम्ब्रीज युनिवर्सिटीले उनलाई भूगोल–शास्त्रको अध्यापक भै कार्य गर्नलाई निमन्त्रणा दियो, तर साथै शर्त यो थियो अध्यापक हुनुको साथ साथै उनले आफ्नो क्रान्तिकारी सिध्दान्तको प्रचार बन्द गर्नु पर्नेछ। उनले यसै नोकरीलाई बिल्कुल नामन्जुर गरे, त्यसको बदलामा एक पैसा पनि उनले कसैसित लिएनन्। उनी अत्यन्त गरीबीको हालतमा इङ्गलैण्डमा रहेका थिए, त्यस वेला मानिसहरूले उनलाई दान दिन चाहे, कसै कसैले उनलाई–रुपैया पनि उधारो दिन चाहे, तर त्यसलाई पनि नामन्जुर गरे। घोर आर्थिक संकटको वेलामा पनि जो मानिस उनको सामु आउँथे, उनलाई उनले आफसंग भएको केही न केही दिइपठाउंथे।

एक पटक सुप्रसिद्ध करोडपति साहु कारनेगीले क्रोपाटकिनलाई आफ्नो पार्टीमा निमन्त्रण दिएको थियो। क्रोपाटकिनले त्यस निमन्त्रण पत्रको उत्तरमा लेखे–"म त्यो मानिसको आतिथ्य स्वीकार गर्न सक्तिन जो कुनै पनि अंशमा मेरा क्रातिकारी बन्धु बर्कमैनलाई जेलमा राख्नको लागि जिम्मेवार छ।"

पाठकले सोच्न सक्नुहुन्छ–क्रोपाटकिनले आफ्नो अन्तिम दिन कसरी व्यतीत गर्नुपर्‍यो भनेर। ७५ वर्षको उमेरमा उनले आफ्नो नीतिशास्त्र नामक अन्तिम पुस्तक लेखिरहेका थिए। कितावहरु खरीद गर्नको लागि उनीसंग पैसा थिएन। कहिले काँही साथीहरूले केही पैसा पठाइदिए भने त एक दुई आवश्यक पुस्तक उनले खरीद गर्थे। पैसाको कमीले गर्दा उनले कुनै क्लर्क या टाइपिस्ट राख्न सक्तैनथ्यो, यसैले आफ्नो ग्रन्थको पाण्डुलिपी वनाउन र गितीहरूको नक्कल गर्ने काम उनलाई आफै नै गर्नुपर्दथ्यो। भोजन पनि उनलाई पुष्टिकर मिल्दैनथ्यो, जसले गर्दा उनको कमजोरी बढ्दै जान्थ्यो र एक धमिलो दीपकको प्रकाशमा उनलाई आफ्नो ग्रन्थको रचना गर्नुपर्दथ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वदेशमा–त्यो महापुरुषसंग जसले लाखौं धन अत्यन्त गरीबी हालतमा आफ्नो गुजारा गरी या ! जारको पार्षद र गवर्नर–जेनरलको सेक्रेटरी हुनुको ले किसान तथा मजदूरहरूका साथी बन्न धेरै गौरव मान्थ्यो, संसारका वैज्ञानिकहरूमा अत्यन्त महत्वपूर्ण स्थान भएर पनि जसले वैज्ञानिक अनुसन्धानको कार्यलाई तिलांजलि दियो र आफ्नो सिध्दान्तको प्रचारको लागि जसले आफ्नो जीवनलाई बिसौं पटक खतरामा राख्यो; जसले केवल आफ्नो देश रूसको स्वाधीनताको लागि मात्र नभै इङ्गलेण्ड र फ्रान्स आदि देशका मजदूरहरूको संगठनको लागि पनि आफ्नो शक्ति अर्पित गरिदियो, जो ४२ वर्षसम्म आफ्नो देशबाट निर्वासित रह्यो, जो वस्तुतः ऋषि थियो अनि जसका सिध्दान्त जहिले पनि मानव समाजको स्थायी कल्याणका कारण बनेका छन् ।

८ फरवरी १९२१ मा ५८ वर्षको उमेरमा प्रिन्स क्रोपाटकिनको देहान्त भयो । सोभियत सरकारले भन्यो–हामीले गभर्नमेन्टको तर्फबाट उनको अन्त्येष्टि क्रिया गर्न चाहन्छौं, तर उनकी पत्नी तथा छोरीले यसलाई अस्वीकार गरे । उनका क्रान्तिकारी सहयोगीहरूले मजदूर संघको भवनबाट उनको लाशको जुलुस निकाल्यो । २० हजार मजदूरहरू साथै थिए । सर्दी यति जोड्को थियो कि बाजासम्म पनि वर्फको कारणले गर्दा जम्न गयो । मानिसहरूले कालो झण्डा लिएका थिए र कराइरहेका थिए "क्रोपाटक्रिनका साथी संगीहरूलाई, क्रान्तिकारी बन्धुहरूलाई–जेलबाट छोडिदेओ ।"

सोभियत सरकारले डिमिट्रीवको सानोचाहि घरमा क्रोपाटकिनका विधवा पत्नीलाई बस्नदियो । उनको मास्कोमा रहेको घर क्रोपाटकिनका साथीहरू तथा भक्तहरूलाई दिइयो जहाँ उनको ग्रन्थ, कागज पत्र, चिट्ठीहरू सुरक्षित छन् ।

स्वाधीनताका यी अद्वितीय पुजारी युग–युगान्तरसम्म अमर रहने छ । उनको व्यक्तित्व हिमालय जस्तै महान र आदर्शवादिता तथा सगरमाथाको जस्तै उच्च छ ।

–o–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

शिरीषको फूल—एक अवलोकन

– हरि वंदी
एम. ए. (प्रथम वर्ष), साहित्य–रत्न

विजयमल्लको 'अनुराधा' उपन्यास र पारिजातको 'शिरीषको फूल' को भावभूमिको धरातल उही नेपाली समाज हो, जहाँ, 'शिरीषको फूल' मा सकमवरीको उक्तिअनुसार 'लोग्नेमानिस स्वास्नीमानिसमाथि अतिक्रमण गर्छ' को पृष्ठभूमिमा आफ्नो अस्तित्व–मर्यादा कायम गर्न विद्रोही अनुराधालाई बौलाउनुपर्‍यो र शून्य र निस्सारवादी सकमवरीले जीवन समाप्त गर्नुपर्‍यो। अनुराधाले नेपाली साहित्यमा जसरी प्रगतिशील क्रान्ति ल्याएको मानिएको छ, त्यसरी नै समसामयिक रूपमा 'शिरीषको फूल' विवादग्रस्त विवेच्य विषय भएको हो। दुवै उपन्यासको भाषाले काव्य शैली अपनाएको छ, दुवैमा लेखकीय र पात्रगत जीवनप्रतिको विशेष दृष्टिकोण परोक्ष र प्रत्येक रूपमा विवेचन र दिग्दर्शन गर्ने प्रयास गरिएको छ र श्रष्टि र समयअनुसार दुवैले उपन्यास क्षेत्रमा एक हलचल ल्याएका पनि छन्।

यसै सन्दर्भमा हेर्दा 'अनुराधा' को अनुराधा र 'शिरीषको फूल' को सकमवरी दुवै आफ्नो अस्तित्वको संरक्षणमा आदिदेखि अन्ततक संघर्षरत छन्। शून्यवादको दर्शन छाँट्ने र बौद्धिकरणको प्रवाह व्यक्त गर्ने सकमवरीमा जति सिद्धान्तको प्राचुर्य पाइन्छ तर सुयोगवीरको एउटै 'चुम्बन' मा आहत हुने उसको व्यक्तित्व 'आत्म–समर्पण' नगरिकन पनि हारेर (जीवन–मृत्युको महाशून्यमा आफ्नै स्वेच्छाले मृत्यु वरेर पलायनवादी प्रकृतिले निरपराध अमूल्य जीवन होमीदिनु नै मेरो दृष्टिमा सकमवरीको ठोस हार हो) उसको जीवन अस्त हुन्छ, केवल एक सिद्धान्तवादी मान्यता कायम गर्ने प्रयासमा भने, अनुराधा बढ्ता विचारवादीभन्दा कर्मयोगी नारीको रूपमा प्रस्तुत भएकी छ, उसमा आत्मविश्वास अनुरूप संघर्षशील आशावादी भावना विद्यमान छ, ऊ समस्यासंग बाझ्छे, जुध्छे तर

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...आएको मानसिक विकृतिले असन्तुष्ट ऊ ... । विचारअनुसार चरित्र र नैतिक इमानदारी ... महत्वाकांक्षा अनुकूल ऊ "रत्नमान'को समाजलाई ... एवं बोलाउनुमा ऊ स्वयं निर्दोष छ र ऊभित्रको विद्रोहको उग्र ...नयालि नै र मनोवैज्ञानिक स्वभावअनुसार शायद प्रतिशोधको अतृप्तिले उसलाई बोलाउन वाध्य तुल्याएको हो भन्नु पर्छ । तर सुयोगवीरको दृष्टि र भनाइमा सकमवरीमा कोमलता छैन । स्त्री सुलभ कमजोरी र विपरीत यौनप्रतिको आकर्षणको उसमा अभाव छ ।

'सकमवरी'को चरित्रमा भावुकता अतिशयोक्तिको चित्रणमा पुगेको छ । अतः सकमवरीको प्रसंगमा अनुराधाको चर्चा चलाउनुको तात्पर्य अनुराधा जस्तै सकमवरीको अस्तित्व संरक्षणको संघर्ष तुलनात्मक रूपमा स्पष्ट गर्ने उद्देश्यले 'जेठी' अनुराधाको पृष्ठभूमि सम्बन्धी कुरा चलाइएकोसम्म हो ।

सर्वप्रथम सकमवरीको चरित्र–चित्रण उपन्यास विकासको केन्द्र विन्दु भएको छ । शून्यवादको तर्क र दर्शनको माध्यम सकमवरी भएर आएकी छ । उसैको व्यक्तित्वले सुयोगवीरलाई प्रभावित गर्छ, शिवलाई उसको मृत्युपछि पनि उसको सम्झनाले तीव्र रूपमा आघात पुऱ्याइरहन्छ, यसैले उपन्यासकारको औपन्यासिक मापदण्ड सकमवरीलाई 'शिरीषको फूल' को सांकेतिक प्रतीकको रूपमा उपन्यासको नामकरण गरिएको छ, जुन कि असार्थक छैन ।

शंकर लामिछानेको भूमिका प्रस्तुतीकरणले 'शिरीषको फूल' को चर्चा आलोचकको जस्तो नभएर प्रकाशकको प्रचार जस्तो लाग्छ । 'शिरीषको फूल' पढिसकेर भूमिकाको उपादेयता मूल्यांकन गर्ने हो भने पाठकलाई लाग्ने छ कि जे पनि स्वागत छ भन्नुपर्ने अवस्थाको नेपाली साहित्यमा अझ गद्यमा र विशेषतः उपन्यास क्षेत्रमा निःसन्देह लामिछानेज्यूको यो भूमिका 'शिरीषको फूल' को महिमा भट्याउने प्रशंसा पत्र वा सिफारिस बनेको छ । तर लेखकको सम्पत्ति उसको रचना नै हुन्छ र कसैको बढाइँ चढाइँले रचनाको उत्कृष्टता साबित हुन सक्दैन, सफल भूमिका केवल पाठकको आँखा छलंङ्ग्याउने चिनारी बन्ने मात्र अधिकार राख्छ ।

यसो भनेर भूमिका जसले रचनाको अंग प्रत्यंग छोएर रचनाको मूल्य दिग्दर्शन गर्ने एवं सार टिप्ने साहस गरेको छ, उचित र न्यायसंगत रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत भएको छ भने एवं भूमिका लेख...
ठगी रचनाप्रति अनावश्यक श्रम फैलाउने दूषि...
पनि हेय हुन सक्दैन र त्यसको पनि आलोचना हुने...
शंकर लामिछानेले 'शिरीषको फूल' लाई 'काव्यान्यास' को संज्ञा दिनुभए...
म उहाँसंग केही सामञ्जस्यमा सहमत छु र 'शिरीषको फूल'को अविक...
कथावस्तु एवं दृश्य संचालनमा पारिजातको असफलताले यसलाई उपन्यासको रूपमा अस्वीकार हुने पाठकहरूलाई नेपाली साहित्यको अहिलेसम्मको शब्द-सूचीमा 'काव्यान्यास' को शब्द एवं अर्थ असजिलो लागे पनि 'अनुराधा'का अघिल्ला परिच्छेदहरू जस्तै यसमा पारिजात उपन्यास लेखिकाको रूपमा भन्दा कवयित्रीको रूपमा पाठकहरू समक्ष आफ्नो किसिमको रचना शैलीमा उत्रेकोले उपन्यासको काव्यात्मक भाषाले सरल र सरस रूपमा हृदय छुन्छ, अनि भूमिकामा लक्षित शून्यवादको दर्शन यही शैलीमा अभिव्यक्त गरिएको छ, तथाकथित जीवन दर्शन उपन्यासका दर्शन प्रायः पातामा दोहोऱ्याइ तेहऱ्याइ ओकलिएको देख्दा आफ्नो दर्शन कथनमा लेखिका जिद्दी गरिरहेकी छिन् जस्तो लाग्छ, जुन उपन्यासकार उपन्यासकारको रूपमा नरहेर नीतिकारको भेषमा उपन्यासकार हुन खोज्ने दोष उहाँको लेखन भावपक्षको कमजोरीलाई दिन सकिन्छ। 'महाशून्य'को बारम्बार उचारण वा निर्देश नगरिकन पनि वा कुनै वाद विशेषको झण्डामन्तिर नारा नदिएर पनि लेखक लेखकको स्तरबाट विचार प्रदर्शन वा दर्शन निर्देश गर्न सक्छ । शरद-चन्द्रको 'देवदास' मा शिरीषको फूलमन्दा उजाड नीरस भताभुंग वास्तविकताको भूमिमा कथाको डोरी तानिएको छ, विवशता र पराजय त्यतिकै मार्मिक—रूपमा चित्रण गरिएको छ पात्रको मनःस्थितिको आडमा, तर लेखक आफ्ना पात्रद्वारा कहीं पनि निरर्थक निराशावादको गन्थन नगरिकन नै विचार व्यक्त गर्न कुशल र सफल छन्, यस रूपमा शरदचन्द्र र पारिजात पारिजात र उनका पात्र विशेषको बौद्धिकता तदनुसार भए पनि दर्शनको चर्चा रक्सीको गिलास समातेको वेला र बारको बसाउठीमा मात्र प्रायः विचारको डोरी बाँधिएको देख्दा सकमबरीको होस वा सुयोगवीरको मनःस्थिति एवं सोचाइको स्वाभाविकतामा शंका उठ्छ। यसैले शंकर लामिछानेको भनाइ-'म ठान्दछु, शून्यवाद—दर्शनको गंभीर र गहन सिद्धान्त यति सहज सुन्दर र सुकिलो रूपमा उपन्यासको रूपमा, व्यक्त गरिएको मैले आज सम्मन् थाहा पाएको छैन । यस २००० वर्षको जीवनमा (पेज 'ठ') को आरोपित 'शून्यवाद' निस्सार संसारभित्र, एउटा महाशून्यभित्र 'बाँचेको'

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

...ाँ र यहाँ ?' (पेज ड) नास्तिकभन्दा पनि परको ...का दर्शन हुन सक्छ, तर आत्म-हत्या गर्न कमजोर भएर ...को तर बारको आश्चर्य लिएर मनोवैज्ञानिक तृप्ति पाउन पल्केका ...गवीर अथवा शिवराज जस्ता पात्रको दर्शन केवल कपोलकल्पित भावनाको मिथ्यामा अडिन खोज्ने प्रयास भएको छ । मुख्यतः सकमवरीको मौलिक दर्शनमा निरीक्षकको रूपमा अनुभूति राख्ने सुयोगवीरले सकमवरीले जस्तै आफूलाई महाशून्यवाट होमिदिने क्षमता राख्न सकेन र कदाचित सक्ने क्षमताका भए सकमवरीको जीवन-मृत्युको अस्तित्व उसले गिलासमा प्रतिविम्बको रूपमा देखेर यसरी भन्दैनथ्यो र मृत्युदेखि उम्कन भाग्दैनथ्यो-'एउटा निस्सार संसारभित्र म बाँचिरहेको छु र सधैं स्वीकार गर्छु म एउटा महाशून्यभित्र बाँचिरहेछु ।' यसैले सकमवरीको भावनामा मात्र शून्यवाद प्रयोग गरेर पनि देखाइएको छ । तर औपन्यासिक घटनाको दृष्टिले सकमवरीको मृत्यु अस्वाभाविक रूपमा भएको छ र 'चुम्बनको आघात' पछिको उसको जीवनको पतनको क्रम उपन्यासकारले विश्लेषण नगरिकनै उसको अन्त बयान गर्न पारिजात पुग्नु घटना गुम्फन-अक्षम्य रूपमा भएको छ र जसले गर्दा 'शिरीषको फूल' बुद्धिवादको प्रयोजन भन्न वाध्य गराएको छ, र चित्रणमा असफल भए पनि सकमवरीको मानसिक द्वन्दको विलेषण उल्लेख छैन, अतएव उसको 'मृत्यु' शून्यवादको लागि चुनौती नभएर आत्म-हत्याको कमजोर दर्शनमा आधारित भएको छ । अतएव लामिछानेज्यूले बाँध्नुभएको भूमिकाको शून्यवाद दार्शनिक उपन्यासकारको रूपमा होइन किन्तु उचित रूपमा उपन्यासकार दार्शनिकको रूपमा पारिजातलाई हेर्दा उहाँको शून्यवादको व्याख्या फजूल र अप्रासंगिक हुनआउँछ । अथवा 'शिरीषको फूल' बाट दर्शन अलग झिकिदिने हो भने 'शिरीषको फूल'को कथानक दन्त्यकथा भन्दा कृत्रिम र मीठो खेस्रा भाषा र भाषणको सिवाय अरू के होला र ? यसैले हामीले 'शिरीषको फूल' मा पारिजात लेखिकाको रूपमा ओजन हलुंगो र दार्शनिकको रूपमा गह्रुंगो पाउँछौं । परन्तु यो उपन्यास भएकोले यसको औपन्यासिकताको विश्लेषण गर्नु प्रथम कर्तव्य हुनआउँछ । काव्यान्यासको तत्व यसमा पाइए पनि स्पष्ट शब्दमा भन्ने हो भने 'सुलोचना'लाई किटेर उपन्यास भन्न नसके जस्तै यसलाई काव्यान्यासै भनेर यसको औपन्यासिक आवश्यकतामा आँखा चिम्लिदिन सकिन्न ।

मेरो व्यक्तिगत दृष्टिमा र हुन सक्छ अरू पारिजातका परिचितहरूको लागि पारिजातको व्यक्तिगत जीवनमा प्रशस्त सहानुभूति स्वभावतः लागेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउंछ र यस उपन्यासलाई उहांको निजी डाये
वा बास्ताविक) भन्ने मनमा लागे पनि पारिजातको
उहांको साहित्यिक मूल्यांकन गर्नु उचित हुनआउंछ । सफल साहि
वर्तमान मात्र हुंदैन भविष्य पनि हुन्छ, तर 'शिरीषको फूल'ले हाम
विश्व साहित्यको उपन्यासका क्यालेन्डरमा १९६६ मा पुऱ्याएको छ" भनेर भूमिका लेखकले स्तुति बांढ्दैमा र घोषणा गर्दैमा पाठक मखपरेर पत्याउंदैन र स्वयं ऊ छेउ टुप्पोको टुंगो लगाएपछि मात्र सही मूल्यांकनमा विश्वास गर्छ ।

उपन्यासको मुखपृष्ठभन्दा पुछार पृष्ठमा राख्न योग्य वा तदनुसार पठनीय भूमिकाको महत्त्व–चर्चापछि मुख्यत: विषय वस्तु 'शिरीषको फूल' को पहिलो पेजको प्रारम्भदेखि नै उपन्यासकारलाईभन्दा कविलाई बढ़ता सुहाउने भावुकता अत्यधिक रूपमा प्रवाहित भएको पाठक अनुभव गर्छ–उपन्यासको काव्य भाषासँग कथा तन्तुको आधार तादाम्य गर्दा। उत्तर बीसौं शताब्दीको साहित्यको आधुनिक विकास बोधको चमत्कार सम्झाउने प्रारम्भदेखि नै शब्दका फांटमा पाठकलाई उपन्यासले चिन्तन गर्न अलमल्याउंछ । विचित्र वातावरणको सृजनामा कौतुहलपूर्ण कथा वस्तु पाउने कल्पनामा पाठकको उत्सुकता दौडन्छ, बारको प्रथम परिचयपछि शिरीषको फूलले आच्छादित सकमवरीको घरमा । अनि सुयोगवीर र शिवराजको चरित्र यस पृठभूमिमा आएर उभिन्छ । अनि अगाडि सकमवरीको परिचय दिंदै उसको व्यक्तित्त्व बोल्छ–शिरीषको कोपिलाभित्र 'कीराभित्र निसास्सिएर मर्छ, असाध्य रमाइलो हुन्छ (पेज १४)' मृत्युको आक्रमणमा जीवन–विसर्जनमा रमाउने उसको विचारले स्तम्भित सुयोग प्रश्न गर्छ 'भ्रमर बस्नै नपाएपछि यो फूलको के अर्थ ?' अनि वरीले नि:संकोच जवाफ दिन्छे मानो उसको जीवन दर्शन परिपक्व रूपमा निर्धारित भइसकेको छ–'फूल बिग्रंदैन, सुरक्षा पाउंछ।" तर यही सकलमवरी शिरीषको फूल जस्तै अस्तित्व कायम गर्ने जीवन संघर्षमा एक किसिमले सुयोगवीरको 'अतिक्रमण'ले मृत्युको स्वागत गर्न पुग्छे । सकमवरीको चरित्र विश्लेषण हुंदै गएपछि ऊ 'मुजुरा' जस्ती नारीको सहज प्रवृत्तिभन्दा उपल्लो तहको पुरुषत्व प्रधान नारीको रूपमा देखिन्छे । 'रक्त–रति' नै उसको अस्तित्वको अर्को रूप हो । उसमा शासितकोभन्दा शासकपन झल्किन्छ, तर दार्शनिक झैं जीवनको सार तत्त्व सोचेर गीतामा वर्णित कर्मयोगीको लक्षणभन्दा भिन्न जीवनप्रतिका धारणाहरू

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...को । छ–"मान्छे एकदमै एक्लो बाँचन रुच्छ ...राजको दाज्यू व्यक्तित्व पनि दबाएर निरंकुश ...जीवनको अव्यवस्थाबाट बदला लिनचाहने उसको ...त्मक प्रवृत्ति असामाजिक र मनोवैज्ञानिक तथ्यमा उसमा असाधा- ... फैलिएको छ । यसैले सकमवरीको चरित्र नेपाली जनसंख्यामा नगन्य छ तर शून्यवादको प्रतिनिधि गराएर उसको जीवन स्थितिभन्दा उसको मानसिक–संसारको विशेषता वर्णन गर्ने चेष्टा उपन्यासकारद्वारा गरिएको छ । अतएव सकमवरीको हृदयभन्दा बुद्धिको चित्रण जहांमुर्क गरिएकोले ऊ आफ्नो आस्था र विचार बाहेक अरू केही होइन र उसको चरित्र मात्रले पाठकलाई उपन्यासको कहीं पनि दृश्यमा प्रभावित गर्न सक्दैन । यस दृष्टिमा ऊ बाहेक सुयोगवीर, शिवराज सारा पात्र फितला र खोक्रोपनमा प्रस्तुत भएका छन् । लडाईंको मैदानमा पनि मान्छे मार्न नसकेको सुयोगवीरको 'कोमलता' सकमवरीको कठोरतासंग टक्कर खाएर चूर हुन्छ– "मैले पनि पैंतालिस वर्षको उमेरसम्म कुन स्वास्नीमान्छेलाई प्रेम गरें र ? म प्रशस्त बूढो भईसकें, मलाई प्रेम र स्वास्नीमान्छेसंग के चासो, के स्वार्थ ? (पेज १६)" भन्दा भन्दै पनि आवेशमा आएर "मैले उसको सेतो गर्धन अठ्याएर उसको कमलो ओंठमा ग्वाइ खाइदिएँ र आत्मतृप्तिको अनुभव गर्ने नपाई मलाई मोहले छोड्यो (पेज ७३)" प्रेमलाई बलात्कारमा परिणत गर्छ । सकमवरीको सारा दर्शनको हत्या गर्ने मध्य उपन्यासमा नायक होइन खलनायकमा ऊ पनि एक चित्रित भएको छ । माटिनची आदिप्रतिको नग्न यौन विश्लेषणद्वारा 'भ्रमर बस्नै नपाएपछि फूलको के अर्थ ? भन्ने स्वयम् ऊ एक भमर सकमवरीप्रतिको आस्थामा, पशु प्रवृत्तिद्वारा प्रेरित अन्याय, विश्वासघातमा प्रायश्चित स्वीकार गर्न पारिजातले उसलाई अन्तिम दृश्यमा भन्न लगाउनुभएको छ–'मानिसमा माया र भावनाको हत्या भईसकेपछि पनि मानिस बाँच्छ र मानिस एउटा मेशिनभन्दा बढी केही होइन, यही सत्यलाई हाम्रो शिव र म दुवैले आफैंमा प्रमाणित गरिरहेका छौं । वरी एउटा मूल्यहीन मृत्यु मरेकी छ र शिवराज र म सारहीन जीवन बिताइरहेका छौं (पेज ९२)" अनि वरीको कल्पित प्रतिविम्बले तर्साउंछ । गिलासभित्र दुइटा गहिरा काला आँखाहरू देख्छु एउटा मुडुली टाउको देख्छु पिइदिन्छु र सन्तुष्ट हुन्छ । मेरा आफ्ना औंलाहरू निकोटिनले पहेंलिसकेका छन् । ती सधैं म हेरिरहेन्छु र सन्तुष्ट हुन्छु (पेज ९३) अनि रक्सीको प्यालामा उसको कथनअनुसार विपरीत रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनबाट भागेको व्यक्तिमा सन्तोष देखा... सम्झन्छु यहाँ प्रेमको पनि अस्तित्व छैन । ए... बाँचिरहेछु र सधैं स्वीकार गर्छु म एउटा महाशून्य... (पेज ९३) । शून्यवादको पुष्टि गर्न उसद्वारा यसरी बोलाइएको... स्पष्ट छ कि शून्यवादको मान्यता स्थापनामा बलिदान हुने यस दर्शनको सफलतम पात्र कुनै छ भने सकमवरी मात्र हो । बाँकी शिवराज पनि यही शून्यवादको बाँधमा निसास्सिएको छ जीवनलाई रक्सीको नशामा सम्झौता गर्ने चेष्टामा दुवै मित्रको मित्रता पनि शून्य भएर रहेको छ । जीवनको तितो अनुभूतिको आभाससम्म पनि रक्सीको आधारमा आत्मसात् गरेर विस्मृतिको आनन्दमा डुब्ने चेष्टा देखाई 'शून्यवाद'को मान्यता थाम्ने कुनै आधार पक्ष सकमवरीको जीवन--कहानीको सबल स्तम्भ खडा गर्न नसकी उल्टो प्रतिपादन गर्ने खोजिएको शून्यवाद दर्शनकै पहिरो लगाउने काम भएको छ । दर्शन बोझो तर्कमा मात्र सीमित भएको छ र निराशावादको चरमसीमासम्म यो दर्शनको सूत्र केन्द्रित छ। यसअनुसार उपन्यासकारको पाठकलाई सन्देश प्रदान अकल्याण-कारी भएको छ र यो दर्शन लेखिकाको व्यथित गुनासो र ढिपी मात्र छ। वरी, सुयोग, शिव सबले स्वीकार गरेर प्रेमको सत्ता शून्य छ, सब भौतिक र मानसिक जगत् शून्यवादमा आधारित छ, अतएव शून्य नै दर्शन हो भने वरीले धारण गरेको अस्तित्व पनि शून्यमय हुनुपर्छ । वरी मात्रको के कुरा स्वयं उपन्यासकारको शून्यवाद स्वतः यसअनुसार निरर्थक सावित हुन्छ । किनभने साहित्य आधुनिक र अत्याधुनिक दृष्टिकोणमा एवं यथार्थवाद वा अस्तित्ववादको चस्माले अवश्य हेरिनु पर्छ, तर यो पनि बिर्सनु हुँदैन कि मानिस यन्त्र होइन र मानिसमा सत्य मात्र हुँदैन, शिव र सौन्दय पनि निहित रहन्छ ।

तर पाठकको आँखामा उपन्यासले दर्शन मात्र नबोकेर अरू कुरा पनि सोहोरेको छ । खूब चुरोट तान्ने वरी, रक्सी तन्काउने सुयोग, एक फूलको रूप मन पराउँछे अर्को तरुनीको रूप । सुयोगको फौजी जीवनमा संयोगमा आएको संभोग वर्णन कोकशास्त्र जस्तै नग्न रूपमा पसल्नी र ठिटोको यौन वृत्ति त्यतिकै प्रष्ट रूपमा लेखिकाले स्वतंत्र र स्वच्छन्द रूपमा प्रकट गर्नुभएको छ—उदाहरणार्थ एक ठाउँमा—'उसको नांगो छाती आफ्नो बर्बर हातहरूले चिथोरेर रक्ताम्मे पारिदिन्छु । क्रमशः उसको ओठ, गाला र गर्धन टोकेर रक्ताम्मे पारिदिछु । (पेज ५२)...कंचाडभरि आलो रगतको

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...को ...
...ा हत्केलाहरू उठाउंछे मैले के गरें र उसलाई ?
...चक्कु प्रयोग गर्न परेन (५२) यी अश्लिल वर्णनले
... सुयागवीरको विकृत र पतित चरित्रको बूंदा प्रस्तुत गर्छन्,
...भन्छ "मैले जस जसलाई बलात्कार गरें उनीहरूलाई प्रेम गर्न सकिन र जसलाई प्रेम गर्छु उसलाई बलात्कार गर्न सकिन ।' यही भावनालाई हनन गरेर ऊ कार्यरूपमा परिणत गरेर अगाडि देखाउंछ, र उसको दर्शनप्रति पनि यही वासविकताले अविश्वाश पाठकमा जन्माउंछ । यसैले उपन्यासका पात्रको आदर्श सर्वथा भिन्न छ, लेखिकाको आदर्श (!) विपरीत र पाठकको आदर्शभन्दा ।

तर उपन्यासको सबभन्दा प्रभावकारी खूबी लेखिकाको वर्णन शैलीमा छ, यसको उदाहरणको लागि यो वाक्य नै पर्याप्त छ–"मेरो क्षणहरू हुनसक्छ बसिरहेका थिए, तर म छिटो छिटो हिडिरहें (पेज ९१)। यस बाहेक 'शिरीषको फूल' मा संवादमा कहीं कलात्मकताको निर्वाह र कहीं वर्णन अस्वस्थ एवं साहित्यको हृदयसम्मत मर्यादा वञ्चित भएको छ । 'शिरीषको फूल' ले नेपाली साहित्यमा बौद्धिक उपन्यासको पूर्ति गर्ने जग बसाले पनि यसले ई.सं. १९६६ होइन तर २०२३ वि. सं. नेपाली साहित्यको क्यालेन्डरमा आफूलाई अवश्य पुऱ्याएको छ। दर्शनको एकल्कांटे विचारधाराको प्रादुर्भाव यस उपन्यासले गर्ने साहस गरे पनि–यस अपेक्षा उपन्यासको सर्वतोमुखी विशेषतामा यो अघकल्चो नै ठहर्ने छ । संवेग र आवेशमा दगुरेका वाक्यहरूमा पात्रहरूको अनियन्त्रित मनःस्थिति, 'क्यान्सर लागेको ईश्वर' भनेर अर्धनास्तिक अनियतिवादी उग्र आरोपण कामू र काफ्का आदि बीसौं शताब्दीका दार्शनिकहरूको हास्यास्पद अन्धानुकरण लाग्छ। सम्पन्न भवनभित्रको शिवराज, पढे लेखेकी यौवनारूढ वरीको मानसिक रिक्तता, एक सफल सुयोगवीरको जीवनप्रतिको वैराग्यलाई व्यवहारमा केले विवश गर्छ, भावुक प्राणीबाहेक ती सामाजिक प्राणी पनि हुन् भन्ने तथ्य उपन्यासकारलाई मतलब रहेको छैन र अनावश्यक कल्पित चिन्ताद्वारा (आर्थिक सम्पन्न भएकाले) मनोवैज्ञानिक रूपमा आनन्द प्राप्त गर्ने साधनका खोजमा लागेका यी त्रिकोण फोसिल जस्तै अनुभूत हुन्छन् र उपन्यासको यथार्थ–समाज सापेक्षताको वर्णन लेखिकाको कलममा उत्रिएको छैन र एकहोरो बौद्धिक भावको आधारमा उपन्यास आदि र अन्त हुनु चित्रणको सेरोफेरो नघुमी सोझै गोरेटोबाट गएर भीरको थाप्लोमाथि पुग्नु जस्तै छ, यसैले 'शिरीषको फूल'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Do… by eGangotri Funding: MIDF

पढिसकेपछि निराशाको चरम ग्रन्थी, खुकुरीरम र…
यौन अतृप्ति र बांहिरी उच्छ्वासको आवेदनबाट बल्लतल्ल…
सकमवरीको पूर्वाग्रहग्रसित दर्शनप्रति होइन, स्वस्थ पाठकले कल्पन…
अनुसार ऊ जस्ती नारीको जीवनमा दया र मायाको एक 'टिस' सहानुभू…
मनमा निश्चय नै 'शिरीषको फूल' ले छोड्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

हाम्रा दुइ कथाकारका केही प्रवृत्तिहरू

—ठाकुरप्रसाद पराजुली

हाम्रो यस धवलागिरि अञ्चलका केही साहित्यकारका प्रवृत्तिहरूबारे चर्चा गरौं भन्ने अठोट लिएर कलम उठाएको थिएँ तर ज्यादै छोटो समयभित्र साधन जुट्न सकेन र यो धोको भविष्यको लागि संगाल्दै अहिले म उपलब्ध साधनको आधारमा केवल दुइ कथाकारको परिधिभित्र विचरण गर्दैछु। ती कथाकारहरू हुन् शिवकुमार प्रधान र गोविन्दलाल श्रेष्ठ। अहिले मेरा अगाडि शिवकुमारको 'आकाश गंगा' र गोविन्दलालको 'अधुरो सपना' नामक कथा-संग्रहहरू उपस्थित छन्। हुन त कवि वीरशाली पन्तलाई धवलागिरि अञ्चलले नेपाली साहित्यको प्राथमिक कलामा नै चिनाइसकेको हो तर उनको खोजी र अनुसन्धान हामीबाट हुनसकेको छैन, निश्चय नै यो खेदलाग्दो कुरा हो। त्यस्तै २००७ सालपछि मोहनबहादुर मल्लले आफ्ना थुप्रै उपन्यास नाटकका कोसेलीले हामीलाई साहित्यको मह चटाएका हुन्—जसबाट हामीलाई साहित्यको गोरेटोमा लम्किन प्रेरणा दिलायो त्यसैले उनको साहित्यका मूल्याङ्कन गर्नुपर्ने दायित्व पनि हामीहरूकै काँधमाथि छ, तर अहिले भौगोलिक सीमाको संकुचित घेराबाट मैले आफ्ना कथाकारलाई हेर्नसकेकाले उनीप्रति केवल श्रद्धाको फूलपाती मात्र अर्पण गर्दै म आफ्नो साँगुरो घेराभित्र फर्कन्छु।

नेपाली साहित्यका जीवन कथाकारका कसीमा हेर्‍यौं भने शायद अहिले हाम्रा यी दुइ कथाकारबारे चर्चा उठाउनु व्यर्थ छ। देवेन्द्रराज अधिकारी, शास्त्रदत्त पन्त, कृष्णप्रसाद दुःखी जस्ता अरू पनि नवयुवकहरू नयाँ कथा साहित्यको क्षितिजतिर प्रवेश गर्दैछन्—धवलागिरि अञ्चलले अब यिनीहरूबाट धेरै आशा राखेको छ। किनभने यिनीहरूबाट नै कथाले नयाँ परिधि पाउने आशा गर्न सक्दछ। विशेष गरेर देवेन्द्रराज अधिकारीका कथाहरूमा भाषाको परिष्कार र पात्रका मनःस्थितिहरूको राम्रो विवेचन भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ—यद्यपि शैली र कलात्मक उच्चतामा पुग्
अझै बढी पर्खिरहेको छ । अञ्चलको साहित्यिक जे
हाम्रा यी दुइ कथाकार प्रधान र श्रेष्ठले जे जस्तो योगदान गरे
आफ्नै मूल्य छ ।

हाम्रा यी दुवै कथाकारले सामाजिक सुधारलाई नै सर्वाधिक महत्त्व दिएका छन् । पुरानु रूढि परम्पराप्रति दुवैको विद्रोह छ तैपनि यी कथाकारबाट ग्रामीण समस्या र जीवनका विविध पक्षहरूको उद्घाटनमा हामी जति आशा राख्न सक्दथ्यौं—त्यति यहाँ हामी पाउन सक्तैनौं । अवश्य पनि शिवकुमार प्रधानका पात्रहरू ग्रामीण जीवनलाई लिएर उपस्थित हुन्छन् तर उनीहरूको चालचलनमा ग्रामीण समस्या देखापर्न सक्तैन । उनका प्राय: सबै चरित्रहरू गाउँका रूढि परम्परा बाल विवाह, अनमेल विवाह, जाली र फटहाहरूको थिचोमिचोबाट आफूलाई मुक्त गराउन चाहन्छन् तर उनीहरू आफ्नो ग्रामीण समाजमा परिवर्तन ल्याएर सुधार गर्नमा सक्रिय भाग लिदैनन् बरु आफ्नो दुरावस्था देखाउँदै नागरिक सुखभोग र रमझमतिर नै बढी आकर्षित हुन्छन्—यसरी उनका पात्रहरू आफ्नो नवयुगीन अधिकार उपभोग गर्न नपाएकोमा मात्र रूढि र परम्पराका विरोधी देखिन्छन् तर अनुकुल वातावरण तयार गर्नमा उनका प्राय: समस्त पात्रहरू पलायनवादी देखिन्छन् । गोविन्दलाल आफ्ना कथामा धेरै नागरिक चरित्र-हरूलाई नै अगाडि सार्दछन् । उनको पनि सामाजिक कुरीति उपर असन्तोष छ । उनी विशेष गरेर प्रेम-विवाह र आमा बाबुहरूका बीचको अन्तरलाई चित्रण गर्न बढी सफल देखिन्छन् । नयाँ युवक युवतीहरू आफ्ना जीवन साथीलाई निर्भीक भएर चुन्ने बेला बाबु आमाहरूका संकीर्ण विचारहरू नै तगारो भएर प्रतिबन्ध लगाउन आइपुग्छन्—त्यसैले यस्ता विचारधारामा हाम्रा कथाकार गोविन्दलाल श्रेष्ठ विद्रोह गर्दछन् र उनीहरूमा मानसिक सुधारको आवश्यकतालाई औंल्याउँछन् । यिनका धेरै पात्रहरू नागरिक रमझमतिरका सामाजिक समस्यातिर रंगिए पनि 'चुरोट' कथाका गोठे र सेतीको चरित्रले गाउँले सामान्य जीवन र स्वभावलाई परिचय दिन्छ । ग्रामीण युवकका कतिपय रहरहरूमा जुन भविष्यको कामना रहेको हुन्छ त्यसलाई उनीहरू परिभाषा दिन जान्दैनन् अथवा तद्नुकूल जागरण उनीहरूले पाएका हुन्नन् त्यसैले 'लाहुरे' जीवनलाई नै सर्वाधिक महत्त्व दिदै यसैबाट नै आफ्ना कामना फलीभूत भएको देख्न चाहन्छन् । यही हो हाम्रो सामाजिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

...को प्रत... गाउँका सरल नारी 'गोठे'को पहिलेको सामान्य ...यसैलाई 'लाहूरे'को रूपमा पाउँदा आफ्ना मनःस्थिति-...र्ण गर्दछन्– यस तथ्यलाई गोविन्दलालको चुरोट कथाले ...। विषय वस्तुको दृष्टिले यो कथा सफल पनि छ ..."आशा प्रतिभाको अन्त" शीर्षक कथाले नेपालीहरूको विदेशीने रहरलाई प्रतिनिधित्व गरेको छ तर यी दुवैका कथामा विदेशीनु पर्ने बाध्यता आफ्ना समाजका आर्थिक विवशता नभएर यौवनका व्यक्तिगत चाहनाहरूको परिपूर्तिको नै प्रमुख हुन्छन् । यस दृष्टिले समानता देखिए पनि शिवकुमार नेपाली नारीलाई विदेशमा गरिने अपमान र विवशतादेखि हामीलाई परिचित गराउन अगाडि बढेका छन् । तर जुन चाहना परिपूर्तिका लागि नरेन्द्र र लता विदेशिन्छन् त्यसको मूलमा त्यस्तो सामाजिक अवरोधलाई देखाउन उनको कलम पछि परेकाले कथामा आउनपर्ने प्राण आउन सकेको छैन ।

शिवकुमारका धेरैजसो कथाहरूले आफ्नो उद्देश्यलाई स्पष्टतासाथ अगाडि राख्न सक्तैनन्, उनको रूढि र कुरीतिप्रति भयङ्कर चर्को मतभेद हुँदा हुँदै पनि नयाँ पिंढीप्रति पनि उनको विश्वासको स्पष्ट दृष्टिकोण देखिन्न । उनको "घटनाचक्रको फेर" मा नवलाको पूर्वप्रेमी विजयलाई पछि जुन क्रूर र चरित्रहीनको रूपमा प्रस्तुत गरियो यसले उनको अप्रौढ विचारलाई संकेत गर्दछ । त्यस्तै विधवा भैसकेकी 'नवला'को घरायसी जीवनमा जुन सामाजिक उत्पीडन देखाइएको छ—त्यसको मूलमा कुनै बलियो आधारभित्ति देखा पर्दैन–यो त केवल कथा लम्ब्याउने निहुँ मात्र भयो ।

गोविन्दलालको 'अधुरो सपना' जसको नामबाट संग्रहकै नामकरण गरिएको छ-शीर्षक अनुरूप कथाको निर्वाह हुनसकेको छैन । प्रदीप र सरिता दुवैको चाहना एउटै केन्द्र बिन्दुमा पुगिसकेपछि आफ्ना सपना पूरा गर्नलाई बाटो रोकिइसकेको छैन यसमा अझै उनीहरू संघर्ष गर्न सक्छन् । 'प्रेम मिलन' की शशिकला आफ्नो त्यस्तो कठिन स्थितिमा पनि संघर्ष गर्दै आफ्नो चाहना पूरा गर्छे भने-प्रदीप र सरितालाई आफ्ना उद्देश्य या सपना पूरा गर्न त्यति संघर्ष गर्न पर्दैन । प्रदीपले सरितालाई भगाएर लैजान पनि सक्तछ तर कथाकार शीर्षकको लोभमा कथालाई बीचैमा टुंग्याउंछन्–जहाँ कि टुंगिने ठाउं नै छैन । कथालाई बीचमा यस्तै संघर्ष खडा गरेर अगाडि बढाइन्छ तर परिआएको संघर्षलाई पनि कथाकार आंखा चिलिदिन्छन् । जेहोस् नेपालको ग्रामीण जनजीवनप्रति कथाकी नायिकालाई आकर्षित गराउन सकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा कथाकारलाई धन्यवाद दिनै पर्दछ
कथालाई मीठो बनाएकोमा ।

"मेरो शेरवानी कोटो" उनको अर्को व्यंग्यात्मक
फेसन र आवरणको आधारमा मानिसको प्रतिभा र मूल्यदान गर्ने
विचारधारालाई यसले तीक्ष्ण व्यंग्य गरेको छ । "लोग्नेला
कथाले हाम्रो अविकसित मुलुक र अर्धशिक्षित परिवारका
लोग्ने स्वास्नीका बीच हुनसक्ने संघर्षलाई उद्‌घाटन गराएको छ। वास्तवमा नारी र पुरुष–समाज आफूलाई जतिसुकै युगका साझेदार ठाने पनि जहाँसम्म आफ्ना पूर्वाग्रहदेखि मुक्त हुन सक्तैनन् त्यहाँसम्म स्त्री पुरुषको पारिवारिक जीवन सफल हुन सक्तैन भन्ने तथ्यलाई यस कथाले प्रस्तुत गरेको छ । 'अधुरो सपना"मा संकलित उनका अरू 'प्रेम मिलन' 'सत्याग्रह' र 'घोषित स्वयंवर' कथाहरूले अनमेल र इच्छाविरुद्धको विवाहमा संघर्ष गर्दै यसमा सुधारको आवश्ययकतालाई दर्शाउँछन् ।

शिवकुमार 'आकाश गंगा' मा संकलित कथाहरूमा सामाजिक गहिराईसम्म पुग्नसकेका छैनन् तापनि समाजका विभिन्न पक्षहरूको स्वभावदेखि पनि उनी अपरिचित छैनन् । उनको 'अधूरो प्रेम' कथाले नारी जातिमा रहेको असहिष्णुपना नै वास्तवमा नारी प्रगतिको बाधक भइरहेको तथ्यलाई स्पष्ट गराएको छ । नन्द भाउज्यूकाबीचको ईर्ष्यालु स्वभावदेखि परिचय गराउन यो कथा ज्यादै नजीक छ । त्यस्तै प्रगतिशीलताको नारा दिने व्यक्ति पनि आफ्ना व्यक्तिगत अग्नी–परीक्षाको अगाडि कति विचलित हुन्छन्–यसमा रहेको विचारगत अपरिपक्वताको आधारभूमिलाई कोट्याउँदै शंकालु दृष्टि र संकीर्ण विचार हटाउनलाई नारा होइन मानसिक परिवर्तनको जरुरत छ भन्ने हाँकलाई पनि यस कथाले स्वीकार गरेको छ । कवि र लेखकहरूले आफ्ना प्रतिभाहरूलाई हत्या गर्नुपर्ने विवशताका कारणहरू "अन्धकारको तारो" मा दर्शाइएको छ । अझै पनि यी समस्या हाम्रो समाजमा यथावत् नै छन्–कथा रोचक छ । "त्रिलोक यात्रा" ले ढोंगी र आडम्बरी जोगीहरूको चित्र छर्लङ्ग उतारेको छ र यस्ता वर्गप्रति पाठकको घृणा उब्जाउँदै यसको विरोधमा जनमत संग्रह गर्न पनि यो कथा सफल रहेको छ । यस्तै उनको "उधुको अन्धकार"ले जोइटिंग्रे लोग्नेको अविवेक र सौतेनी व्यवहारको कुपरिमाण देखाएर सद्व्यवहारको पाठ पढाउन लगाएको छ। 'नीरव भरण' मा बाल विवाह र बहु विवाहको परिमाणलाई हाँक दिंदै यसको तीतो फलमा समाजलाई सचेष्ट राख्ने प्रयास गरिएको पाइन्छ ।

[बुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...का प्रवृत्तिमा समानता देखिए पनि दृष्टिकोणमा ...शैली आ–आफ्नै छन् । शिवकुमार नयाँ र पुराना ...लिएका छन् । पौराणिक आदर्शप्रति पनि यिनको केही ...न आधुनिक भौतिक साधन र त्यसबाट पाइने भौतिक ...धहरूसँग पनि उनको उत्तिकै मोह छ, तर गोविन्दलालको ... निश्चित आदर्शमा आग्रह छैन केवल समाजका कुरीति हटाएर यहाँ सुधार ल्याउनु पर्ने आवश्यकतालाई मात्र उनी औंल्याउँछन् । यिनको ...र केवल परम्परागत रूढिमा मात्र होइन राजनीति र सामाजिक ...वस्थाहरूमा पनि अनिवार्य छ भन्दै परस्परका अविश्वास, फूट, कलह ... संघ संस्थाहरूका समानान्तर जस्ता कुप्रवृत्तिहरूलाई पनि उनी व्यंग्य गर्दछन् । चिन्तनमा गोविन्दलालको खास त्यस्तो आग्रह छैन–सामान्य सामाजिक सुधार बाहेक तर शिवकुमार आधुनिक भौतिक उपलब्धिदेखि आफूलाई वञ्चित नराख्दै परम्परागत आदर्शमा अटल रहने विचार लिएर उपस्थित हुन्छन् । तैपनि यी दुइ कथाकारको संझौता एउटै केन्द्रबिन्दुमा गएर हुन्छ–त्यो हो दुवैका लागि सामाजिक सुधारको अनिवार्य आवश्यकता ।

शैली र संगठनको दृष्टिले यी दुइ कथाकार दुइ विपरीत ध्रुवमा उभिन पुग्छन् । शिवकुमार कलात्मक शैली अँगाल्छन् भने गोविन्दलाल व्यंग्यात्मक शैलीलाई । भाषा र शैलीलाई कलात्मक उच्चता दिन खोजे पनि शिवकुमार आफ्नो बाटोमा अलमलिएका छन् । यस्तो भान हुन्छ शिवकुमारले भाषालाई होइन भाषाले शिवकुमारलाई नचाएको छ । संभवतः अनावश्यक विशेषणका शब्दजालप्रतिको मोहले यस्तो भएको हो । त्यसैले शिवकुमार कलात्मक गरिमालाई च्याप्न खोज्दा खोज्दै पनि त्यसको परिष्कारदेखि वञ्चित हुन पुग्छन्; तर गोविन्दलाल यसबाट मुक्त छन् । यद्यपि उनको भाषा र शैलीले कलात्मक गरिमालाई बहन गरेको छैन तैपनि उनी भन्नु पर्ने कुरा सामान्य भाषामा स्पष्टसंग भन्दछन् । शैलीलाई शब्दजालदेखि मुक्त गराएर छोटो रूपमा आफ्नो विचार चट्ट पोख्छन् । यस लाभको साथै हानि पनि उनलाई छ, त्यो के भने–कलात्मक उच्चताको अभावले गर्दा उनका कुनै पनि कथामा प्रौढ विचारको अभाव सँधै खट्किरहन्छ । तैपनि घटना र चरित्रलाई प्रस्तुत गर्ने वातावरण र कथात्मक संगठनको दृष्टिले गोविन्दलाल श्रेष्ठ शिवकुमार प्रधानभन्दा एकतह माथि छन् । यद्यपि उनी पूर्ण सफल छन् भनेर यहाँ दावा गरेको होइन तर समुचा दृष्टिले हेर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Katt...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[illegible] लाई धन्यवाद [illegible] पर्दछ [illegible]
यसमा जति उ [illegible]
संगठनमा रहेका छैनन् । शिवकुमारका पात्रहरू [illegible] खलबलिन्छ कि त्यसरी आकस्मिक रूपमा खलबलिनु [illegible] तयार भैसकेको हुन्न । त्यस्तै उनका सबै पात्रहरू कथाकप्रदान गरे [illegible] मर्दछन् कि त्यसरी मर्नैपर्ने आवेशमा हुनुपर्ने सशक्त तीव्रता [illegible] मर्नु त्यति सजिलो छैन जति कि उनका पात्रहरू त्यहाँ त्यति [illegible] मर्दछन्–त्यसकारण यो उनको महान कमजोरी हो । मनोविज्ञान या मानसिक संघर्षको दृष्टिले यी दुवै कथाकार शून्यमा हस्ताक्षर गर्दछन् । त्यसैले मैले माथि नै उल्लेख गरिसकेको छु–'आधुनिक कसौटीमा चर्चा गर्न व्यर्थ छ' भनेर बरु गोविन्दलाल श्रेष्ठको "नैनीले तक्मा पाइन्" जो यस कथा संग्रहमा संकलित छैन, काठमाण्डौंबाट प्रकाशित "दर्पण" पत्रिकामा प्रकाशित छ–मा केही मानसिक विकारलाई कोट्याउने प्रयत्न भएको छ, तर पूर्ण सफल होइन यस दिशामा केही आभास मात्र । त्यस्तै शिवकुमारको "प्रतिभा र साधनाको अमर स्वरूप" जुन कथा काठमाण्डौंबाट प्रकाशित "सिंहनाद" मा प्रकाशित भएको थियो–मा उनको कलात्मक परिपाक, शैलीमा परिष्कार र कथा र घटनामा अनुकूल संगठन हुनसकेकाले उनको कथा शिल्पको परिपाक त्यहाँ पाइन्छ । तर पूर्वापर संगतिमा उनी अझै पनि चिप्लिएका देखिन्छन्, किनभने उनका अन्धा भैसकेका 'होमर' मध्य रातको टहटह जून लागेको आकाशमा एउटा जाज्वल्यमान नक्षत्र देख्दछन् । भाषा र शैलीको परिमार्जनको दृष्टिले उनको 'अमर दीपमाला' पनि अगाडि आएको छ तर साहित्यिक कोटीमा यसले आफ्नो मूल्य राख्न सक्तैन । आजसम्म उनलाई साहित्यकार या कथाकारको रूपमा परिचय गराउने कृति हो यौटा यही 'होमर' को कथा र अर्को 'आकाश गंगा' कथासंग्रह ।

अन्त्यमा आफ्ना व्यापारीक र राजनीतिक जीवनमा व्यस्त रहँदा रहँदै पनि धवलागिरि अञ्चलमा साहित्यिक जागरण ल्याउन यी दुइ कथाकारहरूले जे जस्तो साधनाले नेपाली साहित्यको उपासना गरे उनीहरूको यो घर्सा त्यसै मेटिएर जानेछैन । धवलागिरि अञ्चल उनीहरूको अभ्यस्त साधनाबाट अझै अरू उपहार पाउने आशा राखिरहेको छ ।

-❀-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. No 2780
Class No 891.4909 Book No BAL
Author
Title

Due on	Borrower's Name	Returned on

891.4909
BAL
2680

...यक
...गिरहेक
...ाउने तथा स
अतृप्त आशा नि
त–नेता राजा
नेपालीको परम

देशले जे
समाप्त हुनसके
रूपमा बांकी
हाम्रो समस्या
कामले नै हाम्र

वास्तवमा
कुराले मात्र दे
प्रशंसाबाट देश
अभावहरू र ख
राणा शासनले
कसैको पनि का
गर्नेको शाही क
कार्यक्रमहरू सफ
सन्तुष्ट भई केवल
पूरा भएको मान्
सामुने राखी
सहयोग समझदार
बढ्न सक्छ ।

यसै मूल उद्देश्यलाई नबिर्सी सबै नेपालीहरूले देश र देशवासीहरूका भलाईको लागि निरन्तर परिश्रम गरून् भन्ने पवित्र भावनाबाट प्रेरित भई राष्टनायक सरकारबाट २०२४ साल वैशाख १ गते बक्सेको नयाँ वर्षको शुभकामनामा हुकुम बक्सेको छ, "हामीहरूले मिलीजुली देश र देशका भावी सन्ततिको मुख उज्यालो पार्ने महत्वपूर्ण अभिभारालाई पूरा गर्न अझै बढी अनुशासित ढंगले अगसर र परिश्रमी हुनु परेको छ ।"

श्री ५ को सरकार सूचना विभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस
स

गॅर

ानमिक
यसैले

मुद्रक: जोरगणेश प्रेस प्राइभेट लिमिटेड, बालाजु औद्योगिक क्षेत्र, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu